कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक ०९ ● 2018 ● काठमाडौं शुक्रबार, असार २९, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# एकै ठाउँमा पारस र हिमानी

पृष्ठ २१ मा



मध्यपृष्ठ
ओशिश के.सी.




## YouTube ट्रेन्डिङ

| क्रम | भिडियो | च्यानल |
|---|---|---|
| १ | यस्तै ताल हो भने | सबिन कार्की विष्ट |
| २ | सञ्जु : रणवीर कपुर टु सञ्जय | फक्सस्टार हिन्दी |
| ३ | दिलबर | टि-सिरिज |
| ४ | मम्मी | गोल्डमाइन्स |
| ५ | डाइनामिक | एक्सन मुभिज |
| ६ | ब्राजिल VS बेल्जियम | फिफाटिभी |
| ७ | साइन्स VS कमर्स | आशिष चञ्चलानी |
| ८ | जेरी र कृष्ण कँडेलले | इन्द्रेणी डटकम |
| ९ | एसएलसी भिएस एसईई | कलेजेज नेपाल |
| १० | अशोक दर्जीको जेठी दिदी | युवा मन नेपाल |

## फोटो अफ दि विक



■ **मोडल पोज** : मोडल सविता कार्की तस्बिरका लागि पोज दिँदै ।



■ **तीन हस्ती** : सांगीतिक क्षेत्रका तीन हस्ति जेम्स प्रधान, नविन के भट्टराई तथा गिरिश खतिवडाको जम्काभेट ।



■ **मातृत्व** : गायिका आगन्तुक खरेल छोरीसँग ।



जबसम्म तपाईंले आफ्नो गल्तीको जिम्मेवारी आफैं लिनुहुन्न, तबसम्म तपाईं कहिल्यै सफल हुनुहुन्न ।

**रोजिना श्रेष्ठ**

यो ज्याद्रो जर्सी यसपाला त जसरी नि फटाउनी अनि अर्को पाला नयाँ लाउनी भनेर रेकर्डिङ गर्दा, डुल्दा, सुत्दा, के–के गर्दा पो लाइएन र हउ ।



**हेमन्त शर्मा**



■ **हट सिर्जना** : चलचित्रमा प्रायः गाउँले भूमिकामा प्रस्तुत हुने अभिनेत्री सिर्जना सुब्बाको आकर्षक मुद्रा ।

## साइबर फिडब्याक

सामाजिक सञ्जालमा विश्वकप फुटबलसम्बन्धी प्राप्त प्रतिक्रिया :

अँ साँच्चै, ती होनहार आत्माहरू कहाँ गए ? जसले यसपालिको विश्वकप जर्मनी, अर्जेन्टिना, स्पेन वा ब्राजिलले जित्छ भनी टिएल जाम पार्थे ।

**मनीष दाहाल**

फिफा विश्वकप १९३८ मा जर्मनी ग्रुप चरणमै बाहिरिएको थियो र १९३९ मा विश्वयुद्ध सुरु भयो । ८० वर्षपछि फेरि त्यही इतिहास दोहोरिएको छ । अब तेस्रो विश्वयुद्ध हुनेवाला छ र जर्मनीलाई रसियाले साथ दिनेछ ।

**उदय**

विश्वकपका किपर ज्यानमारा नेपालका टिपर ज्यानमारा ।

**झापाली स्वितिक**

विश्वकप फुटबल सक्या हो र ? कोही बोल्दैनन् त ? कसले जित्यो ? केही थाहा पाइएन त ?

**सुदीक्षा भुषाल**

फिफा विश्वकप ब्राजिलको पेवा हो र सधैंभरि जित्नलाई ? कहिले त अरू देशले नि जितको खुसीयाली मनाउन पाउनुपर्छ ।

**महादेव भारती**

डाक्टर देशका दलालविरुद्ध लड्दैछन् अनशन बसी, तर दुःखलाग्दो कुरा त हाम्रो देशमा यो छ कि डाक्टर केसी जसका लागि अनशनमा बसेका छन् ती युवाहरू भने आफूले सपोट गर्‍या टिमले विश्वकप जित्ला कि नजित्ला भन्ने चिन्तामा डुबेका छन् ।

**दीपेन्द्र बिष्ट**

ब्राजिल र उरुग्वे दुवै हारेपछि विश्वकप युरोकपमा परिवर्तन भएको छ ।

**प्रमोद खरेल**

विश्वभरिका राष्ट्रहरू खेल्नेलाई विश्वकप भनिन्छ । युरोपका देशहरू मात्र खेल्नेलाई युरोकप । विश्वकप अब युरोकपमा रूपान्तरण भएको छ ।

**प्रदीप**

ज्योतिष शास्त्रको एक नियमअनुसार यो सालको विश्वकप फुटबलमा फ्रान्सको गणित बलियो देखिन्छ ।

**सुनिल सिटौला**

विश्वकप युरोकपमा घट्वा भा'छ क्यारे, त्यसैले होला खास टेस परिरहेको छैन ।

**शिव दाहाल**

रातभरिको अनिदोले ज्यान बिरामी । गर्नैपर्ने केही काममा अवरोध छ । त्यसैले अब विश्वकप नहेर्ने घोषणा ।

**स्वीटी मगर**

अब फाइनल चैं बेल्जियम र क्रोएसियाबीच भएको हेर्ने मन छ, मन भएर के गर्नु ? अधिकांश पण्डितहरू फ्रान्स र इङ्ल्यान्डको पक्षमा छन् ।

**स्वतन्त्र दर्शक**




CTEVT बाट मान्यता प्राप्त C.M.A. २२ औं समूहमा छात्रवृत्ति सहित भर्ना खुल्यो

शैक्षिक योग्यता: SLC / SEE उतीर्ण
प्रवेश परिक्षा मिति: २०७५ श्रावण २१ गते सोमबार, दिउँसो २ बजे
फारम भर्ने अन्तिम मिति: २०७५ श्रावण ११ गते शुक्रबारसम्म

थप जानकारीको लागी:
एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाईजेशन (ECHO)
ललितपुर, लगनखेल, ईखालखु (मछिन्द्रबहाल साइड)
फोन नं.: ५५४२७६५, मो. ९८६९१८६०५४, ९८६०८१०७१८
प्रवेश परिक्षाको तयारी कक्षा संचालन भईरहको छ ।

मंगल होस्



मनोज गजुरेल

# प्रकृतिसँग आत्मसमर्पण

> आपत्कालमा सरकार कुर्नु मुर्खता हो । स्वयम्सेवीलाई पर्खनु गलत हो । भगवान् पुकार्नु अन्धविश्वास हो । आफ्नो जीवनको रक्षा सबैभन्दा पहिले आफैंले गर्नुपर्छ । भाग्य बलियो रहेछ भने सरकार पनि आउला, स्वयम्सेवी पनि देखा पर्लान् ।

सबैलाई थाहा हुन्छ, प्रत्येक वर्षायाममा बाढी आउँछ, बजार डुबाउँछ । पहिरो जान्छ, गाउँ बगाउँछ । जनधनको क्षति हुन्छ । पशुधनको नोक्सानी हुन्छ । यी सबै प्राकृतिक विपत्तिहरू हुन् ।

यद्यपि उस्तै खाले विपत्ति बर्सेनि दोहोरिन्छ भने त्यसलाई चाहिं माननवीय मुर्ख्याइँ मान्नुपर्छ । पहिरो जान्छ भन्ने जानकारी हुँदाहुँदै त्यहीं घर बनाउनु, बाढी आउने थाहा पाउँदा-पाउँदै त्यहीं खेती गर्नु मुर्ख्याइँ मात्र होइन, प्रकृतिसँग निहुँ खोजेको हो ।

मानिसले जहाँ-जहाँ प्रकृतिसंग लड्न खोजेको छ, त्यहाँ-त्यहाँ उसको हार भएको छ । भूकम्पप्रभावित क्षेत्रमा ठूल्ठूला महल ठड्याउनु, बाढीप्रभावित क्षेत्रमा बस्ती बसाउनु, पहिरो सम्भावित क्षेत्रमा बसोबास गर्नु भनेको हार्ने लडाइँमा सहभागी हुनु हो ।

प्राकृतिक विपत्तिमा आफ्नो ज्यानको सुरक्षा आफैं गर्नुपर्छ । अनिकालमा बीउ जोगाउनु, हूलमूलमा जीउ जोगाउनु भनेको यही हो । यो उखान मात्र होइन, हाम्रा पुर्खाको सयौं वर्षको अनुभव हो । जहाज चढ्दा पनि सुन्नुभएको होला, अक्सिजन कम भए पहिले आफूले अनि बालबालिकालाई अक्सिजन मास्क लगाइदिनुहोस् भन्ने कुरा । यसको विज्ञान पनि यही हो ।

आफू सुरक्षित रहियो भने मात्र अरूलाई सुरक्षा प्रदान गर्न सकिन्छ ।

हो, नागरिकको सुरक्षाको जिम्मा राज्यको हो, तर हाम्रो राज्य त्यति बलियो छैन कि सबै आपत्कालमा उद्धार गर्न सकोस् । सरकारमा बस्ने पनि त्यति महान् छैनन् कि जनताको जीउज्यानको सुरक्षालाई पहिलो प्राथमिकतामा राखून् ।

बाँच र बाँच्न देऊ भन्ने भनाइ हामी सबैले सुनैकै छौं । बाँच्न देऊ र बाँच भन्ने कतै सुनिएको छैन । पहिले आफू बाँच्नुपर्छ अनि अरूलाई बचाउनुपर्छ, आफू नबाँची अरूलाई बचाउन सकिँदैन । यो भनाइको सार पनि यही हो ।

आपत्कालमा सरकार कुर्नु मुर्खता हो । स्वयम्सेवीलाई पर्खनु गलत हो । भगवान् पुकार्नु अन्धविश्वास हो । आफ्नो जीवनको रक्षा सबैभन्दा पहिले आफैंले गर्नुपर्छ । भाग्य बलियो रहेछ भने सरकार पनि आउला, स्वयम्सेवी पनि देखा पर्लान् । भगवान्ले पनि पुकार सुन्लान् तर कुर्नु कसैलाई हुँदैन ।

तात्कालिक उद्धारमा आफ्नै पहल गर्न जरुरी छ तर दीर्घकालीन उद्धार राज्यको दायित्व हो । राज्यका बारेमा भने म धेरै भन्न सक्दिनँ । किनभने धेरै जान्ने मान्छे सत्ता, सरकार र प्रशासनमा छन् ।

यद्यपि एउटा अचम्मको कुरा छ– उनीहरूको घैंटामा घाम किन दशा लागे पछि मात्र लाग्छ ? किन विपद्ले घेरेपछि मात्र उद्धारका योजना बनाइन्छन् ? आघौं खडेरी पर्ने पूर्वानुमान गर्ने सरकारले अहिलेदेखि नै त्यसबाट जोगिने उपाय किन पहिल्याउन नसकेको होला ?

यसको चितबुझ्दो जवाफ कतैबाट आए फेरि केही लेखौंला । अहिलेलाई भने यति भनौं, आपत् आउनुअघि नै आत्मसुरक्षाको उपाय अपनाऔं । विपद् पर्नुअघि नै जीवन रक्षाको उपाय खोजौं । हामी जहिले पनि जब पर्छ राति अनि बूढी ताती भन्ने खालका छौं ।

प्राकृतिक विपत्तिबाट जोगिने सबैभन्दा सजिलो उपाय हो, ऊसँग लाप्पा नखेल्ने । जस्तो, सर्पले कहिल्यै कसैलाई खेदेर टोक्दैन । जब उसमाथि आक्रमण हुन्छ, सर्पले आफूमाथि खतरा महसुस गर्छ अनि मात्र टोक्छ । प्रकृति पनि त्यस्तै हो । ऊ हामीलाई सिध्याउँछु भनेर कहिल्यै कसैको पछि लाग्दैन । उसको यात्रामा कुनै अवरोध भयो भने मात्र सर्पले मानिसलाई सिध्याउने हो ।

रूखलाई बढ्न दिनुपर्छ, काट्नु हुँदैन । पानीलाई बग्न दिनुपर्छ, रोक्नु हुँदैन । जमिनलाई स्थिर रहन दिनुपर्छ, खन्नु हुँदैन । हावालाई चल्न दिनुपर्छ, छेक्नु हुँदैन ।

हामी प्रकृतिको यो नियम बुझ्न चाहँदैनौं । बुझे पनि मान्दैनौं । एक-दुई जनाले माने पनि सबैलाई भन्दैनौं । त्यही भएर मानिसले बारम्बार प्राकृतिक विपत्तिको सामना गरिरहनुपर्छ ।

विकासको नाममा बाटो बनाउँदा रूख-बिरुवाको अधिकार खोस्छौं । समृद्धिको नाममा हाइड्रो निर्माण गर्दा खोलाको नियम तोड्छौं । व्यापारको नाममा प्लटिङ गरेर खेतबारीको सतित्व लुट्छौं । जब प्रकृतिमाथिको यातनाले सीमा नाघ्छ तब मात्र प्रकृतिले आफ्नो विद्रोही रूप देखाउँछ ।

विश्वको जलवायु परिवर्तनदेखि सुनामी, बाढी तथा भूस्खलन सबै प्रकृतिले गरेका विद्रोह हुन् । प्रकृतिको विद्रोह रोक्न सकिँदैन, रोकथाम मात्र गर्न सकिन्छ । प्रकृतिको विद्रोहको शान्तिपूर्ण समाधान भनेको प्रकृतिसँग आत्मसमर्पण हो, उसको दोहन होइन– मंगल होस् ।

# करण र विधात्रीबीच कस्सियो लगनगाँठो




उद्योगपति करण चौधरी तथा मोडल विधात्री पोखरेल गत मंगलबार एक समारोहविच वैवाहिक बन्धनमा बाँधिएका छन् । करण र विधात्रीबीच लामोसमयदेखि रहँदै आएको प्रमेसम्बन्ध वैवाहिक बन्धनमा परिणत भएको हो । विवाह समारोह होटल सोल्टी क्राउन प्लाजामा नेपाली परम्पराअनुसार चलेको थियो । परम्पराअनुसार करणले विधात्रीको लगनगाँठो समाएर जग्गे मात्र घुमेनन्, सिन्दूर हाल्ने, माहुर ख्वाउने, जग्गे घुम्ने सबै प्रक्रिया पूरा गरे । यद्यपि बेहुली अन्माउने कार्य भने बुधबार मात्र गरिएको थियो ।

मंगलबार साँझ सोल्टी होटलमा वरवधूलाई बधाई दिनेहरूको घुइँचो लागेको थियो । विवाह समारोहमा आउने जानेहरूको भीडले त्रिपुरेश्वरदेखि कलंकीसम्मको बाटो राति अबेरसम्म जाम थियो । विवाह समारोहमा करिव ४ हजारको सहभागिता रहेको उद्योगपति विनोद चौधरीले बताए । चौधरी परिवार ठूलो संख्यामा आएका नेतादेखि व्यावसायीसम्मलाई स्वगत गर्नमै व्यस्त थियो । विवाहमा वरवधूलाई आशीर्वाद दिन पूर्वप्रधानमन्त्री एवम् नेकपाका अध्यक्ष प्रचण्ड, पूर्वप्रधानमन्त्री एवम् नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराई, कांग्रेस नेता रामचन्द्र पौडेल, तथा शशांक कोइराला, नेकपाका महासचिव विष्णु पौडेल, नेपाल सरकारका उपप्रधानमन्त्रीद्वय ईश्वर पोखरेल तथा उपेन्द्र यादव आदि नेताहरूसमेत उपस्थित थिए ।

विष्णु तारुके




यात्रा सन्दर्भ



किशोर नेपाल



# कर्णालीको कथा

अहिले त विनायक पनि नगरपालिका भैसक्यो । साइघाटमा पक्की पुल बनेपछि कर्णाली सुगम भयो । राम्रो सडकको एउटा फाइदा के छ भने मोटर कुँद्छ । मानिसलाई हल्लाउने र उनीहरूको पेट हुँडल्ने काम गर्दैन । साइघाटबाट उकालो लाग्यो रायनाको जिप । त्यतिखेर सूर्य धमिलिन थालिसकेका थिए । रायना चारैतिर नियालेर हेर्दै थिई । कर्नालीका हल्का नागवेली तस्विर उसको आँखामा चढेका थिए । ढुंगामा कुँदिएको मूर्तिजस्तै । प्रकृतिका रोमाञ्चक दृश्यहरूले उसको पूरै शरीर रोमाञ्चित भैरहेको थियो । ऊ त्यो परको ढुंगामा बसेर ब्वाइफ्रेन्डसँग रोमान्स लडाउन पाए कति मोज हुने थियो ! बेलाबेलामा ऊ तरंगित हुन्थी ।

यताका मानिसहरूको जीवन देखेर रायना लट्ठ परेकी थिई । शोक न सुर्ता भोक न भकारी । न समयको चिन्ता, न दूरीको ज्ञान । 'कति छ विनायक यहाँबाट ?' उसको चालक मानिस देख्यो कि सोधिहाल्थ्यो । जवाफमा कोही ऊ त्यहीँ पर हो भन्थे । कोही एक घन्टा लाग्छ भन्थे । कसैको जवाफमा पनि समानता थिएन । समय आफ्नै चालले निरपेक्ष चलिरहेको थियो । मानिसहरू आफ्नै सुरले समयसँग निरपेक्ष थिए ।

रायना सोच्दै थिई, उसले अहिलेसम्म केही जानेकै रहेनछ । देशको सीमा बाहिरका सहरहरूको दर्जनौं नक्साका बारेमा जानकारी राखे पनि आफ्नै देशको काठमाडौं सहर र त्यसमा पनि दरबार मार्गभन्दा बाहिरको नक्सा यस्तो होला भन्ने त उसले कल्पना नै गरेकी थिइन । फेसबुक भन्यो, ट्विटर भन्यो, पब भन्यो, डान्स भन्यो । सहरका नाममा व्यवस्थित कुवाभित्रको भ्यागुतोभन्दा बढी ऊ केही पनि त रहिनछ ।

उनीहरू विनायकको सानो बजार पुग्दा साँझ झम्किइसकेको थियो । सोलार बत्तीको उज्यालोमा बजारको एउटा पसलमा 'यहाँ खाने र बास बस्ने उत्तम प्रबन्ध छ' लेखिएको साइनबोर्ड टल्किएपछि उसको चालक त्यतै लाग्यो । चालकलाई आफ्नो भन्दा पनि रायनाको चिन्ता थियो । तै पसलको मालिक भलाद्मी निस्कियो । उसले रायनाका लागि आफना छोरीहरू सुत्ने एउटा कोठा खाली गरिदियो र भन्यो-'लौ नानी, थाकेर आउनुभएको होला, अब आराम गर्नुस् । म दाल-भात पकाइ दिन्छु । मीठो-मसिनो पाइँदैन नानी ! गाउँको सुख-दुःख यस्तै हो ।'

साँच्चै थाकेकी थिई रायना । कोठामा पुगेर खाटमा पल्टिनासाथ ऊ झकाउन थाली हाली । निकै बेरपछि कसैले बोलाएको आवाजले ऊ ब्युँझी । हातमा मैनबत्ती बोकेकी एउटी केटी उसलाई खाना खान बोलाउँदै थिई । रायना तल ओर्लिई । हातमुख धोई र खाना खान बसी । तल्लो डुंगेश्वरमा माछा खाएपछि उसको पेटमा केही परेको थिएन । उसले खपाखप दाल-भात खाई । रायोको सागको स्वाद बेग्लै थियो । गोलभेंडाको अचार त झन दिव्य थियो । प्योर अर्ग्यानिक ! कतै कुनै मिसावट थिएन ।

रायना बिहान उठ्दा विनायकमा झलमल्ल घाम लागिसकेको थियो । उठ्नासाथ ऊ तल ओर्लिई । गाउँका मानिसहरू पसलमा झुम्मिएर चियापानमा राजनीतिको गफ गर्दै थिए, 'संविधान त नबन्ने भन्दाभन्दै बन्यो । प्रचण्डले पनि रोक्न सकेनन् । झलनाथ-बाबुरामको त कुरै नगरे भो । कांग्रेस गिरिजा बाबु परलोक गएपछि सुत्न थालेको, निदाएको निदाएकै छ ।'

दृश्यमा रायनाको अचानक प्रवेशले उनीहरू झसंग भए । रायनाले साहूजीसँग सोधी, 'ट्वाइलेट कता छ होला ?' जवाफमा हिजो साँझ हातमा मैनबत्ती बोकेर उसलाई खाना खान बोलाउन आएकी केटी मुसुक्क हाँस्दै आइपुगी र भनी, 'ल, जाऊँ दिदी ।'

रायनाले जीवनमा यस्तो बाथरुमको प्रयोग त के कल्पनासमेत गरेकी थिइन । प्यानमा बस्ने उसको आदत थिएन । जसोतसो रायनाले आफूलाई चर्पीमा एडजस्ट गरी । उसको पेट साफ हुन निमेषभर पनि लागेन । कान्तिपुरमा प्रायः ल्याक्जेटिव्स नभै हुन्नथ्यो उसलाई । तर, अछामको प्योर अर्ग्यानिक खाना ! शरीरमा कुनै समस्या थिएन । हातमुख धोएर फर्किंदा ऊ फ्रेस थिई । ब्रेकफास्टमा भैंसीको प्योर दूध, गहुँको रोटी र सागको तरकारी भेटेपछि अझ फ्रेस भई । हिसाब चुक्ता गर्ने बेलामा त रायनाको फ्रेसनेसले सीमा नै नाघ्यो । उसले र उसको चालकले उपभोग गरेको सुविधाको जम्मा मूल्य थियो मात्रै ६ सय ५० रुपैयाँ !

रायना बेलैमा पुगी मंगलसेन । ऊ त्यहाँको होटलको कोठामा पुग्दा दुई बजेको थियो । उसले सोचेकी थिई, सदरमुकामको होटल हो । सुर्खेतको होटलको जति सुविधा त होला नि । उसको सोचाइ विपरीत त्यस्तो केही थिएन । सफा थियो, त्यति नै हो । होटलमा सामान थन्क्याएर ऊ बजारका नेताहरूसँग भेट्न निस्किई । व्यापार संघका नेताको मोबाइल अफ थियो । होटल संघका नेता मिटिङमा थिए । रायनाले बजारको क्विक सर्भे गरी । यहाँ कमोडिटी मार्केटका कुनै आधार नै थिएनन् । काम सकेपछि ऊ होटलमा आई र होटलवालासँग सोधी, 'कमल बजार कता पर्छ ?'

'त्यो त तपाईंले छोडेर आउनुभयो त दिदी,' होटलवालाले रायनालाई अछामको भौगोलिक नक्सा बताइदियो । रायना निराश भई । उसले आफ्ना बाबा जन्मिएको गाउँ हेर्न नपाउने भई । क्या बोर !

ऊ आराम गर्ने विचारले कोठामा पस्नै लाग्दा एउटा सुपरिचित स्वर उसको कानमा गुन्जियो । यो वरुणको आवाज थियो, उसको फुपूको छोरा वरुण । वरुण नेपाली सेनाको अधिकारी थियो । केही महिनाअघि ऊ आछामको सदरमुकाम मंगलसेन सरुवा भएको थियो ।

'तिमी आएको पनि हल्ला सुनेर थाहा पाउनुपर्ने ? खबर गर्नु पर्दैन ?' वरुण गुनासो गर्दै थियो । यो अनकन्टारमा वरुणलाई भेटेर ऊ दंग परेकी थिई । वरुणले रायनाको बसोबासको प्रबन्ध आफ्नो ब्यारेकको गेस्ट रुममा मिलायो । अफिसर्स मेसमा खानाको इन्स्ट्रक्सन दियो । त्यसपछि उनीहरू वरुणको जिपमा घुम्न निस्किए । रायना वरुणको सामीप्य पाएर चहकिएकी थिई ।

## प्रतिक्रिया




रोल्वालिङको विपन्न शेर्पा परिवारको कथाले मन छोयो (फ्रन्टपेज : आरोही परिवार) । यो वास्तवमै गौरव लायक कुरा हो । आफूले जानेको, सिकेको कुरालाई नै पेसागत रूपमा अँगाल्नु अझ राम्रो हो । आफैं व्यवसाय गर्न खोज्नेहरूका लागि शेर्पा परिवार प्रेरणाको स्रोत भएको छ ।

**वसन्त राना**

जतिसुकै दुःखद भए पनि अतीत भनेको बाँच्ने आधार हो (युवा मन : स्मृतिको लोकमा) । मानिस अतीतमै बाँचिरहेको हुन्छ अनि सुखद भविष्यको कल्पनामा डुबिरहेको हुन्छ । म सुबिनजीको विचारसँग सहमत छु ।

**शान्ता ओझा**

डा. गोविन्द केसीको नाम लिएर कैयौंले राजनीति गरे । मानौं डा. केसीबाहेक देशमा अरू कुनै एजेन्डा नै छैन । सत्तामा बस्दा बेवास्ता गर्ने दलहरू पनि बाहिर आएपछि उनकै नाममा राजनीति गर्छन् ।

**आरएन पाण्डे**

परदेश गैसकेको, झन्डै चलचित्र क्षेत्रबाट हराइसकेको व्यक्ति नेपाल फर्किएर सक्रिय हुनु सुखद हो (अन्तर्वार्ता : त्यो कालरात्रि नै थियो) । अन्य धेरै कलाकारले खनालको जीवनबाट केही सिक्न सक्छन् ।

**रवीन्द्र कोइराला**

एसईईमा उत्कृष्ट हुन सफलहरूलाई शुभकामना (एसईई अब्बलका सपना) । मनमा संगालेका सपना तथा लक्ष्य पूरा हुन् ।

**युजिन शर्मा**

दुर्गेशजी, तपाईंका बारेमा पढेर गज्जब लाग्यो (संगीत : इखले चम्किएका दुर्गेश) । यसरी नै प्रगति गर्दै जानुहोला– बधाई छ ।

**सुनिल राना क्षेत्री, बिरेन, गणेश न्यौपाने तथा युवराज छत्याल**

सुदूरपश्चिममा जन्मिएर मध्यपश्चिममा हुर्किएकी अनिता आफ्नो पहिचान बनाउन संघर्षरत छिन् (टर्निङ प्वाइन्ट) । काठमाडौंमा उनले गरेको संघर्ष खेर जाने छैन । एकदिन पक्कै सफल हुनेछिन् ।

**हरि सापकोटा**

विश्वकप फुटबलसम्बन्धी अधिकारी रवीन्द्रको लेख रमाइलो लाग्यो (समय सन्दर्भ : विश्वकप दर्शन नियमावली–२०१८) । नेपालमा अचम्मका फुटबल प्रशंसक छन् । आफ्नो कारणले अरूलाई असर पुऱ्याउने, कोलाहल मच्चाउने खालका धेरै घटना भैरहेका छन् । यस्तो क्रम रोकिनुपर्छ । आयोजक देशहरूले पनि यतिसम्म गर्दैनन् । नेपालीहरू अनावश्यक क्रियाकलापमा बढी समय खर्चिन्छन् ।

**कृष्ण सागर**

धान दिवसमा आयोजित रेस्लिङ प्रतियोगितालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन सक्नुपर्छ (धान दिवसमा हिले रेस्लिङ) । हिमालयन टाइगर प्रो. रेस्लिङ एसोसिएसनले यतातिर पनि ध्यान दिए हुन्थ्यो ।

**अनिता ओढारी**

यो त पटक्कै सुहाएन (अन्डा हानेर स्वागत) । दक्षिण कोरियाका खेलाडीले सकेको राम्रो खेलेकै हुन् । आफ्नो देश फर्किएका खेलाडीहरूलाई अन्डा हान्नु अनुचित हो ।

**सुजिता थापा**

असिम थपलिया र आकृति थापा दुवैलाई बधाई छ (मिस्टर एन्ड मिस टिन तनहुँ) । यस्तो कार्यक्रममा सहभागी हुँदा पढाइमा चाहिँ असर नपुऱ्याउनुहोला ।

**आशिष सैंजु**

यो गम्भीर विषय हो (चिठ्ठाको चंगुल) । धेरै नेपाली चिठ्ठाको चंगुलमा परेका छन् । चेतना जगाउने यस्ता खालका सामग्रीको बढीभन्दा बढी प्रचार गर्नु जरुरी छ ।

**अजय तिमिल्सिना**

अभिनेत्री आँचल शर्माको निर्णय सही हो (हूलमूला काम नगर्ने) । आफ्नो अलग पहिचान बनाउनु बेस हुन्छ । अरूको नामसँग जोडिएर परिचित हुनुभन्दा आफ्नै प्रतिभा, क्षमताले चिनिनु राम्रो हो । दिगो पनि यही हुन्छ ।

**श्याम पौडेल**

सुशान्त खत्रीजस्ता प्रतिभावान व्यक्तिलाई अवसरको कमी हुँदैन (नेपाली चलचित्रमा काम गर्न तयार छु) । सम्भावना बोकेका यस्ता कलाकारलाई निर्माताहरूले पनि स्थान दिनु जरुरी छ ।

**बसन्त सिंह**

जुही चावलाको कुरा सही हो (आँखा खोल्ने स्टाटस) । उनको ट्वीटको विरोध गर्नुभन्दा यस्ता समस्या कसरी समाधान गर्ने त्यतातिर ध्यान दिन जरुरी छ ।

**अमर अधिकारी**

यो सकारात्मक काम प्रशंसनीय छ (सानो पर्दा : युट्युबबाट समाजसेवा) । सबै मिडियाकर्मीले यस्तै भावना बोक्ने हो भने समाज परिवर्तनमा धेरथोर सहयोग पुग्ने थियो ।

**गरिमा थापा**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# हामी कहिलेसम्म अविवाहित बस्ने

काठमाडौंकी एन्जल लामा बोल्ड र ब्युटिफुल छिन् । १९ वर्षमा पाइला टेकेकी लामा केटाका रूपमा जन्मिइन्, तर उनमा महिलाको स्वभाव र व्यवहार विकसित हुँदै गयो । साढे दुई वर्षअघि तेस्रोलिंगी महिलाका रूपमा खुलेर आउनुअघि समाजका अनेक लान्छना सहँदै, संघर्ष गर्दै अघि बढेकी लामासँग बलियो आत्मविश्वास छ । उनी सफल वकिल बन्न चाहन्छिन् । राजनीतिमा रुचि राख्ने एन्जल उमेरभन्दा परिपक्व देखिन्छिन् । ब्लु डायमण्ड सोसाइटीसँग आबद्ध एन्जलले साप्ताहिकसँग गरेको कुराकानीको सारसंक्षेप :



■ एन्जल लामा, मिस पिंक

**मिस पिंक-२०१८ को उपाधि हात पर्दा कस्तो महसुस गर्नुभयो ?**

समाज तथा घर-परिवारसँग लडेर यो स्टेजसम्म आउने सबै तेस्रोलिंगी मिस पिंक हुन् । सबैले एवार्ड पाएजस्तै हो । म एकदमै खुसी छु– मेरो प्रस्तुतिलाई मूल्यांकन गरेर उपाधि प्रदान गरिएकोमा । थप जिम्मेवारी पाएको महसुस भएको छ । अब नेपालको प्रतिनिधित्व गर्दै मिस इन्टरनेसनल क्विनमा भाग लिन थाइल्यान्ड जाँदैछु ।

**एवार्ड हात पार्दा सबैभन्दा पहिले कसलाई सम्झनुभयो ?**

मैले मेरो हुनेवाला जीवनसाथीलाई सम्झिएँ, जो त्यही कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । मैले यसो फर्केर हेर्दा उहाँलाई छेउमै पाएँ । उहाँकै अनुहारमा मेरो आँखा गयो । मैले जितें है भन्ने भावले हेर्दाको त्यो खुसी व्यक्त गर्न सक्दिनँ । एकदमै खुसीका साथ हेरिरहें । मेरी आमा पनि त्यही हुनुहुन्थ्यो । मामुलाई मैले बोलाएकी थिएँ । उहाँ केही बोल्नै सक्नु भएन । शब्दविहीन हुनुभयो । भावुक बन्नुभयो र ट्वाल्ल पर्नुभयो ।

**तपाईले संकेत गर्नुभएको उहाँका बारेमा अलिकति खुलाउन मिल्छ ?**

उहाँको नाम सौरभ श्रेष्ठ हो । मेरो बाहिरी रूप नहेरी भित्री मनदेखि नै मलाई माया गर्नुहुन्छ, मलाई राम्रोसँग बुझ्नुहुन्छ । म साढे २ वर्षदेखि उहाँसँगको सम्बन्धमा छु । समाज र परिवारका अनेक बाधा, व्यवधानबीच उहाँले मलाई साथ र सहयोग दिनुभयो । दुःखका हरेक पलमा उहाँ मेरै साथमा हुनुहुन्छ । यो कार्यक्रमको तयारी सुरु भएदेखि नै उहाँले मलाई हौसला दिइरहनुभएको थियो । नजिते पनि यो कार्यक्रमको अन्तिम प्रतियोगीमा छानिनु नै ठूलो कुरा हो भनेर ढाडस दिइरहनुहुन्थ्यो ।

**तपाईंहरूको पहिलो भेट सम्झनुहुन्छ ?**

एउटा फेसन शोमा हाम्रो भेट भएको थियो । उहाँको साथी मोडल हुनुहुन्थ्यो । मेरो साथी पनि मोडल थियो । हामी नजिकै थियौं । एकै नजरमा माया बस्यो । हाम्रा निर्दोष आँखाहरू जुधे । हेराहेर भैरह्यो । मलाई उहाँको बोली, हिँडाइ, मुस्कान सबै मन पर्‍यो । मन पर्ने मान्छेको सबै कुरा मन पर्दो रहेछ । दुई हप्तापछि फेरि साथीहरूसँगको भेटघाटका क्रममा हाम्रो दोस्रो भेट भयो । त्यसबीच अलिअलि बोलचाल अनि फोन नम्बर साटासाट भयो ।

**सौरभले तपाईंको कुन कुराको प्रशंसा गर्नुहुन्छ ?**

मेरो मुस्कान र ओठको । तिम्रो मुस्कानमा चार्म छ भन्नुहुन्छ ।

**तपाईंलाई उहाँको कुन पक्ष मनपर्छ ?**

जुनबेला उहाँलाई देखें । वाउ ! मेरो हुनेवाला श्रीमान् यस्तै भैदिए हुन्थ्यो जस्तो लाग्यो । टक्क हेरें, गुणैगुणले भरिएको, कुनै अवगुण देखिनँ । भविष्यमा मेरा लागि यही व्यक्ति सही हुन्छ जस्तो लाग्यो । मलाई हरेक कुरामा उहाँ पर्फेक्ट लाग्नुहुन्छ । म तेस्रोलिंगी महिला भए पनि उहाँ भित्रैदेखि मलाई माया गर्नुहुन्छ, बुझ्नुहुन्छ, हरेक कुरामा साथ दिनुहुन्छ ।

**तपाईंहरूबीचको सम्बन्धलाई घरमा स्वीकार गरिन्छ त ?**

हाम्रो सम्बन्धलाई घरमा शतप्रतिशत स्वीकार गरिएको छ । मेरी र उहाँकी आमाले हाम्रो सम्बन्धलाई स्वीकार गरिसक्नुभएको छ । उहाँहरू दुवै जना मिस पिंकको कार्यक्रममा उपस्थित पनि हुनुहुन्थ्यो । मेरो जितमा उहाँकी आमा एकदमै खुसी भएको पाएँ– आँखाबाट पनि खुसी, मनबाट पनि खुसी । उहाँले आफ्नै सन्तानको जितजस्तै मान्नुभयो । मसँग तस्बिर खिचाउन पनि आउनुभयो । मेरो प्रगतिमा कोही यसरी खुसी हुनु मेरा लागी थप खुसीको कुरा हो ।

**विवाह कहिले गर्ने सोचमा हुनुहुन्छ ?**

आफ्नो खुट्टामा उभिने भैसकेपछि गर्छु, तर कानुनले अवरोध गरेको छ ।

**कानुनले कसरी अवरोध पुर्‍यायो ?**

अदालतले सँगै बस्न अनुमति दिए पनि समलिंगी, तेस्रोलिंगीसँगको विवाहलाई कानुनी मान्यता दिइएको छैन । धारा १२, १४ र ४२ मा अधिकारको कुरा त उल्लेख छ, तर त्यो लागू भएको पाइँदैन । कानुन र यो समाजसँग मेरो गुनासो छ । हाम्रो अगाडि प्रशंसा गरे पनि पछाडि अपहेलना गरिन्छ । मानसिक यातना दिइन्छ । यस्तो कुराले मन दुख्छ । हामी पनि विवाह गरेर सकारात्मक सन्देश दिन चाहन्छौं ।

**आफ्ना सन्तानका रूपमा छोरा वा छोरी के पाउने आशा छ ?**

म सन्तान जन्माउन त सक्दिन । हामीले धर्मपुत्र वा पुत्री ग्रहण गर्नुपर्छ । छोरा-छोरी जे भए पनि समाजका लागि राम्रो व्यक्ति होस् भन्ने चाहन्छु । लिंगलाई होइन स्वभाव र कर्मलाई बढी प्राथमिकता दिन चाहन्छु ।

**तपाईं भर्खर १९ वर्ष पुग्दै हुनुहुन्छ । चाँडै प्रेममा पर्नुभएछ हैन ?**

प्रेममा उमेरको कुनै सीमा हुँदैन । न त यसमा लिंगले नै फरक पार्छ । यही उमेरमा माया बस्नुपर्छ भन्ने पनि छैन । जीवनसाथी अघि वा पछि जहिले पनि फेला पार्न सकिन्छ । कसैले साथ दिन्छ, दिँदैन त्यो त आपसि समझदारी र बुझाइमा भर पर्छ ।

पृष्ठ ७ मा




# विषय छनौटमा सहजता



मिस्ट कलेजबाट कक्षा १२ को परीक्षा दिएर रिजल्टको पर्खाइमा बसेकी धादिङकी जयन्ती गुरुङको लक्ष्य कृषि वैज्ञानिक बन्ने छ । आफ्नो लक्ष्य पछ्याउन उनी राम्रो कृषि क्याम्पसको खोजीमा आइतबार भृकुटीमण्डपमा सञ्चालित काठमाडौं एडुफेयरमा पुगेकी थिइन् । एडुफेयरमा उनले नेपाल तथा भारतका धेरैवटा कृषि क्याम्पसको जानकारी लिइन् । त्यसमध्ये दुईवटा क्याम्पसले उनको ध्यान खिचे । कक्षा १२ को रिजल्ट आएसँगै उनी बिएस्सी एजीका लागि अघि बढ्नेछिन् । त्यसअघि भने ती कलेजमा अध्ययनका लागि गर्नुपर्ने तयारीमा लाग्नेछिन् । 'कृषि पढ्ने मेरो इच्छा हो,' गुरुङले भनिन्, 'यहाँ आएर अब कसरी अघि बढ्ने भन्ने कुरा स्पष्ट भएँ ।'

मेलामा काठमाडौंका आदित्य शाह पनि भेटिए । केएमसीबाट विज्ञानमा १२ कक्षा को परीक्षा दिएर बसेका आदित्यले इन्जिनियर हुने सोच राखेका छन् । उनी आफ्नो सोचलाई साकार बनाउन राम्रो इन्जिनियरिङ कलेजको खोजी थिए । उनले मेलामा आफूले खोजी गरेजस्ता धेरै कलेज फेला पारे । शाहले आफ्नो सोचअनुरूपको कलेजको जानकारी लिनुका साथै ती कलेजमा कसरी एप्लाइ गर्ने भन्ने जानकारी पनि लिए । 'यहाँ आउनुअघि कसरी राम्रो कलेज छान्ने होला भन्ने लागेको थियो ।' शाह भन्दै थिए, 'अब त्यो दुविधा हटेको छ ।' आदित्यसँगै मोरङका रूपेशकुमार यादव पनि मेलाबाट आफूले भविष्यमा पढ्ने विषय तथा रोजाइको कलेजका बारेमा भरपर्दो जानकारी पाएको बताउँदै थिए । 'मैले भारत गएर इन्जिनियरिङ अध्ययन गर्ने सोच बनाएको थिएँ ।' आदित्य भन्दै थिए, 'यहाँ आएपछि भारतका एकसे एक इन्जिनियरिङ कलेजहरूका बारेमा जानकारी पाएँ र एप्लाइ गर्ने तरिका पनि थाहा पाएँ ।' कलेज र विषयका साथसाथै कलेजहरूमा पाइने छात्रवृत्तिका बारेमा पनि आफूले जानकारी लिएको उनले बताए ।

मेलामा पुगेकी १७ वर्षीया इन्दिरा थापाको अनुभव भने अलि फरक थियो । उनी नेपालमै कानुन लिएर पढ्ने सोचका साथ नेपाली कलेजको खोजीमा थिइन् । मेलामा कानुन पढाउने नेपाली कलेज पाइनन् तर भारतीय कलेज भने फेला पारिन् । त्यहाँबाट उनी नेपालको नभए पनि भारतका कलेजहरूको विषयमा जानकारी लिएर फर्किइन् । 'मैले नेपालमा कानुन पढाउने कलेजका बारेमा जान्न चाहेकी थिएँ ।' थापाले साप्ताहिकसँग भनिन्, 'नेपाली कलेज नपाए पनि भारतीय कलेजमा कसरी अध्यापन गराउँछन् र त्यहाँ कसरी भर्ना लिने भन्ने जानकारी पाएँ ।'

मेलामा नेपाली तथा भारतीय कलेजका साथै तेस्रो मुलुकमा पढ्न चाहनेहरूका लागि जानकारी उपलब्ध गराउने परामर्श केन्द्रहरूसमेत थिए । नेपाल भारत, बंगलादेश, अस्ट्रेलिया, युरोप तथा अमेरिका गएर पढ्न चाहनेहरूले एउटै थलोमा जानकारी पाउने स्थलका रूपमा विद्यार्थीले मेलालाई राम्रो सदुपयोग गरेको मार्सी एजुकेसनका फाउन्डर डाइरेक्टर राम टण्डन बताउँछन् । विद्यार्थीलाई विदेश गएर पढ्दा अध्ययनका साथै आर्थिक रूपमा पनि सहज हुने देश छान्न सुझाव दिँदै टण्डन भन्छन्, 'स्वदेशमा पढ्न चाहनेहरूका साथै विदेश पढ्न जानेहरूका लागि एकै स्थानबाट धेरै तथा सही जानकारी प्राप्त गर्ने राम्रो प्लेटफर्म हो यो मेला ।' टण्डनका अनुसार तेस्रो मुलुकमा पढ्न जाँदा फाइनान्सियल सपोर्टका लागि सहज हुने देश छान्नुपर्छ । अमेरिका र अस्ट्रेलिया पढ्न जाने विद्यार्थीका लागि काउन्सिलिङमार्फत सहयोग गरिरहेका टण्डन आइटी, नर्सिङ तथा म्यानेजमेन्ट पढ्न चाहनेहरूले ती देश रोज्नु उपयुक्त हुने सल्लाह दिन्छन् ।

व्यवस्थापन विषयमा नेपालमै नयाँ-नयाँ विषय आइसकेको बताउने किङ्स कलेजका गोकुल क्षेत्री विद्यार्थीको इच्छा र क्षमताअनुसार नेपालकै कलेजहरूले स्तरीय शिक्षा दिन सक्ने दाबी गर्छन् । उनी विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएका वा नेपाली विश्वविद्यालयबाटै सम्बन्धन पाएका कलेजहरूले उत्कृष्ट अध्यापन गराइरहेको दाबी गर्छन् । मेलामा नेपाली विश्वविद्यालयबाट सम्बन्धन लिएका, विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर अध्यापन गराइरहेका, ए लेभल अध्यापन गराइरहेका तथा विदेश पढ्न जाने विद्यार्थीहरूलाई जानकारी दिन १ सयभन्दा बढी कलेज उपस्थिति थिए ।

यो प्लस टु दिएर बसेका विद्यार्थीहरूलाई लक्षित फेयर हो । नेपालमा पढाइ हुने विषयहरूदेखि लिएर भारत तथा अन्य मुलुकमा पढाइ हुने विषयका बारेमा एकै ठाउँमा जानकारी दिने उद्देश्यले यो फेयरको आयोजना गरिएको हो । यहाँबाट विद्यार्थीले गुणस्तरीय शिक्षा लिन नेपाली विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजदेखि विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएका कलेज तथा ए प्लस कलेजहरूका विषयमा जानकारी लिइरहेका छन् । कतिपय विद्यार्थी विदेशमा पढ्न चाहने पनि हुन्छन्, यो उनीहरूले सीधै ती देशका प्रतिनिधिहरूसँग छलफल गर्ने अवसर पनि हो । फेयरहरूले विद्यार्थीलाई आफ्नो क्षमताअनुसारको विषय तथा कलेज छान्न मद्दत पुऱ्याउँछन् ।



**सुमन श्रेष्ठ**, मार्केटिङ एण्ड कम्युनिकेसन हेड, द ब्रिटिस कलेज

विदेश पढ्न जान नचाहने विद्यार्थीले सबैभन्दा पहिले आफ्नो क्षमतामा ध्यान पुऱ्याउनुपर्छ । अस्ट्रेलिया, अमेरिका जाने हो भने आईटी, म्यानेजमेन्ट तथा नर्सिङ पढ्नु उपयुक्त हुन्छ । विदेश पढ्न हामी सबैको आर्थिक अवस्थाले दिँदैन, त्यसैले आर्थिक उपार्जन हुन सक्ने देश छान्न सक्नुपर्छ । अमेरिका वा अस्ट्रेलिया पढ्न जाँदा विश्वविद्यालय तथा कलेजअनुसार फरक-फरक शुल्क लाग्छ । औसतमा भन्ने हो भने १०/१२ लाख खर्च हुन्छ ।



**राम टण्डन**, मार्सी एजुकेसन

एडुफेयर एकै ठाउँबाट विद्यार्थीहरूले आफ्नो इच्छा र क्षमताअनुसारको सही विषय छान्न सक्ने राम्रो प्लेटफर्म हो । यहाँ आएपछि कलेज-कलेज धाइरहनु पर्दैन । यो आफूले चाहेको विषयका बारेमा सही जानकारी प्राप्त गर्ने उपयुक्त माध्यम पनि हो । यहाँ आएपछि अरू पनि विकल्प छन् भन्ने कुरा विद्यार्थीले जानकारी पाउँछन् । अहिले बजारमा नयाँ-नयाँ विषय पनि आएका छन्, ती विषयका बारेमा पनि विद्यार्थीले जानकारी पाउँछन् । स्नातक तहको व्यवस्थापन विषयमा अहिले डिजिटल मार्केटिङ पनि आइसकेको छ भने इन्भेस्टमेन्ट एन्ड इकोनोमिक्स जस्ता विषयले समेत प्रवेश पाएका छन् । त्यस्तै स्नातकोत्तरमा सामान्य व्यवस्थापन देखि लिएर इन्टरप्यानरसिप, प्रो एमबीए, नन प्रोफिटेबल म्यानेजमेन्ट तथा एग्रो बिजनेसजस्ता विषय आइसकेका छन् । विद्यार्थीहरूलाई जीवनोपयोगी यस्ता विषय छान्न प्रोत्साहित गर्नुपर्छ ।



**गोकुल क्षेत्री**, किङ्स कलेज

# विदेश पढ्न जाँदा ध्यान दिनुपर्ने कुरा

नेपालमा विदेश पढ्न जान चाहने विद्यार्थीहरूको ताँती देखिन्छ । पढ्न पाउने कन्फर्मेसन लेटर आयो कि त उनीहरूको दौड पासपोर्टमा दूतावास भिसाको छाप लगाउनतिर हुन्छ । यद्यपि विदेश जानुअघि ख्याल गर्नुपर्ने कुरामा ध्यान नदिँदा धेरै विदेश पुगेर पनि पछुताइरहेका पाइन्छन् । आफैंले जान्नु-बुझ्नुपर्ने कुरा पनि कन्सल्टेन्सीकै भरमा जिम्मा लगाउँदा पनि पछि समस्या हुने गरेको छ ।

विदेशका केही कलेजमा अरू देशका लागि छुट्याइएको विद्यार्थी कोटामा फरक-फरक कन्सल्टेन्सीहरूले फरक-फरक संख्यामा विद्यार्थी पठाइरहेको पाइन्छ, यो अहिलेको सबैभन्दा ठूलो समस्या हो । यहाँबाट जाँदा कोटामा रहेको ढुक्क भए पनि कलेजमा पुगिसकेपछि मात्र उनीहरूले आफूले कलेजमा एड्मिसन नपाएको जानकारी पाउँछन्, जसले गर्दा नेपाल फर्कन पनि समस्या हुन्छ भने पढ्नका लागि तल्लो स्तरको विश्वविद्यालय छान्नुको विकल्प हुँदैन । यी कुरामा विशेष सर्तक रहनुपर्छ । अध्ययनका लागि विदेश जानुअघि सम्बन्धित विश्वविद्यालयले पठाएका कागजात तथा उसको अनलाइनमा भएका कुरा राम्रोसँग हेर्नुपर्छ ।

स्वभावैले नेपालीहरू हतार गर्ने खालका हुन्छन् । सुरुमा हतार गर्ने र पछि पछुताउने स्वभाव धेरैमा हुन्छ । विदेश जाने हतारमा 'क' देखि 'ज्ञ' सम्मका सबै कुरा कन्सल्टेन्सीलाई जिम्मा लगाइन्छ । बुझ्नुपर्ने कुरा के हो भने कन्सल्टेन्सीले कन्फर्मेसन लेटर तयार गरिदिने मात्र हो, तर पैसाको प्रलोभनमा भिसादेखि हरेक कुरामा उनीहरूले लिडिङ गरिरहेका हुन्छन्, जसले गर्दा पैसा नलाग्ने र विद्यार्थी आफैंले गर्न सक्ने काममा पनि अनावश्यक पैसा खर्च भैरहेको हुन्छ ।

अर्को समस्या भनेको विदेश जानुअघि लिएको नो अब्जेक्सन लेटरअनुसारको अध्ययन स्वीकृति र त्यहाँको फरक पढाइ हो । उदाहरणका लागि नेपालमा प्लस टुमा व्यवस्थापन पढी सोहीअनुसारको डिप्लोमा गर्ने नो अब्जेक्सन लेटर लिएर पछि अन्य टेक्निकल विषय पढेको पाइन्छ । यस्ता विद्यार्थीलाई नेपाल फर्किएपछि सम्बन्धित परिषद्ले दर्ता नगर्ने हुँदा उनीहरूले मान्यता पाउँदैनन् ।

नेपाली विद्यार्थी झुक्किने अर्को समस्या भनेको १० + २ सकेपछि सीधै स्नातक तहमा भर्ना हुन पाउनु हो । डिप्लोमामा धेरै वर्ष अध्ययन गर्नुपर्ने हुँदा कतिपय छात्र-छात्रा सिधै माथिल्लो तह अध्ययन गर्न चाहन्छन्, जसका लागि अझ लामो समय लाग्छ ।



# हामी कहिलेसम्म...

पृष्ठ ५ बाट

**तपाईंको नजरमा प्रेम के हो ?**
प्रेम दुई व्यक्तिबीचको पवित्र सम्बन्ध हो । प्रेममै यो संसार अडिएको छ । माया नै नभएको भए यो संसार रोबोटजस्तो हुन्थ्यो । प्रेम नै बाँच्ने आधार हो ।

**विवाहलाई कसरी परिभाषित गर्नुहुन्छ ?**
विवाह एउटा पवित्र सम्बन्ध हो । एक-अर्कालाई साथ दिने बाचा, बन्धन यसमा जोडिन्छ ।

**तपाई समाजमा खुलेर आउनुभएको साढे दुई वर्ष भयो । त्यसअघि के कस्ता समस्या झेल्नुपर्‍यो ?**
तेस्रोलिंगी महिलाको सन्दर्भमा पुरुष भएर जन्मिए पनि सोचाइ, हिंडाइ, लवाइखवाइ महिलाको जस्तो हुन्छ । म किन खुलेर आइन भने मलाई पहिले यस विषयमा केही थाहा थिएन । म भित्रभित्रै आफैंसँग लडिरहेको थिए । म केटा भएर पनि किन केटाप्रति नै आकर्षित भैरहेको छु जस्तो लाग्थ्यो । मलाई लैंगिक पहिचानका बारेमा उति थाहा थिएन । ब्लु डायमण्ड सोसाइटीको सम्पर्कमा पुगेंपछि केही कुरा जान्ने मौका पाएँ । हामी पनि महिलाको पहिरनमा हिंड्न सक्छौं भन्ने कुरा थाहा पाइयो । भित्रभित्रै थुप्रै समस्या बोकेर बाँच्नुपर्ने अवस्था थियो । मानिसहरू मेरो हिँडाइ, बोलाइ आदिप्रति गुनासो गरिरहन्थे । स्कुलमा शिक्षकले त्यो केटी जस्तो केटालाई बोलाऊ त भनेर जिस्क्याउँथे । म एकदमै डिप्रेसनमा परें । मलाई देखेर विद्यार्थी, शिक्षक सबै हाँस्थे । म आमालाई पनि भन्न सक्दिनथें । यही कारणले मेरी आमा र बुबा पनि अलग हुनुभयो । आमालाई अझ बढी तनाव नहोस् भनेर मैले सहेर बसें ।

**किन पहिल्यै खुलेर आउन सक्नुभएन ?**
एकै पटक खुलेर आउन गाह्रो थियो । आफ्नो कुरा कसलाई सुनाउने ? बुझिदिने कोही थिएनन् । साढे २ वर्षअघि म ब्लू डायमन्ड सोसाइटीको सम्पर्क पुगें । त्यहाँ कार्यरत व्यक्तिहरूले परामर्श दिनुभयो । त्यसपछि क्रमशः सहज हुँदै गयो अनि म बिस्तारै खुल्दै गएँ ।

**आफू तेस्रोलिंगी भएको कहिले थाहा पाउनुभयो ?**
जब हिँड्न थालें, स्कुल जान थालें, मनैदेखि म अरूभन्दा भिन्न छु भन्ने लाग्थ्यो । साढे २ वर्षअघि जब म ब्लु डायमण्डको सम्पर्कमा पुगें, तब थाहा भयो म जस्ता व्यक्तिलाई तेस्रोलिंगी भनिदो रहेछ । म दुई-तीन वर्षको छँदा कुर्ताको सलको सारी बनाएर लगाउँथे रे । लिपिस्टिक लगाएर हिँड्थें । भाँडाकुटी र पुतली खेल्न मन लाग्थ्यो । म केटी नै हुँ जस्तो महसुस हुन्थ्यो । कक्षामा पनि केटाहरूभन्दा केटीहरूसँग कुरा मिल्थ्यो ।

**आफू पुरुष नै भैदिए हुन्थ्यो भन्ने लागेन ?**
कहिल्यै लागेन । यदि पुरुष भैदिएको भए मैले यति प्रगति गर्ने थिइनँ । घरमै हुन्थें होला । विवाह गर्थें हुँदा । यो उपाधि पनि जित्ने थिइनँ । म जे छु, जस्तो छु त्यसमै गर्व छ ।

**तपाईंको परिवारमा को-को हुनुहुन्छ ?**
मेरो बुबा, आमा हुनुहुन्छ । आमाले सानो होटल व्यवसाय सञ्चालन गरिरहनुभएको छ । म परिवारको एक्लो सन्तान हुँ ।

**आफ्नो अध्ययन कहाँ पुर्‍याउनुभयो ?**
मैले ललितपुरको पवनप्रकृति स्कुलबाट एसएलसी उत्तीर्ण गरें । त्यसपछि कलेज भर्ना भएँ, तर ११ कक्षा पढ्दा-पढ्दै बीचैमा छोडिदिएँ ।

**किन बीचैमा पढाइ छोड्नुभयो ?**
मलाई गाह्रो भयो । परिवार र कलेजबाट सोचेजस्तो सहायता मिलेन । बाध्य भएर मैले पढाइ छोड्नुपर्‍यो । म पढाइलाई फेरि निरन्तरता दिन चाहन्छु र कानुन पढेर सफल वकिल बन्ने इच्छा छ । यसलाई जसरी पनि पूरा गर्छु ।

**हिजोआज तपाईंको दिनचर्या कसरी बितिरहेको छ ?**
मिस पिंक-२०१८ को उपाधि जितेपछि दौडधुप बढेको छ । जिम्मेवारी पनि थपिएको छ । हरेकजसो कार्यक्रममा सक्रियताका साथ सहभागी भैरहेकी छु । लुकेर बसेका समलिंगी, तेस्रोलिंगी समुदायका साथीहरूलाई हौसला दिन, सचेतना ल्याउन भूमिका खेलिरहेकी छु ।

**थाइल्यान्ड पनि घुम्नुभयो । पासपोर्टका कारण कुनै समस्या भोग्नुपर्‍यो कि ?**
मेरो नागरिकता र पासपोर्टमा सबिन लामा लेखिएको छ । त्यसमा पहिलेको तस्बिर राखिएको छ । थाइल्यान्डको एयरपोर्टमा त मैले कुनै समस्या भोग्नु परेन, तर हाम्रै देशको इमिग्रेसनमा बढी नै केरकार भयो । तपाईंको पासपोर्टको तस्बिर र अहिलेको अनुहार मिल्दै मिलेन । यो त अर्कैको पासपोर्ट हो भनेर दुःख दिइयो । नागरिकता र पासपोर्टमा लिङ्ग लेखिएको ठाउमा मेल, फिमेल र अदर्स लेखेर मात्र पुग्दैन । त्यहाँ वास्तविक नाम पनि लेख्ने व्यवस्था भए सजिलो हुने थियो ।

**सरकारले तपाईंको समुदायका लागि के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?**
समलिंगी, तेस्रोलिंगी विवाहलाई कानुनी मान्यता दिनुपर्‍यो । हामी कहिलेसम्म अविवाहित बस्ने ? त्यस्तै बनेका कानुनहरू पनि लागू हुनुपर्छ ।

नरेन्द्र रौले




# गुगलको संसार



**इन्टरनेटमा केही कुरा खोज्नुपर्‍यो भने हामी गुगललाई सम्झिन्छौं, तर आखिर गुगल के हो त ? गुगल प्रविधिसँग सम्बन्धित एउटा अमेरिकी बहुराष्ट्रिय कम्पनी हो जसले इन्टरनेटसँग सम्बन्धित सेवा एवं उत्पादनमा काम गर्छ, जसमा अनलाइन विज्ञापनका प्रविधि, सर्च इन्जिन, क्लाउड कम्प्युटिङ, सफ्टवेरदेखि हार्डवेयरसम्म पर्छन् । हेरौं गुगलका केहि प्रविधि (उत्पादन) जसले हामीलाई इन्टरनेटको संसारमा काम गर्न सहजता प्रदान गर्दै आएका छन् ।**

### गुगल सर्च

गुगल भन्नेबित्तिकै मानिसको दिमागमा आउने चिज नै सर्च अर्थात् खोजी हो । इन्टरनेटमा केही कुरा खोज्नुपर्‍यो भने गुगलको वेबसाइटमा गएर आफ्नो खोजको विषयसँग सम्बन्धित उपयुक्त शब्द टाइप गरिन्छ । संसारमा इन्टरनेट चलाएर पनि गुगल सर्चको प्रयोग नगर्ने मानिस विरलै होलान् ।

### के-के खोज्न सक्छ गुगलले ?

इन्टरनेटमा भएका सबै कुराको जानकारी गुगलसँग छ भन्दा अत्युक्ति नहोला । गुगल इन्टरनेटको सबैभन्दा ठूलो सर्च इन्जिन हो जसमा दैनिक खोजको संख्या ३ अर्बभन्दा बढी छ । गुगलले हामीले खोज्न चाहेको शब्दअनुसार इन्टरनेटमा रहेका लेखहरू त दिन्छ नै, त्यसका अतिरिक्त भिडियो, तस्विर, नक्सा, समाचार आदिको पनि खोजि गर्ने सामर्थ्य राख्छ ।

### गुगल डक्स, सिट्स र स्लाइड्स

कम्प्युटर प्रयोग गर्ने व्यक्तिले माइक्रोसफ्ट अफिस प्याकेज वा खुला स्रोत सफ्टवेयरको अफिस प्याकेजअन्तर्गत डकुमेन्ट्स (वर्ड), स्प्रिडसिट (एक्सल) तथा प्रिजेन्टेसन (पावरपोइन्ट) को प्रयोग अवश्य गरेको हुन्छ । अफलाइनमा कार्य गरिने यी प्याकेजहरूमा एक कम्प्युटरबाट अर्कोमा सार्दा पेनड्राइभजस्ता स्टोरेज सामग्री प्रयोग गर्नुपर्ने हुन्छ अथवा इमेल प्रयोग गर्नुपर्ने हुन्छ । अझ एउटा फाइलमा एकैपटक एकभन्दा बढी व्यक्तिले लेख्नुपर्‍यो भने असम्भव हुन्छ । यसकै सहजताका लागि गुगलको प्रविधि गुगल डक्स, गुगल सिट्स र गुगल स्लाइड्स उपलब्ध छन् । डकुमेन्ट्सका लागि गुगल डक्स, स्प्रिडसिट्सका लागि गुगल सिट्स तथा प्रिजेन्टेसनका लागि गुगल स्लाइड्स प्रयोग गर्न सकिन्छ ।

इन्टरनेटमा रहेर काम गर्नुपर्ने यी सेवामा एकै समय एकभन्दा बढी व्यक्तिले काम गर्न सक्छन् भने इन्टरनेटको पहुँच भएको जुनसुकै स्थानबाट जुनसुकै समय पनि यी फाइल एक्सेस गर्न सकिन्छ । त्यस्तै यी फाइलहरू एडिट गरेपश्चात् आफैं 'सेभ' हुन्छन्, जसका कारण सेभ गर्न बिर्सदा हुने क्षतिको जोखिम पनि रहँदैन । आफूले प्रयोग गरिरहेको कम्प्युटर वा फोन बिग्रिए पनि यी फाइल सुरक्षित रहन्छन् ।

### जिमेल

जिमेल गुगलले उपलब्ध गराउने संसारकै सबैभन्दा ठूलो इमेल सेवा हो । जिमेलमा प्रति एकाउन्ट १५ गिगाबाइटसम्मको स्टोरेज उपलब्ध हुन्छ भने २५ मेगाबाइटसम्मको फाइल एकै पटक पठाउन सकिन्छ । जिमेल गुगल प्लेस्टोरबाट मोबाइलमा १ अर्ब पटक डाउनलोड भएको पहिलो एप समेत हो ।

### गुगल क्यालेन्डर

सन् २००६ मा सुरु भएको गुगल क्यालेन्डर अहिले एन्ड्रोइडदेखि आइओएससम्ममा पनि उपलब्ध छ । मानिसको समयको राम्रोसँग व्यवस्थापन गर्ने उद्देश्यले प्रारम्भ गरिएको गुगल क्यालेन्डरले 'इभेन्ट' बनाउने सुविधा दिन्छ भने त्यहाँ इभेन्ट सम्झाउन 'रिमाइन्डर' पनि राख्न सकिन्छ । गुगल कन्ट्याक्समा भएका मित्रहरूको जन्मदिन पनि गुगल क्यालेन्डरमा उपलब्ध हुन्छ ।

### गुगल ड्राइभ

गुगल ड्राइभ अनलाइनमा आफ्ना तस्विर एवं विभिन्न फाइलहरू राख्न सबैभन्दा धेरै प्रयोग हुने साधन हो । गुगल ड्राइभले उपलब्ध गराउने १५ गिगाबाइट अनलाइन स्टोरेजमा आफ्ना सामग्रीहरू राख्न सकिन्छ । यसरी राखिएका सामग्री कुनै पनि स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटरमार्फत जहाँ पनि प्रयोग गर्न सकिन्छ । ड्राइभमा राखिएका सामग्रीहरू इमेलमा एट्याचमेन्ट बिनै अरुलाई डाउनलोड गर्न, हेर्न दिन सकिन्छ । १५ गिगाबाइट स्पेस थोरै लाग्छ भने पैसा तिरेर अरु स्पेस किन्न सक्ने सुविधा पनि उपलब्ध छ ।

### युट्युब

फेब्रुअरी २००५ मा सुरु भएको युट्युबलाइ नोभेम्बर २००६मा गुगलले १६ अर्ब ५० करोड अमेरिकी डलरमा किनेको थियो । भिडिओ सेयर गरिने युट्युबमा भिडियो अपलोड गर्ने, हेर्ने, रेट गर्ने तथा च्यानल सब्स्क्राइब् गर्ने आदि अनेकौं सुविधा उपलब्ध छन् । केही प्रक्रिया पुरा गरेपछि युट्युबले हेरिएका भिडियोलाई पैसासमेत उपलब्ध गराउँछ, जसका कारण कतिपयका लागि युट्युब आम्दानीको राम्रो स्रोत पनि भैरहेको छ ।

### गुगल किप

गुगल किपले एकदमै छिटो अनि सहज तवरले नोट राख्ने सुविधा दिन्छ । नोटमा अक्षरहरू, लिस्ट, तस्विर अथवा ध्वनि पनि राख्न सकिन्छ भने रिमाइन्डर राख्ने सुविधा यसमा पनि उपलब्ध छ । गुगल किपले तस्विरमा भएका अक्षरहरूलाई पनि अप्टिकल क्यारेक्टर रिकग्निसनमार्फत पढ्न सकिन्छ ।

### गुगल फोटो

आफ्नो स्मार्टफोनले तस्विर खिच्नुहुन्छ ? गुगल फोटो चलाउनुहुन्न भने तस्विर धेरै भएर फोनको स्टोरेज भरिएर हैरानी त धेरै पटक खेप्नुभएकै होला । गुगल फोटोजले १६ मेगापिक्सेलसम्मका तस्विर 'अनलिमिटेड' रूपमा राख्न स्टोरेज प्रदान गर्छ । त्यस्तै गुगल फोटोजको अर्को विशेषता भनेको यसले दिने 'सर्च' हो । उदाहरणका लागि यदि तपाइंले आफ्नो पासपोर्टको तस्विर खिचेर गुगल फोटोजमा राख्नुभएको छ र 'पासपोर्ट' सर्च गर्नुभयो भने तपाईंको पासपोर्टको तस्विर सहजै अगाडी आउँछ ।

### ब्लगर

ब्लगर गुगलले ब्लग प्रकाशन गर्न उपलब्ध गराउने सेवा हो, जहाँ एउटै ब्लगमा धेरै जनाले योगदान दिन सक्छन् । यी ब्लगहरू गुगलले ब्लगस्पट डट कमको सबडोमेनका रूपमा होस्टिङ गर्छ । ब्लगर अफ्रिकन, अरेबिक, चिनियाँ, हिब्रु आदि कैयौं भाषामा उपलब्ध छ ।

### गुगल प्लस

गुगल बज, गुगल फ्रेन्ड कनेक्ट, अर्कुटपछि सामाजिक सञ्जालको रूपमा गुगलले विकाश गरेको चौथो प्रोजेक्ट हो– गुगल प्लस । यो गुगलको अपेक्षाकृत कम रुचाइएको उत्पादन हो ।

## अब चाहिनेछैन टिभी रिमोट

हामीले टिभी चलाउन प्रयोग गर्ने रिमोट अब छिट्टै बिदा हुने संकेत देखिएको छ । अमेजनले हालै १ सय १२ डलरको फायर टिभी क्युब डिभाइस बजारमा उतारेको छ । उक्त क्युब डिभाइस आर्टिफिसियल इन्टेलिजेन्सको सहयोगले सञ्चालित हुने एलेक्साबाट चल्नेछ । हाल टिभीका लागि जति पनि काम गरिन्छ, ती सबै काम बोलेकै भरमा यसबाट सम्पन्न गर्न सकिनेछ । यद्यपि यसका केही सीमा पनि छन् । फायर टिभी बक्सका साथ घरमा माइक्रोफोन पनि हुनु आवश्यक छ । यसमा कसैले बीचमा एलेक्सा शब्द भन्यो भने टिभी बीचैमा रोकिन्छ ।




## बाइक बिग्रिएमा थर्ड ह्विल

बाटोमा कतै जादा बाइक बिग्रियो भने अब मोबाइल एप प्रयोग गरी सबै सुविधा उपभोग गर्न सकिनेछ । यसका लागि आवश्यक मर्मत, सर्भिसिङ तथा पार्टसका बारेमा जानकारी दिने मोबाइल एप्स 'थर्ड ह्विल नेपाल' उपलब्ध छ ।

आफ्नो मोबाइलमा थर्ड ह्विल्स एप्स डाउनलोड गरे दुईपांग्रे सवारी साधनमा आएका विभिन्न समस्याहरू समाधान गर्न सहयोग पुग्छ । यसका लागि उक्त एप्समा आफ्नो तथा सवारी साधनको विवरण दर्ता गर्नु पर्छ । त्यसपछि चाहिएको समयमा एउटा बटन क्लिक गरेको भरमा सबै समस्या समाधानका लागि सहयोग उपलब्ध हुन्छ । यो एप्स डाउनलोड गर्न प्लेस्टोर तथा एप स्टोरमा गएर थर्डह्विल नेपाल एप्स डाउनलोड गर्नुपर्छ । त्यसपछि दिइएको छोटो फारम भर्नुपर्छ । यसमा बाइक नम्बर दर्ता गरे पछि सेवा प्राप्त गर्न सकिन्छ । त्यसैगरी आधिकारिक वेबसाइट थर्डह्विल नेपाल डटकमबाट समेत यो सेवा लिन सकिन्छ ।

## मोबाइलमा पनि एयरब्याग

कार दुर्घटना भए त्यसमा यात्रुलाई सुरक्षित राख्ने एयरब्याग प्रयोग गरिन्छ । यस्तै प्रकारको एयरब्याग अब मोबाइलमा पनि प्रयोग हुने भएको छ । जर्मनीको एलेन युनिभर्सिटीका विद्यार्थी फिलिप फ्रेन्जेल तथा उनका साथी पिटर मेयरले उक्त एयरब्याग निर्माण गरेका हुन् । उनीहरूले यसका लागि जर्मनीको म्याक्ट्रोनिक्स सोसाइटीबाट पुरस्कारसमेत प्राप्त गरेका छन् । यो मोबाइल एयरब्याग वास्तवमा एक प्रकारको इन्टेलिजेन्ट केस हो । उक्त केसमा स्प्रिङयुक्त ८ वटा आर्म हुन्छन् । कुनै प्रकारले स्मार्टफोन भुइँमा खसे ती आर्म बाहिर निस्कन्छन् र मोबाइललाई फुटनबाट जोगाउँछन् ।



केवल एक प्रश्न

# विश्वकप फुटबलको फाइनल कसरी हेर्ने तयारी गर्नुभएको छ ?

साथीहरूलाई घरमा बोलाएर रमाइलो गर्दै हेर्ने योजना छ।

**टंक तिमल्सिना, गायक**

फाइनल खेल हो, त्यसैले कतै एउटा शान्त रेस्टुराँमा गएर चिसो बियर पिउँदै हेर्ने तयारीमा छु।

**स्यारोन रेग्मी, मोडल**

विश्वकप फुटबल फाइनल १५ जुलाईमा पर्छ, त्यति बेला आर्थिक वर्षको अन्त्यका कारण दौडधुप हुन्छ। तैपनि फाइनल खेल एकजना साथीको घरमा बसेर हेर्ने विचार छ। यसपालि ब्राजिल हारेपछि नमज्जा भयो। यद्यपि अब कुनै तनाव छैन, किनभने आफूले समर्थन गरेको टिम फाइनलमा छैन, त्यसैले जुन टिमले जित्यो त्यो नै आफ्नो टिम हुनेछ।

**अनिलकेशरी शाह, बैंकर्स**

अहिलेसम्मका खेल घरपरिवारका साथमा हेरियो। फाइनल एकदमै रोचक र तीव्र प्रतिस्पर्धाबीच हुने भएकाले नजिकका साथीभाइहरूसँग बसेर रमाइलो गर्दै प्रोजेक्टरमा हेर्ने तयारी गरेको छु।

**प्रह्लाद सुवेदी, गीतकार**

साथीभाइहरूसँग रेस्टुराँमा बसेर रमाइलो गर्दै हेर्ने विचार छ।

**रेखा थापा, अभिनेत्री**

यसपालि म बिरामी भएर घरमै भएकाले एक्लै विश्वकप हेरिरहेको छु।

**शिव परियार, गायक**

आफूले समर्थन गरेको टिम फाइनलमा छैन, तैपनि साथीहरूसँग घरमै बसेर हेर्ने तयारी गरेको छु।

**अञ्जली अधिकारी, मोडल**

आफूले समर्थन गरेको टिमले हारिहाल्यो, त्यसैले फाइनल हेर्ने त्यस्तो खासै मुड छैन।

**इष्टु कार्की, रंगकर्मी**

त्यस्तो खासै तयारी छैन, घरपरिवारसँगै बसेर हेर्छु।

**सरिता लामिछाने, अभिनेत्री**

ब्राजिल आउट भयो त्यसैले फाइनल हेर्ने कुनै तयारी गरिसकेकी छैन।

**वर्षा राउत, अभिनेत्री**

परिवारसँग बसेर रमाइलो गर्दै, हुटिङ गर्दै फाइनल खेल हेर्ने तयारीमा छु।

**पूर्णकला बीसी, गायिका**

चार वर्षमा आउने विश्वकप फुटबलको महाकुम्भलाई हर कोहीले सम्झनालायक बनाउन चाहन्छन्। त्यस्तै म पनि आफूलाई मन पर्ने टिमलाई समर्थन गरेर साथीहरूसँग रमाइलो गर्दै फाइनल खेल हेर्ने तयारीमा छु।

**सृष्टि खड्का, मोडल**

म अहिले अमेरिकामा छु, त्यसैले यसपालिको विश्वकप फुटबलको फाइनल खेल अमेरिकामा भएका साथीभाइ तथा आफन्तहरूसँग बसेर हेर्नेछु।

**अञ्जु पन्त, गायिका**

एकदम एक्साइटमेन्टका साथ बेल्जियमको समर्थन गर्दै साथीभाइहरूसँग बसेर हेर्ने योजना छ।

**सुदर्शन थापा, निर्देशक**

यसपटकको वर्ल्डकप राम्रोसँग हेर्न पाएकी छैन। फाइनलचाहिँ परिवारसँग बसेर हेर्ने तयारीमा छु।

**सोनिया जीआर, अभिनेत्री**

चार वर्षमा एकपटक हुने फुटबलको महाकुम्भ विश्वकप फुटबलको फाइनल साथीहरूसँग ठूलो पर्दामा हल्ला गर्दै हेर्ने तयारीमा छु।

**सूर्य चन्द, सञ्चारकर्मी**

साथीहरूसँग, विथ ड्रिंक्स, साह्रै रमाइलो फिल हुन्छ, समय बितेको पत्तै हुँदैन। आखिर चार वर्षमा आउने महान् पर्व हो– विश्वकप फुटबल।

**उमेश खड्का, कलाकार**

मलाई यसभन्दा पहिलेका विश्वकपमा त्यति साह्रो चासो थिएन। यसपटकको विश्वकपलाई अघिल्ला विश्वकपको तुलनामा अलि बढी चासो दिएको छु। विदेशी खेलाडीहरूको बल खेल्ने तरिका मलाई निकै रोचक लाग्यो। फाइनलचाहिँ साथीभाइसँग रमाइलो गर्दै समूहगत रूपमा हेर्ने योजनामा छु।

**नवीन पौडेल, गायक**

नक्सालस्थित स्टेसन फाइभमा हामी साथीभाइ सँगै बसेर हेर्ने योजना छ।

**प्रदीप भट्टराई, निर्देशक**

उसिनेका परिकार अगाडि राखेर निद्रा नलागोस् भनेर दुई-चार बटा बट्टा छेउमा राखी मनमा मिल्ने आधा दर्जन साथीहरूसँग हेर्ने योजना छ।

**लोकराज अधिकारी, गीतकार**

घरमा परिवारका साथ रमाइलो गर्दै हेर्ने योजना छ।

**हरिमाया भेटवाल, साहित्यकार**

यसपालीको विश्वकप फुटबलको फाइनल दरबारमार्गस्थित लाउन्जको ठूलो पर्दामा हेर्ने तयारीमा छु।


**शिव विक, नृत्य निर्देशक**

म अलि पारिवारिक छु, त्यसैले घरमै ठूलो पर्दामा हजुरआमा, आमा, छोरी तथा श्रीमतीसँग बसेर हेर्छु।

**किशोर घिमिरे, गीतकार**







## ओएस नेपाल म्युजिक एवार्ड-२०१८ का विजेताहरू

| | |
|---|---|
| सर्वोत्कृष्ट आधुनिक गीत - | रमेशराज भट्टराई |
| सर्वोत्कृष्ट भिडियो निर्देशन (आधुनिक)- | निकेश खड्का |
| सर्वोत्कृष्ट महिला नवप्रतिभा (आधुनिक) - | सिर्जना गुरुङ |
| सर्वोत्कृष्ट गायिका (आधुनिक)- | जुना प्रसाई |
| सर्वोत्कृष्ट गायक (आधुनिक)- | अजर जंगम |
| सर्वोत्कृष्ट नवप्रतिभा पुरुष मोडल (आधुनिक)- | रवि सिंह |
| सर्वोत्कृष्ट पप गायक- | उदेश श्रेष्ठ |
| सर्वोत्कृष्ट महिला मोडल (पप)- | सुष्मा अधिकारी |
| सर्वोत्कृष्ट पुरुष मोडल (पप)- | पृथ्वीराज प्रसाई |
| सर्वोत्कृष्ट पप गायक- | विजय लामा |
| सर्वोत्कृष्ट रचना (राष्ट्रिय)- | विष्णु पौडेल |
| सर्वोत्कृष्ट राष्ट्रिय गीत - | सुरज प्रसाई |
| सर्वोत्कृष्ट आधुनिक रचना - | प्रेमसागर पौडेल |
| सर्वोत्कृष्ट आधुनिक संगीत - | दीपकराज विश्वकर्मा |
| सर्वोत्कृष्ट एरेन्जर (पप/आधुनिक)- | पुष्कर सुनुवार |
| सर्वोत्कृष्ट भिडियो सम्पादक (आधुनिक)- | टेकेन्द्र शाह |
| सर्वोत्कृष्ट भिडियो छायाँकार (आधुनिक)- | ज्ञानेन्द्र शर्मा |
| सर्वोत्कृष्ट महिला मोडल (आधुनिक) - | जान्वी बोहोरा |
| सर्वोत्कृष्ट पुरुष मोडल (आधुनिक) - | देवेन्द्र क्षेत्री |
| सर्वोत्कृष्ट मोडल पुरुष (जुरी) - | सनम कठायत |
| सर्वोत्कृष्ट पुरुष नव प्रतिभा (आधुनिक)- | पुण्यम प्रधान |
| सर्वोत्कृष्ट नव-रचनाकार (आधुनिक)- | अनिल पाण्डे |
| सर्वोत्कृष्ट नवप्रतिभा महिला मोडल (आधुनिक)- | सञ्चिता शाही |
| सर्वोत्कृष्ट पप रचना- | डीपी खनाल |
| सर्वोत्कृष्ट पप संगीत- | अनिश श्रेष्ठ |
| सर्वोत्कृष्ट भिडियो सम्पादन (पप)- | आर्यन खड्का |
| सर्वोत्कृष्ट भिडियो निर्देशन (पप)- | प्रविण श्रेष्ठ |
| सर्वोत्कृष्ट भिडियो छायांकर (पप)- | रामकुमार केसी |
| सर्वोत्कृष्ट नवप्रतिभा मोडल (पप)- | बिनु शाक्य |
| सर्वोत्कृष्ट नवप्रतिभा मोडल (पप)- | चक्र बम |
| सर्वोत्कृष्ट पप गायक नवप्रतिभा- | प्राज पौडेल |
| सर्वोत्कृष्ट पप गायिका नवप्रतिभा- | मालती राई |
| सर्वोत्कृष्ट पप गायिका- | अर्पणा श्रेष्ठ |
| सर्वोत्कृष्ट एल्बम- | सुरज कुमार थापा |
| सर्वोत्कृष्ट लोकदोहारी रचना- | एकनारायण भण्डारी |
| सर्वोत्कृष्ट लोकदोहोरी भाका/लय- | किरणबाबु पुन |
| सर्वोत्कृष्ट भोजपुरी गायक- | सन्तोष राज |
| सर्वोत्कृष्ट सेलो गायक- | शुक्र लामा |












**रोजगारीमूलक प्राविधिक तालिमहरूमा**
**छात्रवृत्ति सहित भर्ना खुल्यो**

१. मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant) –१८ महिना
२. भेटेरीनरी जे.टि.ए. (Veterinary J.T.A.) –१८ महिना
३. कृषि/बाली विज्ञान जे.टि.ए. (Agricultural/Plant J.T.A) –१८ महिना

SLC/SEE मा जुनसुकै श्रेणी/ग्रेडमा उत्तिर्ण हुनेले समेत अध्ययन गर्न पाईने।
नि:शुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ।

- फाराम भर्ने अन्तिम मिति: २०७५।०४।११ गते
- छात्रवृत्ति प्रवेश परीक्षा मिति: २०७५।०४।१९ गते
- पूर्ण शुल्कीय कोटा प्रवेश परीक्षा मिति: २०७५।०४।२१ गते

**विशेषता :**
- छात्रावास र यातायातको व्यवस्था
- नि:शुल्क पुस्तकालय

**नोट** : EVENT परियोजनाले यस शैक्षिकशत्रमा दिने छात्रवृत्तिको फारम समेत नि:शुल्क भराईन्छ।

सम्पर्क **कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि.**
(कान्तिपुर टेक्निकल कलेज), बालाजु १६, गंगाहल अगाडि, काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म।
(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ)।

पाँच प्रश्न

# रञ्जित गजमेरसँगको सहकार्यबाट उत्साहित छु



● स्वरूपा आशा, गायिका

**सांगीतिक व्यस्तता कस्तो छ ?**

केहीअघि एउटा नयाँ गीत 'नहुने...' को म्युजिक भिडियो लिएर दर्शकमाझ आएकी छु। त्यसबाहेक म नियमित रूपमा बिहान-बेलुका घरमै रियाज गर्छु।

**नहुने केही छैन गीत लोकप्रिय भएको हो ?**

दर्शकहरूको प्रतिक्रिया हेर्दा त लोकप्रिय भैसक्यो जस्तो लाग्छ। सक्रिय रूपमा प्रत्यक्ष मार्केटिङ गर्न नपाउँदै सकारात्मक प्रतिक्रिया आइरहेको छ। कन्सर्टमा गाएपछि बल्ल यसको वास्तविकता थाहा पाउनेछु।

**रञ्जित गजमेरको संगीतमा गीत गाउने मौका कसरी पाउनुभयो ?**

कन्दरा ब्यान्डका गायक विवेक श्रेष्ठ तथा म प्रशंसकका रूपमा संगीतकार रञ्जित गजमेरसँग भेट्न मुम्बई गएका थियौं। वास्तवमा हामी उहाँप्रति समर्पित एउटा सांगीतिक कार्यक्रम गर्न चाहन्थ्यौं। त्यतिबेला उहाँले 'आज मेरी छोरी आएकी छ भेट्नलाई, के माग्छौ माग मसँग भएको दिन्छु' भन्नु भयो। मैले हिम्मत गरेर 'बाबुजी एउटा गीत' भनें। उहाँले 'एउटा किन, तिमीहरूका लागि म पूरै एल्बम नै गरिदिन्छु यो मेरो आशीर्वाद हो तिमीहरूलाई' भन्नुभयो। त्यसपछि 'नहुने...' गीत तयार भएको हो। अब चाँडै नै उहाँको एकल संगीत तथा कन्दराका गायक श्रेष्ठको सहकार्यमा 'कृति' शीर्षकको एकल एल्बम सार्वजनिक हुनेछ।

**कन्दरासँगको सहकार्य कस्तो हो ?**

कन्दराभन्दा पनि मैले गायक विवेक श्रेष्ठसँग काम गर्ने मौका पाएँ। त्यसपछि कन्दरासँग मिलेर पोखरामा 'ट्रिब्यूट टु द लिजेन्ड रञ्जित गजमेर' शीर्षकको सांगीतिक कार्यक्रम गर्न सफल भयौं।

**सांगीतिक यात्राका क्रममा के-कस्ता गीत गाउनुभएको छ ?**

अस्ट्रेलियाका स्टेजहरूमा धेरै पटक गीत गाउने मौका पाएकी छु। क्रान्ति आले, राजु लामा, निमा रुम्बा, १९७४ एडी, दीप श्रेष्ठदेखि उदित नारायण झासम्मका गायकसँग स्टेजमा सँगै प्रस्तुति दिएकी छु। त्यसबाहेक मुम्बई पुगेर समेत स्टेज प्रस्तुती दिएकी छु। त्यहाँ संगीतकार प्यारेलालले मलाई जोली मुखर्जीसंग गीत गाउने अवसर दिनु भएको थियो। मेलबर्नमा मैले आफ्नै ब्रान्ड पनि चलाएकी थिएँ।

प्रगति



# पलका डेब्यू निर्देशक

अभिनेता पल शहलाई म्युजिक भिडियोमा डेब्यु गराउने निर्देशक को हुन् ? चासोको विषय हुन सक्छ। सन् २०१२ को डिसेम्बर महिनामा 'हनी बनी...' गीतको म्युजिक भिडियो भाइरल हुनुअघि नै पल शाहले गायक श्याम साम्सोहाङको 'तिम्रो यादमा रुम्छु म त' गीतको म्युजिक भिडियोमा अभिनय गरिसकेका थिए। २०१२ कै अगष्ट महिनामा युट्युबमा अपलोड भएको उक्त भिडियोमार्फत पललाई डेब्यु गराउने निर्देशक थिए– विज्ञान राई। कुनै बेला नेसनल टेलिभिजन, तराई टेलिभिजन तथा माउण्टेन टेलिभिजनमा भिजुअल एडिटरका रूपमा सक्रिय विज्ञान राई यतिबेला कुशल भिडियो निर्देशकका रूपमा स्थापित भैसकेका छन्। पछिल्ला पाँच वर्षको अवधिमा राईले १ सय भन्दा बढी भिडियो निर्देशन गरिसकेका छन्, जसमा शिल्पा पोखरेल, वर्षा शिवाकोटी, केकी अधिकारीदेखि पल शाह, निराजन प्रधान आदिले अभिनय गरेका छन्। भरखरै ट्रेन्डिङमा परेको गायिका अञ्जु पन्तको 'नरुनु है...' गीतको भिडियो समेत निर्देशन गरेका राई अहिले चलचित्र निर्देशनतर्फ आकर्षित भएका छन्। हाल स्क्रिप्ट लेखनका क्रममा रहेको वास्तविक घटनामा आधारित एउटा चलचित्र निर्देशन गर्दै राई यही वर्षको अन्त्यसम्ममा रजतपटमा समेत उदाउँदै छन्।

नयाँ पुस्ता

# सुगमकी गायिका छोरी

गायक सुगम पोखरेलकी छोरी एन्जेलिजा पोखरेलले बुवाकै बिँडो थाम्ने निश्चित भएको छ। सानै उमेरदेखि गायनमा रुची राख्ने एन्जेलिजा यतिबेला गायिकाका रूपमा दर्शक तथा श्रोतामाझ आएकी छिन्। एन्जेलिजाले बुवा सुगमकै शब्द तथा संगीतमा 'मलाई उड्न देऊ..' शीर्षकको गीत पाँच वर्षअघि नै रेकर्ड गराएकी हुन्, जसको भिडियो हालै सार्वजनिक भएको छ। भिडियोमा एन्जेलिजा आफैंले अभिनय गरेकी छिन्। अनिल के मानन्धरद्वारा निर्देशित उक्त भिडियोलाई गायक पोखरेलले आफ्नै आधिकारिक युट्युब च्यालनमा अपलोड गरेका छन्। दुई साताको अवधिका उक्त भिडियो ५१ हजार पटक हेरिसकिएको छ।



म्युजिक अपडेट

## ६ स्रष्टालाई पुरस्कार

नेपाली संगीत, लोकनृत्य, लोकनाटक तथा लोकगायन क्षेत्रमा पाँच दशकभन्दा लामो समयदेखि योगदान पुऱ्याउने ६ जना स्रष्टा नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७४ बाट पुरस्कृत भएका छन्। उपराष्ट्रपति नन्दबहादुर पुनले उनीहरूलाई जनही १ लाख रुपैयाँ तथा ताम्रपत्रद्वारा पुरस्कृत गरेका हुन्, जसमा गीतकार किरण खरेल, संगीतकार पुष्परत्न तुलाधर, गायक एलपी जोशी, कलाकार शुभद्रा अधिकारी, नाट्य अनुसन्धानकर्ता प्रा.डा.रामावतार यादव तथा नाट्यकर्मी मदनदास श्रेष्ठ छन्।




## नेपाली मन सार्वजनिक

गायक सुमित खड्काको गायन, शक्ति बल्लभको संगीत तथा कृष्णबहादुर थापा क्षेत्रीको शब्दको राष्ट्रिय गीतहरूको एल्बम 'नेपाली मन' काठमाडौंमा विमोचित भएको छ। विमोचन समारोहमा गायक खड्काले एल्बममा समावेश सबैभन्दा प्यारो, नेपाली मन, गाउँछिन् गीत, जन्मे हुर्के शीर्षकका गीतहरू प्रस्तुत गरेका थिए। एल्बम नेपाली मनमा पाँचवटा गीत समाविष्ट छन्।

## फूलझैं जीवन सार्वजनिक

संगीतकार सन्तोष श्रेष्ठ तथा गीतकार प्रेमप्रसाद राजभण्डारीको गीति एल्बम 'फूलझैं जीवन' सार्वजनिक भएको छ। उक्त एल्बमको विमोचन समारोहमा गायक भविन ढुंगाना, गायक कृष्णभक्त राई तथा गायिका साहिमा श्रेष्ठले एल्बमका गीतहरू प्रस्तुत गरेका थिए। एल्बमका ६ वटा गीतमा भविन, कृष्णभक्त तथा साहिमासहित रामकृष्ण ढकाल, मेलिना राई तथा मनोजराजको स्वर सुन्न सकिन्छ।

## निशाको सधैंलाई

गायिका निशा कँडेलको स्वरमा 'सधैंलाई...' शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। अमन प्रधानको शब्द तथा संगीतको उक्त भिडियोलाई संगीतकार राहुल प्रधानले निर्देशन गरेका हुन्।

## सुशीलाको राष्ट्रिय गीत

पप गायिका सुशीला पाठकले गाएका पहिलो राष्ट्रिय गीत 'म त नेपाली' को म्युजिक भिडियो सार्वजनिक भएको छ। शिलाबहादुर मोक्तानको संगीत तथा अम्बिका गुरुङको शब्दको उक्त भिडियोलाई समन अधिकारीले निर्देशन गरेका हुन्।

## राजेश र जुनुको नयाँ

गायक राजेश पायल राई तथा गायिका जुनु गौतमको स्वरको युगल गीत 'मीठो मीठो' को म्युजिक भिडियो सार्वजनिक भएको छ। येशु थापाले रचना गरेको उक्त गीतलाई अनिष श्रेष्ठले संगीतबद्ध गरेका छन्।

## संगीतकारलाई सम्मान

संगीतकार दीपक शर्मा आफ्नै गृह जिल्ला म्याग्दीमा सम्मानित भएका छन्। बेनीमा जिल्ला युवा समितिले आयोजना गरेको कार्यक्रममा शर्मालाई युवा प्रतिभा सम्मान प्रदान गरिएको हो।

## दृष्टिविहीनप्रति समर्पित

गीतकार तथा संगीतकार नीरप्रसाद गुरुङको शब्द तथा संगीतको 'यो जुनीमा...' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। सुस्मिता राईको स्वरको उक्त भिडियोलाई प्रकाश धितालले निर्देशन गरेका हुन्।

## फिल्मी डायरी

### पोखरामा महोत्सव

पोखरामा सातौं युरोपियन युनियन फिल्म फेस्टिभल सम्पन्न भएको छ। महोत्सवमा कुल ६ वटा फिल्म तथा डकुमेन्ट्री देखाइएको थियो, जसमा युकेको माइ पियोर ल्यान्ड, चेक रिपब्लिकको टाइगर थ्यौरी, लाटभियाको डिफेन्डर्स अफ रिगा, जर्मनीको बर्लिन बेबिलोन, फिनल्यान्डको फिनिस सर्ट्स, फ्रान्सको द ओडस्से थिए। यो महोत्सव असार ३० तथा साउन १ र २ गते नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप, काठमाडौंमा समेत सञ्चालन हुने बताइएको छ।

### रुचाइयो कायराको ट्रेलर

साउन १८ गतेदेखि प्रदर्शनमा आउने चलचित्र कायराको ट्रेलर सार्वजनिक भएको छ। आर्यन र साम्राज्ञी राज्यलक्ष्मी शाह देखिने उक्त ट्रेलरलाई युट्युबमा ८ लाखभन्दा बढीले हेरिसकेका छन् भने झन्डै २ हजार ५ सय सकारात्मक कमेन्ट दिएका छन्। लक्ष्मण रिजालले निर्देशन गरेको चलचित्र कायरालाई बनिष शाह तथा मिलन श्रेष्ठले सम्पादन गरेका हुन्।

### चलचित्र पत्रकारिता पुरस्कार

फिल्मीखबर साप्ताहिकले सविन शाक्य चलचित्र पत्रकारिता पुरस्कारको घोषणा गरेको छ। प्रविशा प्रकाशनद्वारा प्रकाशन हुँदै आएको फिल्मिखबर साप्ताहिकले रंग पत्रकार स्व. सविन शाक्यको स्मृतिमा यो पुरस्कार स्थापना गरेको हो। करिब २५ वर्ष चलचित्र पत्रकारिता गरेका शाक्य उक्त पत्रिकामा नियमित रूपले संलग्न थिए। शाक्यको निधन गत वर्षको असार २३ गते भएको थियो। उक्त पुरस्कारको राशि १० हजार रुपैयाँ रहनेछ।

### दयाहाङको भैरे भनाइ

सूर्य बोहराद्वारा निर्देशित चलचित्र भैरेका अभिनेता दयाहाङ राईले यो चलचित्रको कथाले दर्शकको मन छुनेमा आफु ढुक्क रहेको बताएका छन्। लुटले गोफ्ले नामबाट परिचित गराएझैं भैरेले आफूलाई नयाँ परिचय दिनेमा आफू विश्वस्त रहेको अभिनेता राईको दाबी छ। दयाहाङले यो चलचित्र मेकिङका हिसाबले समेत अन्य चलचित्रभन्दा धेरै फरक रहेको बताए।

### नालापानी सम्पादनमा

तीन महिना लगातार छायांकन गरिएको ऐतिहासिक चलचित्र नालापानी सम्पादनमा पुगेको छ। यो चलचित्रमा नेपाली विरताको गाथा समेटिएको छ। सम्पादनसँगै भिएफएक्सको काम पनि भैरहेको छ। नालापानीको छायांकन आफूले अपेक्षा गरेजस्तै भएको र यो चलचित्र नेपाली चलचित्र उद्योगमा उदाहरणीय बन्ने निर्देशक रिमेश अधिकारीको दाबी छ। नयाँ वर्ष २०७६ मा प्रदर्शन गर्ने लक्ष्य लिइएको यो चलचित्र विभिन्न ऐतिहासिक स्थानहरुमा छायांकन गरिएको हो।



*नाइँ नभन्नु ल-५ को ट्रेलर :* चलचित्र नाइँ नभन्नु ल-५ को ट्रेलर सार्वजनिक भएको छ। विकासराज आचार्यद्वारा निर्देशित चलचित्रको ट्रेलरअनुसार यो प्रेम कथामा आधारित चलचित्र हो। प्रियंका कार्की, दिलीप रायमाझी, केकी अधिकारी, स्वस्तिमा खड्का, बुद्धि तामाङ आदि कलाकारले अभिनय गरेको यो चलचित्रबाट निरुता सिंहले कमब्याक गर्दैछिन्।

### निकिता पदमुक्त

नेपाली कांग्रेस नेतृत्वको सरकारद्वारा चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त निकिता पौडेललाई ओली सरकारले पदमुक्त गरेको छ। मन्त्रिपरिषद्को बैठकले भदौ १४ देखि फागुन २ सम्म देउवा सरकारबाट भएका सबै राजनैतिक नियुक्ति बदर गर्ने निर्णयअनुसार निकितालाई पदमुक्त गरिएको हो। निकिता १५ वर्ष लामो बोर्डको इतिहासमा पहिलो महिला अध्यक्ष हुन्। उनी गत मंसिर २५ गते बोर्ड अध्यक्षमा नियुक्त भएकी थिइन्। निकिताले आफू खुला प्रतिस्पर्धाबाट नियुक्त भएकाले आफूलाई कांग्रेसको नियुक्तिका रूपमा लिन नमिल्ने तर्क अघि सारेकी छिन्।

## सानो पर्दा

### रिसानी माफको २५ भाग

कान्तिपुर टेलिभिजनबाट प्रत्येक मंगलबार राति ७ बजेदेखि प्रसारण भैरहेको हास्य शृंखला रिसानी माफले प्रसारणको २५ औं शृंखला पूरा गरेको छ। शृंखलाले रजत महोत्सव मनाएको अवसर पारेर नगरकोटमा आयोजित एक समारोहमा शृंखलाका कलाकार तथा प्राविधिकहरूलाई मायाको चिनो प्रदान गरिएको छ। कलाकार तथा गायक राजकुमार देवकोटाद्वारा निर्मित उक्त शृंखलाको निर्देशन संचारकर्मी प्रकाश सुवेदीले गरिरहेका छन्। रजत महोत्सवका कार्यक्रममा शृंखलाका कलाकारहरूका साथै दीपाश्री निरौला, जितु नेपाल, केदार घिमिरे, सीताराम कट्टेल, मनोज गजुरेल, कविता शर्मा आदि कलाकारहरू पनि सहभागी थिए।



### आरजे-भिजेमै लोकप्रिय

श्याम अर्याल कुशल टेलिभिजनकर्मी तथा सञ्चारकर्मी हुन्। डेढ दशकअघि पोखराको रेडियो अन्नपूर्णबाट पत्रकारिता प्रारम्भ गरेका अर्यालले त्यतिबेला नेपाल टेलिभिजन तथा नेपाल वान टेलिभिजनका लागि पोखरा डटकम शीर्षकको कार्यक्रम तयार पारेका थिए। अर्याल पछिल्लो एक दशकयता इमेज च्यानल तथा इमेज एफएममा कार्यक्रम निर्माता तथा प्रस्तोताका रूपमा सक्रिय छन्। अर्यालले पाँच वर्षसम्म तराई टेलिभिजनमा सञ्चालन गरेको चलचित्रसम्बन्धी कार्यक्रम 'सिल्भर स्क्रिन' दर्शकले मन पराएका थिए। पछिल्लो समय उनी नेपाल टेलिभिजनबाट प्रसारण हुने मनोरञ्जनात्मक कार्यक्रम 'चित्रपट' तथा इमेज च्यानलमा 'पेज थ्री' मार्फत साताको दुई पटक दर्शकमाझ पुगिरहेका छन्। पेज थ्री कार्यक्रम प्रत्येक मंगलबार राति ८ बजेदेखि प्रसारण हुन्छ भने चित्रपट प्रत्येक शनिबार राति ७:२५ देखि प्रसारण भैरहेको छ। रेडियो तथा टेलिभिजन कार्यक्रम प्रस्तुतिमा आफ्नै छवि बनाएका आर जे/भिजे अर्यालले हालै छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार प्राप्त गरेका छन्।

## ट्रेलर/गीत/पोस्टर

### सुकुलगुन्डाको पोस्टर

साउन ११ गते प्रदर्शनमा आउने चलचित्र सुकुलगुन्डाको पोस्टर सार्वजनिक भएको छ। महेश मुडभरीको यो चलचित्रको पोस्टरमा मुख्य कलाकारहरू जीवन लुइँटेल, खुश्वु खड्का, सुशील पोखरेल आदिलाई समावेश गरिएको छ। मधुसूदन भट्टराईले निर्देशन गरेको चलचित्र सुकुल गुन्डामा श्रीदेव भट्टराई पनि महत्वपूर्ण भूमिकामा देखिँदैछन्।




### मिस्टर भर्जिनको ट्रेलर

भदौ १ गते प्रदर्शनमा आउने चलचित्र मिस्टर भर्जिनको ट्रेलर सार्वजनिक भएको छ। हास्य विधाको यो चलचित्रको ट्रेलरमा तीन भर्जिन युवा गौरव पहारी, विजय बराल र कमलमणि नेपालसँगै यौनकर्मीको भूमिकामा मरिश्का पोखरेल प्रस्तुत भएकी छिन्। चलचित्र मिस्टर भर्जिनलाई विशारद बस्नेतले निर्देशन गरेका हुन्।

### कहीं कतैको ट्रेलर

साउन २५ गते प्रदर्शनमा आउने चलचित्र कहीं कतैको ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा सोनम बरफुङ्पा, सिवानी गिरी, दिलीप रायमाझी, किशोर खतिवडा, उमा गिरी आदिलाई समेटिएको छ। ट्रेलरले चलचित्र केही रोमान्टिक त केही वियोगको कथामा आधारित भएको प्रष्ट पार्छ। कहींकतै सवीर श्रेष्ठको लेखन तथा निर्देशनमा तयार भएको हो।

### कथा काठमान्डुको फस्टलुक

चलचित्र कथा काठमान्डुको फस्टलुक पोस्टर सार्वजनिक भएको छ। असोज १२ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रको पोस्टरमा प्रमुख तीन जोडी देखिएका छन्। अभिनेत्री प्रियंका कार्कीको रोमान्स प्रमोद अग्रहरीसँग छ भने सँगै अभिनेता संजोग कोइराला र सन्ध्या केसीको जोडीलाई पनि देखाइएको छ। निर्देशक संगीता श्रेष्ठका अनुसार यो चलचित्रमा तीन भिन्न कथालाई बुनेर एउटा सिंगो कथा बनाइएको छ। चलचित्रको पटकथा निर्देशक श्रेष्ठ स्वयम्को हो।

### अमेरिकन बाबु मेड इन नेपाल

अमेरिकामा छायांकन गरिएको चलचित्र अमेरिकन बाबु मेड इन नेपालको ट्रेलर सार्वजनिक भएको छ। अमेरिकामा बसोबास गर्दै आएका नेपालीहरूको कथामा बनेको यो चलचित्रलाई ईश्वर थापाले निर्देशन तथा सम्पादन गरेका हुन्। नन्दिता केसी, इशान ढकाल, प्रवेश उप्रेती पौल, राजेश गुरुङ, बाबु बोगटी, किशन थापा, स्मृति पोखरेल, जाङ्गु शेर्पा आदि कलाकारले अभिनय गरेको यो चलचित्र न्युयोर्कमा ९ सेप्टेम्बर तथा ब्रानफर्ट सिटीमा १६ सेप्टेम्बरमा प्रदर्शन हुने बताइए पनि नेपालमा प्रदर्शन हुने मिति तय भैनसकेको बताइन्छ।

### चक्करमा बेडरुमको कथा

अनुष्का रौनियार निर्देशित चलचित्र चक्करको दोस्रो ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा यौन तथा अपराधको मिश्रण छ। अभिनेता अर्पण थापाले आफ्नो अनुहारमा ब्यान्डेज लगाएका छन् भने अभिनेत्री ऋचा शर्मा प्रहरी अधिकृतको भूमिकामा देखिएकी छिन्। ट्रेलरमा लिड कलाकारद्वय एभोनराज उप्रेती र अर्पणबीच द्वन्द्व देखिन्छ। ट्रेलरमा प्रस्तुत सिर्जना सुब्बा र स्मृति पोखरेलको इन्टिमेट दृश्यले चलचित्रको कथामाथि केही सस्पेन्स सिर्जना गर्छ। साउन ४ गते प्रदर्शनमा आउने यो चलचित्रको सम्पादन निर्देशक रौनियार स्वयम्ले गरेका हुन्।

### रोमियो एन्ड मुनाको गीत

सृष्टि श्रेष्ठ तथा विनय श्रेष्ठ अभिनीत चलचित्र रोमियो एण्ड मुनाको एउटा स्याड गीत सार्वजनिक भएको छ। उक्त गीतको भिडियोमा विनय र सृष्टि एकअर्कासँग बिदा भएर घर फर्कँदैछन्। कालीप्रसाद बास्कोटाको संगीतको यो गीतलाई काली र एकतारेले मिलेर लेखेका हुन् जसमा भारतीय गायक गौरव डगावकरको स्वर सुन्न सकिन्छ। नरेशकुमार केसीद्वारा निर्देशित चलचित्र रोमियो एन्ड मुनामा सुष्मा कार्की, सुरक्षा पन्त तथा प्रज्वल सुजल गिरीको समेत अभिनय छ। यो चलचित्र साउन ११ गते प्रदर्शनमा आउँदैछ।



बलिउड

# शाहरूखकी हट छोरी

अभिनेता शाहरूख खानकी छोरी सुहाना खानले बलिउडमा डेब्यु गर्ने चर्चा चल्दै आए पनि अहिलेसम्म उनले कुनै पनि चलचित्रमा काम गर्ने निधो भैसकेको छैन । यसै क्रममा सुहानाले हालै एउटा तस्बिर सार्वजनिक गरेकी छिन्, जुन अहिले इन्टरनेटमा भाइरल भैरहेको छ । उक्त तस्बिर हेर्ने धेरैले सुहानाको फिगरको प्रशंसा गरेका छन् । भाइरल तस्बिरमा सुहाना स्टाइलिस बिकिनीमा देखिएकी छिन् । अध्ययन सकिएपछि फुर्सदमा रहेकी सुहानाको यो क्रियाकलापले उनी चलचित्रमा काम गर्न इच्छुक रहेको देखाउँछ । तैपनि चलचित्र आउने-नआउने विषयमा उनले कुनै ठोस निर्णय भने लिइसकेकी छैनन् ।

# बलिउड जोडीका उमेर अन्तर

बलिउडमा केही यस्ता जोडी छन् जसको उमेरको फरक ६ महिनादेखि २८ वर्षसम्म छ ।



कबिर बेदी उमेरले ७० कटिसकेका छन् । बेदी यस्ता अभिनेता हुन् जसले आफूभन्दा २८ वर्ष कान्छी महिलासँग विवाह गरे । बेदीले प्रविण दोसाँझसँग ७० वर्षको उमेरमा सन् २०१६ मा विवाह गरेका थिए । प्रविण कबिरकी छोरी पुजाभन्दा कान्छी छिन् ।

सोहा अलि खान आफ्ना श्रीमान कुणाल खेमुभन्दा ५ वर्षले जेठी छिन् ।

दिलीप कुमारले सायरा बानोसँग सन् १९६६ मा विवाह गरेका हुन्, जतिबेला दिलीप ४५ वर्षका थिए भने सायरा २२ वर्षकी थिइन् ।



अजय देवगण र काजोलबीच ५ वर्षको फरक छ भने नवविवाहित जोडी सोनम कपुर र आनन्द आहुजाबीच २ वर्ष मात्र फरक छ ।



अभिनेता सहिद कपुरले आफूभन्दा १३ वर्ष कान्छी युवती मीरा राजपूतसँग सन् २०१५ मा विवाह गरेका थिए ।

क्रिकेटर विराट कोहली तथा अभिनेत्री अनुष्का शर्माको उमेरमा ६ महिनाको फरक छ ।

अभिनेता अभिषेक बच्चन आफ्नी श्रीमती ऐश्वर्या राय बच्चनभन्दा २ वर्षले कान्छा छन् ।

निर्देशकबाट अभिनेता बनेका फरहान अख्तरले सन् २००६ मा आफूभन्दा ६ वर्षले जेठी अधुना भवानीसँग विवाह गरेका थिए । उनीहरूको वैवाहिक सम्बन्ध लामो समय भने टिक्न सकेन ।

सैफ अली खानले सन् २०१२ मा आफूभन्दा १२ वर्ष कान्छी करिना कपुरसँग विवाह गरे । सैफकी डिभोर्सी श्रीमती अमृता सिंह उनीभन्दा १२ वर्ष जेठी थिइन् ।



सञ्जय दत्तले आफूभन्दा १९ वर्ष कान्छी मान्यतासँग विवाह गरेका छन् ।



अमिर खानले जेठी श्रीमती रिना दत्तसँग डिभोर्स भएको चार वर्षपछि सन् २००५ मा ९ वर्ष कान्छी किरण रावसँग विवाह गरे ।

२० वर्षको वैवाहिक जीवन टुंग्याएका अभिनेता अर्जुन रामपाल मेहर जेसिकाभन्दा दुई वर्ष कान्छा थिए । नायिका शिल्पा शेट्टी आफ्ना श्रीमान राज कुन्द्राभन्दा तीन महिना जेठी छिन् ।



बलिउडका पुराना अभिनेता धर्मेन्द्र र हेमा मालनीको उमेरमा पनि फरक १३ वर्ष छ । अभिनेता रितेश देशमुख र जेनिलिया डेसुजाको उमेरमा ९ वर्षको फरक छ ।



अभिनेत्री विपशा बसु आफ्ना श्रीमान् करन सिंह ग्रोवरभन्दा ४ वर्ष जेठी छिन् ।

*(एजेन्सीको सहयोगमा)*



# धुम-४ मा सलमान

सलमान खानको रेस-३ ले पूर्वानुमान अनुसार व्यापारमा कुनै धमाका मच्चाउन सकेन । कमजोर व्यापार गरे पनि यसले सलमानको स्टारडममा भने रत्तिभर फरक पारेको छैन । बलिउडमा उनको माग बढ्दो छ । हालै सलमान खानलाई आदित्य चोपडाले निर्माण गर्ने चलचित्र धुम-४ का लागि फाइनल गरेको बताइएको छ । सूत्रका अनुसार सलमानले समेत उक्त चलचित्रमा काम गर्ने पक्का गरिसकेका छन् । आदित्यले यो चलचित्रमा राम्रै लगानी गर्ने सोच बनाएका छन् । यति मात्र होइन, धुम सिरिजको यो सिक्वेल सबैभन्दा महँगो चलचित्रसमेत हुने भारतीय मिडियाले बताएका छन् । आगामी वर्ष छायांकन प्रारम्भ गरी २०२० मा प्रदर्शन गर्ने लक्ष्य राखिएको धुम-४ का अधिकांश दृश्य दुबईमा हुने बताइएको छ । धुम-४ मा सलमानसँग रणवीर सिंहले समेत काम गर्नेछन् ।




थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)

SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

विकेन्ड गेम



# विश्वकप फुटबल लाइभ@रेस्टुराँ

रसियामा जारी २१ औं विश्वकप फुटबल प्रतियोगिता अन्तिम चरणमा छ। चरणमा प्रवेश गरेको छ। विश्वकपको ट्रफी कसले उचाल्ला ? सर्वत्र चासो छ। ठूलो पर्दामा विश्वकप फुटबलको फाइनल लाइभ हेर्ने रहर धेरैलाई हुन्छ। काठमाडौं र उपत्यकाबाहिर धेरै लाउन्ज तथा रेस्टुराँले विभिन्न अफर प्रदान गर्दै विश्वकपको फाइनल हेर्ने व्यवस्था मिलाएका छन्।

## होटल याक एन्ड यति

दरबारमार्गस्थित होटल याक एन्ड यतिको पियानो बारले ठूलो पर्दामा विश्वकप फुटबलको फाइनल खेल हेर्ने व्यवस्था मिलाएको छ। पियानो बारमा एकैपटक १ सय २० जनाले लाइभ हेर्न सक्छन्। यहाँ सबैका लागि प्रवेश खुला छ। होटल याक एन्ड यतिकी पिआर एन्ड मार्केटिङ एसिस्टेन्ट म्यानेजर मार्सिया अधिकारीले दिएको जानकारीअनुसार २ हजार रुपैयाँभन्दा बढी रकम खानामा खर्च गर्नेहरूका लागि विभिन्न लक्की ड्रको व्यवस्था गरिएको छ भने कतार एयरवेजका तर्फबाट आउने-जाने टिकटसमेत जित्न सकिन्छ।

**प्रवेश :** निःशुल्क

**स्थान :** होटल याक एन्ड यति, दरबारमार्ग

## किङ्स लाउन्ज, दरबारमार्ग

दरबारमार्गस्थित किङ्स लाउन्जले विश्वकप फुटबल लाइभ देखाइरहेको छ। २०x११ फिटको एचडी स्क्रिनमा खेल हेर्दै लाइभ म्युजिक सुन्न सकिने यो लाउन्जमा चाइनिज, थाई, इन्डियन, नेपाली तथा कन्टिनेन्टल परिकारहरू उपलब्ध छन्।

## द नेस्ट, सात घुम्तीचोक, ठमेल

द नेस्टमा विश्वकप फुटबलको फाइनल खेल लाइभ हेर्ने व्यवस्था छ। यहाँ १ सय १० इन्च तथा १ सय ४० इन्चका दुईवटा प्रोजेक्टरमार्फत खेल हेर्न सकिन्छ। १ सय ५० जनाको क्षमतायुक्त द नेस्टको प्रवेश शुल्क १ हजार रुपैयाँछ। त्यसमा उपभोक्ताले आफ्नो रुचिअनुसार बियर वा जुस निःशुल्क प्राप्त गर्नेछन्।

## स्काई लाउन्ज, हात्तीसार

स्काई लाउन्जले प्रोजेक्टरका माध्यमबाट विश्वकप फुटबलको फाइनल देखाउँदैछ। १ सय जनाभन्दा बढी अटाउन सक्ने यो लाउन्जले उपभोक्ताहरूलाई पेय तथा खानेकुरामा छुट दिने कुरा पनि बताएको छ।

## लायकु क्याफे, लाउन्ज एन्ड बार

वसन्तपुर, दरबार स्क्वायर परिसरमा अवस्थित लायकु क्याफे, लाउन्ज एन्ड बारले पनि प्रोजेक्टरमा विश्वकप फुटबलको फाइनल हेर्ने व्यवस्था मिलाएको छ। यो बारमा ३ सय जना अटाउने क्षमता छ। यसका साथै लायकु बारले पेय पदार्थमा बाई टु गेट् वान फ्री अफर पनि दिएको छ। विश्वकप फाइनल हेर्नेहरूले खानेकुरामा पनि छुट प्राप्त गर्न सक्नेछन्।

## इम्पेरियल रेस्टुराँ, लाउन्ज एन्ड बार, बत्तीसपुतली

बत्तीसपुतली रोड, गौशालास्थित इम्पेरियल रेस्टुराँ लाउन्ज एन्ड बारमा पनि प्रोजेक्टर तथा टिभीमार्फत विश्वकप फुटबलको फाइनल खेल हेर्न सकिन्छ। यहाँ एकपटकमा १ सय ५० जना अटाउन सक्छन्। इम्पेरियलमा परिकारमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको बताइएको छ।

## एभोकाडो एन्ड अर्किड रिसोर्ट, हेटौंडा

हेटौंडास्थित एभोकाडो एन्ड अर्किड रिसोर्टमा एकै पटक डेढ सय जना बसेर विश्वकपको फाइनल हेर्न सकिनेछ। रिसोर्टका सबै कोठामा फुटबलकै लागि ठूला टिभी राखिएका छन्।

## प्याराडिसो स्पोर्ट्स बार, पोखरा

लेकसाइडस्थित प्याराडिसो स्पोर्ट्स बारमा विश्वकप फुटबलको फाइनल हेर्न सकिने व्यवस्था छ। यहाँ ४ सय ५० जनाभन्दा बढीले एकैचोटि खेल हेर्न सक्छन्। यसका लागि बारले ११ वटा स्क्रिनको व्यवस्था गरेको छ। बारको जुनसुकै कुनामा बसेर पनि फुटबलको प्रत्यक्ष प्रसारण हेर्न सकिन्छ।

**स्थान :** प्याराडिसो स्पोर्ट्स बार, लेकसाइड

**प्रवेश :** निःशुल्क


## निर्भाना कन्ट्री क्लब, धरान

धरानको निर्भाना कन्ट्री क्लबमा एक पटकमा एक सय जनाले विश्वकप फुटबलको फाइनल हेर्न सक्छन्। यहाँ खानेकुरामा विशेष छुटको व्यवस्था गरिएको पनि क्लब जनाएको छ।

## सोल्टी वेस्टेन्ड प्रिमियर, नेपालगन्ज

सोल्टी वेस्टेन्ड प्रिमियरको बारमा विश्वकप फुटबलको फाइनल खेल हेर्न ३ हजार रुपैयाँको प्याकेजको व्यवस्था गरिएको छ, जसमा फुटबल हेर्दै बियर, पिज्जा तथा अन्य स्न्याक्सको स्वाद लिन सकिन्छ। यहाँ झन्डै १ सय जनाले एकसाथ खेल हेर्न सक्छन्।





## ओजस लाउन्ज एन्ड क्लब, बुटवल


ओजस लाउन्ज एन्ड क्लबमा ३ सय जनाले विश्वकप फुटबलको फाइनल खेल १ सय २० इन्चको एलइडी स्क्रिनमा हेर्न सक्छन्। यो लाउन्जमा खानेकुरामा सर्भिस चार्ज तथा ट्याक्स लिइने छैन। विश्वकपकै लागि भनेर बनाइएको नयाँ मेनुको मूल्य पनि फाइनलको अवसर पारेर घटाइएको छ।

## अल्फ्रेस्को रेस्टुराँ एन्ड सूर्योदय गेस्ट हाउस, चितवन

सौराहाका विभिन्न होटल, रेस्टुराँ तथा रिसोर्टहरूले विश्वकप फुटबलको फाइनल हेर्न मिल्ने व्यवस्था मिलाएका छन्। त्यसैमध्ये एक हो अल्फ्रेस्को रेस्टुराँ एन्ड सूर्योदय गेस्ट हाउस। यहाँ एकैपटक ७० जनाले खेल हेर्न सक्छन्। यहाँ प्रवेश गर्न कुनै शुल्क तिर्नु पर्दैन।

चलचित्र

# बोबी




**निर्देशक** : मिलन चाम्स **कलाकार** : उमेर थापा, कविता गुरुङ, विजय लामा आदि । **संगित** : वसन्त सापकोटा, ताराप्रकाश लिम्बू

भागेर विवाह गरेका उमेश थापा तथा कविता गुरुङको प्रेम कथालाई पर्दामा उतारिएको चलचित्र हो– बोबी । सानै उमेरमा अन्तर्जातीय विवाह गर्दा उब्जिएका विविध परिस्थितिलाई चलचित्र बबीमार्फत यी दुई जोडीले दर्शकसामु ल्याउन लागेका छन्, जुन चलचित्र आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । रियल लाइफको कथालाई रिलमार्फत दर्शकमाझ ल्याउने कुरा आफैंमा सहज नभए पनि यो चलचित्रले लाखौं प्रेमिल मनको चित्त बुझाउनेमा आफू ढुक्क रहेको बताउँछन्– अभिनेता उमेर थापा । यो चलचित्रको दृष्य नर्वे, काठमाडौं तथा पोखरामा खिचिएको हो । चलचित्र बोबीको लगानी २ करोडभन्दा माथि रहेको बताइन्छ ।

# यो पागल मन



**निर्देशक** : कल्याण अधिकारी **कलाकार** : विनोद न्यौपाने, ऋचासिंह ठकुरी, गौरी मल्ल, राजेश ढुंगाना, मनिष भण्डारी, विशाल श्रेष्ठ, एनी कुँवर आदि । **संगीत** : अर्जुन पोखरेल

प्रेम कथामा आधारित चलचित्र यो पागल मन आज शुक्रबारदेखि देशभरका हलमा प्रदर्शनमा आउँदैछ, यद्यपि चलचित्रले कतिवटा स्क्रिन पाएको छ भन्ने विषयमा केही बताइएको छैन । पछिल्लो पुस्तामा प्रेम प्राप्तिका लागि हुने संघर्षलाई विशेष जोड दिइएको यो चलचित्रमा एक प्रेमीले आफ्नो मनको मान्छेका लागि कतिसम्म गर्न सक्छ भन्ने कुरा देखाइएको निर्माण पक्ष बताउँछ । चलचित्रको खास कथा भने सार्वजनिक गरिएको छैन । शम्भु सापकोटाले खिचेको यो चलचित्रलाई अनिल गौतमले सम्पादन गरेका हुन् । काठमाडौं तथा केही बाहिरी जिल्लामा समेत छायाँकन गरिएको चलचित्र यो पागलमन यसअघि नै प्रदर्शनमा आउने बताइए पनि विभिन्न कारणले प्रदर्शन मिति सरेको थियो ।

रंगमञ्च

# अटलबहादुरको आतंक

खगेन्द्र लामिछानेको लेखन तथा निर्देशनमा नाटक अटलबहादुरको आतंक पोखरामा मञ्चन हुँदैछ । नाटकको मञ्चनका लागि निर्देशक लामिछाने असार ३ गतेदेखि पोखरामै छन् । उक्त नाटक पोखरा गैह्रापाटनस्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन हुनेछ । यो नाटकमा प्रकाश घिमिरे, माओत्से गुरुङ, प्रमिला तुलाचन, दिल प्रसाद गुरुङ, गोविन्दरमण पराजुली, वर्षा केशव पराजुली, विभु भुषाल, बविता मल्ल ठकुरी आदि कलाकारले अभिनय गर्नेछन् । डेढ घण्टा लामो नाटक अटलबहादुरको आतंक हास्यप्रधान भएको बताइन्छ ।

# विरांगना



**निर्देशक** : राजबहादुर साने **कलाकार** : अनुपविक्रम शाही, पृथ्वीराज प्रसाई, धिरेन शाक्य, सुनिलदत्त पाण्डे, शुशिल पोखरेल आदि । **संगीत** : दीपक शर्मा तथा पुरुषेत्तम न्यापने ।

फोर्थ आई मुभिजले निर्माण गरेको चलचित्र विरांगना आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । नेपालको सीमा क्षेत्रमा हुने अवैधानिक गतिविधि तथा आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न अनि शान्ति सुरक्षाको प्रत्याभूति दिन नेपाली नारीहरूले देखाउने वीरता यो चलचित्रको मुख्य विषय हो । यो चलचित्रमा एक्सनमा समेत जोड दिइएको बताइन्छ । निर्देशक राजबहादुर सानेले नै लेखेको चलचित्र विरंगनाको छायाँकन हरि घले लामा तथा रामेश्वर कार्कीले गरेका हुन् । यो चलचित्रमा श्री श्रेष्ठको एक्सन हेर्न लायक भएको निर्माण पक्षको दाबी छ । कविराज गहतराजको कोरियोग्राफी रहेको चलचित्र विरंगना झन्डै डेढ करोडको लगानीमा तयार भएको हो ।

# बाबु कान्छा




**निर्देशक** : सोभित बस्नेत **कलाकार** : सलोन बस्नेत, करिश्मा श्रेष्ठ, सरोज खनाल, अश्लिन ज्ञवाली तथा ज्योत्सना अश्लिन ज्ञवाली आदी । **संगीत** : टंक बुढाथोकी

एक महिना अघिदेखि प्रचार-प्रसारमा ओर्लिएको चलचित्र बाबु कान्छाको प्रदर्शन अन्य तिन चलचित्रसँगै आज शुक्रवार नै हुँदैछ । चलचित्रका अभिनेता सलोन बस्नेतका अनुसार यो चलचित्र स-परिवार हेर्न मिल्ने खालको छ । चितवन, वीरगन्ज, लमजुङको घले गाउँ तथा काठमाडौंमा छायांकन गरिएको चलचित्र बाबु कान्छा ७० लाखमा तयार भएको बताइएको छ । यो चलचित्रमा सलोनले १७ वर्षअघि अभिनय गरेको नेपाली बाबुको एउटा इमोसनल सिनसमेत समावेश गरिएको छ । पारिवारिक चलचित्र बाबु कान्छामा अष्ट महर्जनको द्वन्द्व तथा गौतम राज खड्काको सम्पादन हेर्न पाइन्छ ।

ग्यालरी

# सामूहिक कला प्रदर्शनी

सिद्धार्थ आर्ट ग्यालरीमा पहिलो पटक आइरिस कलाकारहरूको सामूहिक चित्रकला प्रदर्शनी भैरहेको छ । असार २७ गते प्रारम्भ भएको उक्त प्रदर्शनी साउन ४ गतेसम्म सञ्चालन हुनेछ । यो प्रदर्शनीमा ६ जना कलाकारका ३० वटा चित्र राखिएको छ । प्रदर्शनीमा आइरिस कलाकारहरू पाडी लेनन, ओलिभिया ओड्वायर, केट मर्फी, माइकल डुगन, बर्नाडेत डुलन तथा डिक्ल्यान कोडी सहभागी छन् । प्रदर्शनीका क्रममा आइरिस कलाकारहरूले नेपाली कलाकार हरूसँग अन्तर्क्रिया पनि गर्ने सिद्धार्थ आर्ट ग्यालरीकी कार्यकारी निर्देशक संगीता थापाले जानकारी दिएकी छिन् ।

# अमेरिकामा बढ्दै नेपाली चलचित्र


शिव शर्मा

टेक्ससको ड्यालस बस्दै आएका नेत्र पौडेल यहाँ प्रदर्शन हुने नेपाली चलचित्र प्रायः छुटाउँदैनन् । नेपाली चलचित्रका पारखी पौडेलले लोकप्रिय नेपाली चलचित्र सपरिवार हलमा पुगेर हेर्दै आएका छन् । विदेशमा रहँदा नेपाली चलचित्रको मोह बढी हुँदोरहेछ उनले भने- 'चलचित्र हेर्दा आफ्नै देशमा पुगेको अनुभूति हुन्छ ।' नेपाली दर्शकको मोह बढ्दै गएपछि अहिले अमेरिकाका विभिन्न राज्यमा नेपाली चलचित्र प्रदर्शन हुने क्रम बढ्दो छ । चलचित्र निर्मातासँग सम्झौता गरेर आयोजकहरूले यहाँ नेपाली चलचित्र प्रदर्शन गर्दै आएका छन् । कुनै बेला निर्माता आफैं आएर दुई चार महिना यतै बसेर आफ्नो चलचित्र देखाएर फर्कने चलन रहेको स्थानीय चलचित्र प्रेमीहरू बताउँछन् ।












अहिले व्यवसायिक रूपमा विभिन्न संस्थाले सिधै निर्मातासँग सम्पर्क गरी नेपाली चलचित्र देखाउने क्रमले व्यापकता पाएको छ । पाँच वर्षयता अमेरिकाका विभिन्न राज्यमा व्यवसायिक रूपमा नेपाली चलचित्र प्रदर्शन हुन थालेको हो । फ्युजन इन्टरनेसनल नेपसिने तथा प्लानेट थ्री फिल्म्सले सन् २०१२ देखि निरन्तर रूपमा दर्शकको मागअनुसार अमेरिकी राज्यहरूमा नेपाली चलचित्र देखाउँदै आएको छ ।

अमेरिकामा प्रदर्शन हुने ८० प्रतिशत चलचित्र हामीले संयोजन गरेर प्रदर्शन गर्दै आएका छौं, फ्युजन इन्टरनेसनल नेपसिनेका प्रमुख रायन रेज भन्छन्- यो क्रमसँगै अमेरिकामा नेपाली चलचित्रप्रतिको मोह पनि बढेको छ । चलचित्र हेर्ने दर्शक बढे पनि यसरी प्रदर्शन भएका एक दुईवटा चलचित्र बाहेक अन्यले आयोजकलाई आर्थिक फाइदा नपुर्‍याएको उनी बताउँछन् । कतिपय अवस्थामा घाटा सहेर पनि निर्मातालाई पैसा बुझाएका छौं- रेजले बताए । अमेरिकामा छक्कापन्जाले राम्रो आम्दानी गरे पनि अरुले भने औसत मात्र आम्दानी गर्न सकेको बताइन्छ ।

अमेरिकाको पनि विशेष गरी नेपाली समुदायको अधिक बसोबास रहेको टेक्सस, न्युयोर्क, सनफ्रान्सिसको, बाल्टिमोर तथा बोस्टन आदि राज्यमा नेपाली चलचित्रको प्रदर्शनमा दर्शकको उपस्थिति बाक्लो रहने आयोजकहरूको अनुभव छ । नेपालमा रहँदा पनि चलचित्र निर्देशनसँगै चलचित्र पत्रकारिता गर्दै आएका सुरेश दर्पण पोखरेलले पनि क्यालिफोर्नियामा रहेर माया इन्टरटेनमेन्टमार्फत नेपाली चलचित्र स्थानीय चलचित्र हलमा प्रदर्शन गराइरहेका छन् । भर्खरै मात्र उनले शत्रुगतेको प्रदर्शन गरे । पोखरेल भन्छन्- दर्शकको चाप बढ्दै गएपछि नेपाली चलचित्र नियमित रुपमा प्रदर्शन गरिहेका छौं ।

अमेरिकामा नेपाली चलचित्रको सार्वजनिक प्रदर्शन त्यति सजिलो भने छैन । सामान्यतः चलचित्र प्रदर्शन गर्न नेपाली १ लाखदेखि ३ लाख रुपैयाँसम्म भाडा तिर्नुपर्छ । चलचित्र हेर्न १ हजार ५ सयदेखि ३ हजार रुपैयाँ शुल्क लाग्छ । दर्शकले रुचाएका चलचित्रको ४० देखि ५० वटा शोका लागि ४० लाख रुपैयाँसम्म खर्च हुँदै आएको आयोजकहरू बताउँछन् ।

टेक्ससमा युवा फिल्म्सले नेपाली चलचित्र प्रदर्शनसँगै स्थानीय रूपमा नेपाली चलचित्र सफर निर्माण गरेर टेवा पुर्‍याएको थियो । अहिले संस्था निष्क्रिय भए पनि अन्य नयाँ तथा व्यक्तिगत रूपमा नेपाली चलचित्र प्रदर्शन गर्ने लहर बढेको छ । केटिएम इन्टरटेनमेन्ट एवं अन्य व्यक्तिहरूको पहलमा नेपाली चलचित्र नियमित प्रदर्शन हुन थालेका हुन् । नेपाली चलचित्रले दर्शकको साथ पाउन थालेपछि नेपाली समुदायले समेत नेपाली चलचित्रको प्रवर्द्धनमा सघाउ पुर्‍याउँदै आएको छ ।

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक









# ओशिश केसी

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्विर : महेश प्रधान

मेकअप : अम्बु रुचाल, मिरर व्युटि क्लब, मैतीदेवी

पहिरन : पिजेज कलेक्सन, सिभिल मल





# रमाइलो कि नरमाइलो ?

अघिल्लो साता काठमाडौंमा एउटा रमाइलो कार्यक्रम सम्पन्न भयो । सञ्चारकर्मी उत्सव रसाइलीद्वारा सञ्चालित रमाइलो छ डटकम तथा यूट्युब च्यानलको पहिलो वार्षिकोत्सवमा चलचित्र क्षेत्रका लोकप्रिय अनुहारको बाक्लो उपस्थिति देखियो । विश्वकप फुटबलको चटारोबीच कलाकारहरू उक्त कार्यक्रममा सहभागि देखिन्थे । आयोजकले सहभागि कलाकारलाई 'नीलो' रंगको पहिरनमा आउन आग्रह गरेका होला अधिकांश अभिनेत्री नीलै रंगका पहिरनमा प्रस्तुत भए । लोकप्रिय अभिनेत्रीहरूको बाक्लो उपस्थितिका कारण त्यहाँ फोटो पत्रकारहरू अलि बढि नै व्यस्त थिए । अभिनेत्रीहरू पनि तस्बिरका लागि थरि–थरिका पोज दिन पछि परेनन् । समारोह प्रारम्भ हुनै लाग्दा दर्शक दीर्घामा एउटा नरमाइलो दृश्य पनि देखियो । अभिनेत्रीहरू नीता ढुंगाना, रेखा थापा, पूजा शर्मा आदि लस्करै बसेका थिए । पछाडिबाट अभिनेत्री सुष्मा कार्की सबैलाई अभिवादन गर्दै अघि बढिन् । पूजा शर्माको ठीक पछिल्तिर आएपछि उनी अचानक पछि हटिन् । अभिनेत्री रेखा थापाले सुष्माको हात समाएर पूजातर्फ नसारेकी पनि होइनन्, तर सुष्माले जबर्जस्ती आफ्नो हात फुत्काइन् । उक्त दृश्य नजिकबाट नियालिरहेका पत्रकारहरूले त्यसको भिडियो समेत खिच्न भ्याए । निर्देशक सुदर्शन थापाका कारण सुष्मा र पूजाबीच पानी बाराबारको स्थिति सिर्जना भएको गाइँगुइँसमेत सुनियो । खास कारण भने अहिलेसम्म सार्वजनिक भएको छैन ।

# मलिनाको गुनासो

अभिनेत्री मलिना जोशीले बडो अनौठो शैलीको गुनासो गरेकी छिन् । उनको यो गुनासो सञ्चारमाध्यमदेखि आफैंसँग समेत हुनसक्छ । हालै आयोजित एक समारोहमा अभिनेत्री जोशीले आफू अहिले सिंगल रहेको दावी मात्र गरिनन्, प्रेमको चर्चाकै कारण आफू सधैं सिंगल रहनुपरेको गुनासोसमेत गरिन् । कुनै बेला मलिनाको नाम अभिनेता अनुपविक्रम शाहीसँग जोडिन्थ्यो । अफेयरले ब्रेकअपको रूप लिएपछि मनिलाले आफू सधैं अनुपको शुभचिन्तक रहने स्पष्ट पारेकी छिन् । यतिबेला मलिनाको नाम युवा अभिनेता सारुक ताम्राकारसँग जोडिएको छ । चलचित्र 'रानी' मा सँगै काम गरेकाले पनि उनीहरूको नाम जोडिएको हो । मलिना र सारुक आफैंले आफ्ना घुमघामका तस्बिर सार्वजनिक गरेपछि उनीहरू अफेयर छन् भन्ने चर्चा चलेको हो । यद्यपि, मलिनाले सारुक आफ्नो असल साथी मात्र भएको दाबी मात्र गरिनन्, कुनै न कुनै पुरुषसँग प्रेममा रहेको चर्चाका कारण आफू सधैं सिंगल रहनु परेको गुनासो समेत गरिन् ।



व्यक्ति एक टिप्पणी अनेक

# आकर्षक र मेहनती अनुपविक्रम शाही

मोडलिङबाट अभिनयमा आएका अभिनेता अनुपविक्रम शाही यतिबेला व्यस्तताको शिखरमा छन् । उनले अभिनय गरेका चलचित्रको संख्या केही दर्जन नाघिसकेको छ भने प्रदर्शनको तयारीमा रहेका चलचित्रको संख्या झन्डै आधा दर्जन छ । अनुपका पछिल्ला चलचित्र कमलेको बिहे, झमकबहादुर, विरंगना, जय शम्भो आदि प्रदर्शनको क्रममा छन् । कृसहित केही चलचित्रमा नकारात्मक भूमिकामा प्रस्तुत भएका अनुप विज्ञापन तथा म्युजिक भिडियोमा समेत उत्तिकै सक्रिय छन् ।

### विशाल भण्डारी, निर्देशक

अनुप जब नेगेटिभ क्यारेक्टर प्ले गर्छन्, उनको हरेक एक्सप्रेसन मलाई बेस्ट लाग्छ । उनको ड्रेसिङ सेन्स उत्कृष्ट छ । हरेक समय फिट एन्ड फाइन अनि आकर्षक देखिन्छन् । अन्य अभिनेताहरूले उनको फिटनेसप्रतिको लगावबाट धेरै कुरा सिक्नु पर्छ । त्यसबाहेक अनुप निकै मेहनती छन् । क्यारेक्टरमा भिज्न सक्ने क्षमता छ । समग्रमा उनी राम्रा कलाकार हुन् ।

### प्रदीप खड्का, अभिनेता

अनुप विक्रम शाही मलाई पहिलेदेखि नै राम्रा लाग्थे । मैले उनीसँग काम नै गरेको चाहिँ चलचित्र लिलिबिलीमा हो । म उनलाई चलचित्रको क्यारेक्टरमा प्रशस्त मेहनत गर्ने प्रतिभाशाली अभिनेताका रूपमा चिन्छु । व्यक्तित्वसमेत आकर्षक भएको उनी नेपालकै एक उत्कृष्ट अभिनेता हुन् ।

### समीर बलामी, निर्देशक/सञ्चारकर्मी

अनुप एक्सन भूमिकाका राम्रोसँग जम्न सक्ने कलाकार हुन् । यद्यपि उनले धेरै कुरामा धैर्य गर्न सक्नुपर्छ । प्रस्ताव गरिएका सबै चलचित्रमा अभिनय गर्नै पर्छ भन्ने सोच त्याग्नुपर्छ । चलचित्र छनोट गरेर अभिनय गर्न सके उनी अझै माथि जाने कलाकार हुन् ।

### देविका बन्दना, गायिका

म त अनुपको फ्यान नै हुँ । अभिनयसँगै अनुप व्यक्तिगत रुपमा पनि धेरै असल छ । कामप्रति जिम्मेवार र समयको इज्जत गर्ने मानिस हो । अनुपको बारेमा जति बयान गरे पनि शब्द कम हुन्छ ।

### नीलडेभिड कटवाल, हेयर स्टाइलिस्ट

मलाई अनुपविक्रम शाहीको व्यक्तित्व आकर्षक लाग्छ । उहाँको व्यक्तित्व विदेशका अभिनेताहरूसँग तुलना गर्न मिल्ने खालको छ । अग्लो कद भएकाले पनि होला उहाँलाई रोमान्टिकभन्दा एक्सन दृश्यमा आकर्षक देखिन्छ ।

प्रस्तुति : कृष्ण भट्टराई

# भएजति साथी अनफ्रेन्ड !



चकलेटी अभिनेताका रूपमा एक समय खुबै चर्चामा आएका अभिनेता हुन्– आर्यन सिग्देल । अधिकांशजसो चलचित्रमा लभर ब्वायको भूमिकाले उनलाई स्थापित अभिनेता समेत बनाइदियो । तिनै अभिनेताको प्रदर्शनमा आउन लागेको चलचित्र कायराको ट्रेलर हेर्दा उनी पुन लभरब्वायकै रूपमा स्थापित हुने चलचित्र पण्डितहरू विश्लेषण गर्छन् । यी कुरा यतै थन्क्याएर कुरा गरौं उनको फेसबकको । केही समयअघि आर्यनको फेसवुक एकाउन्टमा रहेका झन्डै ५ हजार साथीभाइ एकाएक कसरी अनफ्रेन्ड हुन पुगे भन्ने प्रसंगले धेरैलाई आश्चर्यचकित तुल्याएको छ । धेरैले भनेका छन्, मैले त्यस्तो गल्ती गरे जस्तो त लाग्दैन किन अनफ्रेण्ड गरेको होला ? यतिसम्म कि उनले आफ्नै श्रीमती सपनालाई समेत एकाउन्टमा राखेका छैनन् । सधैं एक्लै बस्न रुचाउने एकलकाँटे स्वभावका अभिनेता सिग्देलले साँच्चिकै किन सबैलाई अनफ्रेन्ड गरेका होलान् ? यो कुरा भने कि उनैलाई थाहा होला कि त भगवानलाई । हामीचाहिँ यति मात्र सोधौं– जिन्दगी साँच्चिकै कोही नभएर पनि चल्छ त आर्यन ?





# नाफा कि घाटा

यतिबेला एउटा नेपाली चलचित्रको छायांकन अष्ट्रेलियाका आकर्षक लोकेसनहरूमा भैरहेको छ, जसको एउटा महत्वपूर्ण भूमिकाका लागि अभिनेता सलोन बस्नेत अनुबन्धित भएका थिए । चलचित्र ब्रेकअपको नेपालमा भएको छायांकनमा सहभागिता समेत जनाएका सलोन अस्ट्रेलियाको छायांकनमा भने सहभागी भएनन् । काठमाडौंमा सलोनले निर्वाह गरेको भूमिका अस्ट्रेलियामै बसोबास गर्ने नेपाली युवक आमोश शर्माले निर्वाह गरिरहेका छन् । सलोनको रहर यसअघि गाजलु निर्माण गरिरहेका निर्माता रोहित अधिकारी तथा निर्देशक हेमराज बिसीको क्याम्पबाट अलग हुने पक्कै होइन । सलोनलाई नेपालमै छाडेर अष्ट्रेलियामा अर्कै कलाकार राख्ने चाहना पनि निर्माण पक्षको होइन । भएको चाहिं के हो त ? हालैको एक समारोहमा अभिनेता बस्नेतले आफू चलचित्र यात्राको छायांकनमा व्यस्त भएकाले भिसा आएर पनि अष्ट्रेलिया नगएको तथा सहमतिमै चलचित्र छाडेको बताएका थिए । यता निर्माण पक्षले भने सलोनको अधिकांश दृश्य अस्ट्रेलियामै छायांकन गर्नुपर्ने बताएको थियो । उनी अस्ट्रेलिया जान नपाउनुको मुख्य कारण उनको 'बायोम्याट्रिक टेष्ट' हुन नसक्नुलाई मानिएको छ । उक्त टेष्टका लागि सलोनले समय दिन नसक्नु तथा उक्त टेष्ट बिना भिसा नपाउनुलाई नै सलोन उक्त चलचित्रबाट अलग हुने कारण बताइएको छ ।

# सामाज्ञीको अडान

सामाज्ञी राज्य लक्ष्मी शाह छोटो समयमै स्थापित हुने नेपाली अभिनेत्री हुन् । रमाइलो कुरा के छ भने आजसम्म सामाज्ञीले जे-जति चलचित्रमा अभिनय गरेकी छिन्, ती सबै चलचित्रमा उनी एक्ली अभिनेत्री छिन्, अर्थात् उनी आफू बाहेक अन्य अभिनेत्री भएका चलचित्रमा काम नै गर्दिनन् । उनको यो अनौपचारिक अथवा अघोषित अडान नै हो । राणालाई मल्टि स्टारर अर्थात् धेरै जना अभिनेता-अभिनेत्री भएको चलचित्रमा काम गर्न मन लाग्दैन । त्यसैले सामाज्ञीका पछिल्ला पाँच चलचित्रमा उनी एक मात्र अभिनेत्री छिन् । यही कारणले उनले दीपकराज गिरी तथा दीपाश्री निरौलाको छक्का पन्जा २ तथा ३ मा अभिनय गर्न मानिनन् । यसअघि अभिनेत्री आँचल शर्माले पनि शत्रुगते शैलीको मल्टि स्टारर चलचित्रमा अभिनय गर्ने घोषणा गरेकी छिन् भने अभिनेत्री वर्षा राउत पनि धेरै कलाकारहरू रहने चलचित्रबाट टाढै रहन चाहन्छिन् ।



फटाफट

# चलचित्रको कथा नपढी काम गर्दिनँ

अभिनेत्री वर्षा शिवाकोटी हाल चलचित्रको छायांकनका क्रममा मोरङ पुगेकी छिन् । अभिनेत्री शिवाकोटीसँग साप्ताहिकका लागि नरेन्द्र बस्नेतले गरेको संक्षिप्त कुराकानी :

**केमा व्यस्त हुनुहुन्छ ?**

काम त चलिरहेकै छ । त्यसमा पनि अहिले नयाँ चलचित्र पुरानो बुलेटमा व्यस्त छु ।

**तराईमा सुटिङको अनुभव कस्तो हुँदै छ ?**

कुरै नगरौं । उखरमाउलो गर्मी, तैपनि काममा ध्यान दिइरहेकी छु । काम गर्छु भनेर जिम्मा लिएपछि जसरी पनि गर्नैपर्‍यो नि ।

**यो चलचित्रमा तपाईंको भूमिका ?**

यो चलचित्र गाउँको परिवेशमा निर्माण हुँदैछ । म गाँउकी साधारण युवतीको भूमिकामा छु ।

**चलचित्र साइन गर्नुअघि कथा पढ्नुहुन्छ ?**

म कथा नहेरी चलचित्रमा काम गर्दिनँ । मन पर्‍यो अथवा उपयुक्त लाग्यो भने मात्र साइन गर्छु ।

**यो चलचित्रप्रति तपाईंको आशा ?**

मैले विगतमा गरेका भन्दा भिन्न भूमिका भएको र मलाई कथा मन परेका कारण यो चलचित्रमा काम गरेकी हुँ, तसर्थ म यो चलचित्रबाट आशावादी छु ।

● वर्षा शिवाकोटी, अभिनेत्री

# टोकियोमा नेपथ्यको प्रस्तुति



जापानमा रहेका नेपाली संगीतप्रेमीहरूको उल्लेखनीय उपस्थितिका बीच नेपथ्यले 'टोकियो डोम सिटी हल' मा आफूलाई प्रस्तुत गरेको छ। अधिकांश दर्शक नेपाली भए पनि जापानी नागरिकसमेत कन्सर्टमा सहभागी देखिन्थे। कन्सर्ट, निरन्तर रमाइलो क्षणबाट गुज्रियो। 'भेडाको ऊनजस्तो' देखि 'छेक्यो छेक्यो' हुँदै पछिल्लो समयका 'शिरफूल' र 'कोसीको पानी' सम्म उक्त कन्सर्टमा प्रस्तुत भए। कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ तथा मादलमा शान्ति रायमाझीले सघाएका थिए। कार्यक्रम सम्पन्न भएपछि नेपथ्यका अगुवा अमृत गुरुङले टोकियोको कार्यक्रमका लागि धन्यवाद दिँदै ट्विट गरे, 'धन्यबाद टोकियो ... कुनै समय ४२ जना दर्शकमाझ प्रस्तुति दिनुपरेको पिडा गाँसिएको यो महानगरमा गतिलो ठाउँमा व्यवस्थित प्रस्तुति दिने एकुन्ठो थियो, टोकियो डोम सिटी हलमा आज पूरा भयो ... सबै आयोजक तथा दर्शकमा नेपथ्यको हार्दिक धन्यवाद। यस्तो माया पाउने हामी कस्ता भाग्यमानी!'

# द एक्सले तताायो टेक्सास



टेक्सासको अर्विङस्थित टोयटा म्युजिक फ्याक्ट्रीमा गएको शनिबार राति नेपाली रक ब्यान्ड द एजले आफ्नो प्रस्तुति दियो। २५ वर्ष लामो संगीत यात्राका क्रममा पहिलो पटक कन्सर्टका लागि अमेरिका आएको द एक्सलाई दर्शकले राम्रो साथ दिए। ब्यान्डका गायक शिव मुखियाको प्रस्तुतिमा लठ्ठिएका दर्शक वान्स मोर भन्दै उफ्रिरहेका थिए भने केही गीत उनले दोहोऱ्याएर पनि गाए। उक्त प्रस्तुतिका क्रममा गितारमा सजल भण्डारी र ड्रममा सुरेन्द्र श्रेष्ठले साथ दिए। टेक्सासँगै ब्यान्डले अमेरिकाका अन्य सहरहरूमा पनि प्रस्तुति दिने आयोजक संस्थाका रायन रेजले बताएका छन्। कार्यक्रममा सारंगीवाद्यक श्याम नेपालीले सारंगीको धुन सुनाए भने एफ वान ब्यान्ड तथा स्थानीय कलाकारहरूले गीत एवं नृत्य प्रस्तुत गरेर कार्यक्रमलाई थप रंगीन तुल्याएका थिए।

# विवेक भए डान्स च्याम्पियन

बज्रयोगिनी डान्स एन्ड म्युजिक एकेडेमीद्वारा आयोजित एसईई डान्स च्याम्पियनसीपमा डाउन चिल्ड्रेन इङ्लिस स्कुल, बुटवलका विवेक थापा मगर प्रथम भएका छन्। २०७४ सालको एसईईमा सहभागी विद्यार्थीहरूको उक्त प्रतियोगिताको अडिसनमा ५ सय विद्यार्थीले भाग लिएका थिए। अडिसनपछि आयोजित मेघा राउन्ड तथा टप १६ मा छनोट भएका प्रतिस्पर्धीहरूबीच शनिबार फाइनल सम्पन्न भएको थियो। प्रतियोगितामा न्यू भिजन एकेडेमी, कोटेश्वरका प्रवेश खड्का दोस्रो, ड्याफोडिल पब्लिक स्कुल, कपनका सुदेक्षा दाहाल तेस्रो तथा इस्टपोल स्कुल, बौद्धकी स्वस्तिका बस्नेत तथा प्राक्सिस इन्टरनेसनल एकेडेमी, चावहिलकी सरिता सिग्देलले सान्त्वना पुरस्कार जितेका थिए।



# इन्टरनेसनल टिन अफ द इयर



थाइल्यान्डको बैंककमा सञ्चालित इन्टरनेसनल किड्स अफ द इयर-२०१८ अन्तर्गतको टिन विधामा नेपालका तर्फबाट सहभागी एरी तुलाधर इन्टरनेसनल टिन अफ द इयरको सेकेन्ड रनर्सअप घोषित भएकी छिन्। उनले विश्वका ३० राष्ट्रका टिन सुन्दरीहरूसँग प्रतिस्पर्धा गरेकी थिइन्। एरीले यसअघि राजधानीमा फेसन एराद्वारा सञ्चालित मिस्टर एन्ड मिस एसईई-२०१८ मा मिस एसईईको मुख्य उपाधि जितेकी थिइन्।

# पोखरामा फेसन एवार्ड नेपाल

भोलि असार ३० गते शनिबार पोखरामा फेसन एवार्ड कार्यक्रम हुँदैछ। ट्रेनर नेपालको आयोजना तथा इभेन्ट्स फर यू डिजाइनर्स क्लबको सहकार्यमा सञ्चालन हुने उक्त शोमा फेसनसँग सम्बन्धित ४० वटा एवार्ड वितरण हुने बताइएको छ। कार्यक्रम पोखरा प्रदर्शनी केन्द्रको नयाँबजारस्थित डोममा हुनेछ। एवार्ड वितरण कार्यक्रममा नायिका करिष्मा मानन्धर, प्रशान्त ताम्राकार, सविन राई, आशिष राना लाहुरे, तेन्जिङ छेतेन भुटिया आदि सहभागी हुने जानकारी आयोजकहरूले दिएका छन्। यो एवार्डलाई उत्कृष्ट फेसन डिजाइनर, बुटिक, मोडल, फोटोग्राफर, कोरियोग्राफर, उद्घोषक, इभेन्ट, सिंगर आदि विधामा विभाजित गरिएको छ। कार्यक्रममा फेसन स्कुलका २० भन्दा बढी डिजाइनर, डिजाइनर्स क्लबका डिजाइनर, एनआईएफ काठमाडौं, सेन्ट्रल फेसन हब हेटौंडा, आइएफसी चितवनसहित काठमाडौं, भक्तपुर, बुटवलका फेसन डिजाइनर तथा १२ वटाभन्दा बढी बुटिक सहभागी हुनेछन्। तीनदिने कार्यक्रमअन्तर्गत बिहीबार र शुक्रबार फेसन शो प्रस्तुत हुने यो कार्यक्रममा शनिबार भने फेसन एवार्ड वितरण गर्न लागिएको हो।

# किड्स डान्सिङ आइकन




क्याम्पा कोला किड्स डान्सिङ आइकनको उपाधि प्रविष्टिचन्द्र ठकुरीले जितेकी छिन्। बुटवलमा शुक्रबार भएको फाइनलमा प्रमिशा खत्री द्वितीय तथा शौरभ पाण्डे तृतीय स्थान हासिल गरे। बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने भन्दै साधना सांस्कृतिक कला केन्द्र, बुटवलले यो प्रतियोगिताको आयोजना गरेको हो। १२ वर्षभन्दा मुनिका बालबालिकाहरूका लागि ६ महिनासम्म विभिन्न राउन्डमा किड्स डान्सिङ आइकन सञ्चालन गरिएको थियो। यो किड्स डान्सिङ आइकनको तेस्रो सिजन थियो।

अमृता अनमोल

# मिस नेपाल नर्थका अन्तिम बीस




न्युयोर्कमा आयोजना हुने मिस नेपाल नर्थ अमेरिका-२०१८ का लागि अन्तिम २० प्रतियोगीको नाम सार्वजनिक भएको छ। अन्तिम चरणमा छनौट हुने प्रतियोगीहरूमा क्यानाडा मिसीसौगाकी अनुशा अधिकारी, टोरोन्टोकी प्रतिमा उपाध्याय, भ्यानकुभर ब्रिटिस कोलम्बियाकी सुजाता लामा, क्यालिफोर्नियाका आकृति शाह र सृजना राई, मिचिगनकी भविष्य लामा, अलाबामाकी दिलाशा कोइराला, इन्डियानाकी ज्योति गुरुङ, टेक्सासकी करुणा अधिकारी, पेनसेल्भेनियाकी माया अधिकारी, न्युयोर्कका मोनिका घले, रिदिका प्रधान र सृजना राना, भर्जिनियाका पूजा थापा र सिमरन चुडाल, टेक्सासकी संयुक्त पुरी, मेरिल्यान्डकी सनम थापा, म्यासाचुसेट्सका श्रद्धा केसी र श्वेता लामा तथा मिनिसोटाकी स्मृति लामिछाने छन्। प्रतियोगीहरूको प्रशिक्षण अगस्ट ६ तारिखमा प्रारम्भ हुनेछ भने फाइनल न्युयोर्कस्थित मेलरोज बलरुममा अगस्ट ११ तारिखमा हुँदैछ। अगस्ट ६ देखि १० सम्म हुने तालिममा सन् २०१० कि मिस नेपाल सदिक्षा श्रेष्ठले विविध विषयमा तालिम प्रदान गर्नेछिन्। सदीक्षा यो प्रतियोगिताकी कोरियोग्राफरसमेत हुन्। यसैगरी मिस वुमेन न्युयोर्क-२०१७ की विजेता फतेना क्वासेमले पनि प्रतिस्पर्धीहरूलाई तालिम प्रदान गरिने सञ्चालक निराकार उप्रेतीले बताए।

# एकै ठाउँमा
# पारस र हिमानी






तस्बिरहरू : पुकार अर्याल

मानिसको योग्यता र क्षमता यस्तो हतियार हो, जसले जिन्दगीमा अभाव र समस्याबाट मुक्ति दिलाउन सक्छ ।' सोमबार साँझ बजे पूर्वयुवराज्ञी हिमानी शाहले छोरी पूर्णिकासहित एउटा आकर्षक तस्बिर आफ्नो फेसबुक पेजमा अपलोड गर्दै यही स्टाटस पोष्ट गरिन् । तस्बिरमा आमा-छोरी नै होटलको सेफको पहिरनमा छन् । नेपालगन्जस्थित होटल सोल्टीको भान्सामा खिचिएको उक्त तस्बिरमा दुवै जनाको हातमा 'इसेन्स अफ बेकिङ एन्ड पेस्ट्री' पुस्तक पनि छ, अर्थात् हिमानी तथा पूर्णिका केक बनाउने तयारीमा छन् ।






साप्ताहिकलाई प्राप्त केही तस्बिरमा पूर्वयुवराज्ञी हिमानीले होटलका सेफहरूसँग केक बनाउने विधिका सम्बन्धमा जानकारी हासिल गरिरहेको देख्न सकिन्छ । साप्ताहिकलाई तस्बिरहरू उपलब्ध गराउने पुकार अर्यालका अनुसार हिमानी तथा पूर्णिकाले होटलमा दुई दिन बेकरीको प्रशिक्षण लिएका थिए । त्यस क्रममा उनीहरूले चीज केकसहित अन्य केही रेगुलर केक बनाएका थिए ।









प्राप्त जानकारीअनुसार पूर्वराजपरिवारका सदस्यहरूसहित पूर्वराजा ज्ञानेन्द्र अघिल्लो साता नेपालगन्ज पुगेका थिए । नेपालगन्ज पुगेपछि उनीहरू विमानस्थलबाट झन्डै तीन किलोमिटरको दूरीमा रहेको होटल सोल्टी पुगे । पूर्वराजा ज्ञानेन्द्रसँग पूर्वयुवराज पारस, युवराज्ञी हिमानी तथा छोरा-छोरीहरू पनि थिए । परिवारका सबै सदस्य होटल सोल्टीमै बसे पनि पारस भने सिद्धार्थ होटलमा सुतेको स्रोतले जनाएको छ । दुई रात बाहिरै सुतेपछि तेस्रो रातदेखि पारस पनि सोल्टी होटलमै आएर बसेको स्रोतले उल्लेख गरेको छ । यद्यपि सँगैको उक्त बसाइका क्रममा पारस र हिमानीबीच कस्तो सम्बन्ध रह्यो स्पष्ट हुन सकेको छैन । यसलाई छोरा-छोरीहरू सँगैको पारिवारिक यात्रा बताइए पनि यो हिमानी र पारसलाई जोड्ने प्रयास पनि हुनसक्ने तथ्यलाई अस्वीकार गर्न सकिँदैन ।

# साउने उमंग

हिन्दू धर्मशास्त्रअनुसार विवाहित महिलाले हातमा लगाउने चुरालाई श्रीमान्को दीर्घायुसँग जोडिन्छ। त्यसैले विवाहित महिलाहरू सकभर हात खालि राख्दैनन्। चुराले महिलाको हातलाई सुन्दर देखाउँछ। साउने सोमबारका दिन प्रायः सबैजसो महिला हरिया चुरा तथा बालाहरूमा सजिएका हुन्छन्। इन्द्रचोकस्थित पुर्ख्यौली चुरापोते पसलकी सायरा बानुका अनुसार विगत ६-७ वर्षयता दसैं, तीज तथा विवाहको लगनमा जस्तै साउनभरि चुराको व्यापार हुने गरेको छ। साउन आउनुभन्दा एक साताअघि नै साउनका लागि हरिया चुराहरू बिक्री हुन थाल्ने साराले बताइन्। हरिया चुराका साथमा पहेंला तथा राता चुराहरू पनि उत्तिकै बिक्री हुने भक्तपुर दरबार स्क्वायरमा पुर्ख्यौली व्यापार गर्दै आएका अब्दुल्ला मियाँ बताउँछन्। केही वर्षयता साउनमा तीजकै हाराहारीमा चुरापोतेको व्यापार हुने मियाँले बताए। साडी, ब्लाउज तथा कुर्तामा भएका स्टोन अनुसारका चुरा किन्न आउनेहरूको भीड पनि त्यत्तिकै हुन्छ। साउने सोमबार आफन्त, दिदीबहिनी तथा साथीहरूलाई पनि चुरा, टीका आदि सौभाग्य सामग्रीहरू उपहारका रूपमा प्रदान गर्न थालिएकाले चुरा पसलको आम्दानी बढ्दो छ।



तस्विर : नवराज बाले

# चुरा पोतेको क्रेज



### सुहागको प्रतीक पोते

विवाहित महिलाहरूका लागि पोतेको महत्व बेग्लै छ। रातो सारीमा हरियो चुरा लगाउँदा महिलाहरूको सौन्दर्य थप वृद्धि हुन्छ। तीज तथा साउने सोमबारका लागि त पोते अनिवार्य एसेसरिजझैं भैसकेको छ। केही समयअघि पोतेमा तिलहरी मात्र राखेर लगाउने चलन थियो भने अहिले नौगेडीका साथै डिजाइन-डिजाइनका माला बनाइ लगाउने चलन बढ्दो छ। इन्द्रचोकमा पोतेको व्यापार गर्दै आएका हसन खान साउनमा पनि दसैं, तीज, विवाहमा जस्तो राम्रो व्यापार हुन थालेको बताउँछन्।

### मेहन्दीको समय

मेहन्दीलाई सगुन तथा गुडलकका रूपमा समेत लिइन्छ। त्यसैले हरेक शुभ कार्य विवाह, तीज तथा पवित्र महिना साउन भरि नै मेहेन्दी लगाउने चलन छ। मेहन्दी डिजाइनअनुसार विभिन्न नामले चिनिन्छ, जस्तै : भारतीय, अरेबिक, पाकिस्तानी, इन्डो-अरेबिक, मोरोक्कन, ग्लिटर, मुगाली, फ्लोरियल, बंगाली आदि। नेपालमा भने भारतीय मेहन्दी बढी चलेको पाइन्छ। नेपालमा भारतीय तथा अरेबिक डिजाइनका मेहन्दी विशेष रोजाइमा पर्छन् भने मेहन्दी तथा फ्लोरल मेहन्दीको क्रेज पनि उत्तिकै छ। महिलाहरू साउनमा आफ्ना हात-खुट्टा मेहन्दीले सजाउँछन्। मेहन्दी डिजाइनरले ५० रुपैयाँदेखि १ हजार रुपैयाँसम्ममा भनेजस्तो मेहन्दी लगाइदिन्छन्।

**सिर्जना दुवाल श्रेष्ठ**

# विवाहपछिको पहिलो साउन



म ब्रत पूजापाठ गरेर भन्दा सत्कर्म र असल व्यवहारबाट भगवान् प्राप्त गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छु। त्यसैले साउनमा विशेष पूजा वा ब्रत बस्ने छैन तर विवाहपछिको पहिलो साउन भएकाले अरू बेलाभन्दा पक्कै केही फरक काम गर्नेछु। मलाई चुरा-टीकाको निकै सोख भएकाले श्रीमान्ले दिएको हरियो चुरापोते एवं टीका लगाएर श्रृंगार गर्नेछु। भर्खरै विवाह भएकाले घर एवं पारिवारिक भेटघाटमै समय बिताउनेछु।

***प्रज्ञा सुवेदी, उद्यमी***

म अहिलेसम्म साउनको कुनै ब्रत बसेकी छैन, तर विवाह भएको पहिलो वर्ष भएकाले साउने सोमबारभर शाकाहारी भएर शिवजीको पूजाआजा गर्ने सोच छ। आफू जति आधुनिक भए पनि धर्म-संस्कृतिलाई फलो गर्नुपर्छ, त्यसैले साउनभरि कलरफुल पहिरनमा हिँड्छु।

***आयुषा कार्की, मिस टिन तथा ज्वेलरी डिजाइनर***

साउनको आभाष असारदेखि नै हुन थालिसकेको छ। विवाह भएको वर्ष भएको हुँदा साउनमा हल्का हरियो पहिरन, एक्सेसरिज आदि किन्नेदेखि साउन एक महिना माछा, मासु नखाने योजना छ। साउनमा हरियो पहिरन, चुरा, टीका आदि लगाएर मठ मन्दिर गएको दृश्य सार्है रमाइलो लाग्छ। यद्यपि म भोकै ब्रत बस्ने पक्षमा भनेछैन।

***आशिष्मा नकर्मी, अभिनेत्री***

आमाले साउने सोमबार चोखो खाएर, लाएर मन्दिर गएको कुरा सानैदेखि देख्दै आएकी छु। म पनि विवाहपछि आमाले जस्तै चोखो खाना खाने, पूजापाठ गर्ने तथा हरियो कम्बिनेसनमा हिँड्ने योजनामा छु। हिन्दू शास्त्रअनुसार यो ब्रत श्रीमान्को दीर्घायुका लागि बसिन्छ। म यो महिना चाहिँ चोखो खानपिनमा ध्यान दिने सोचमा छु।

***आस्था बी, गायिका***

यो साउन त हाम्रा लागि विशेष नै छ। किनभने यो हाम्रो प्रेमको आठौं एनिभर्सरी पनि हो। विवाहपछिको पहिलो साउन भएकाले म ब्रत पनि बस्ने योजनामा छु। आफूले रोजेको नै शिव पाएकोमा भगवान् शिवलाई धन्यवाद दिने तयारीमा छु।

***नीलम भारती, विद्यार्थी***

# साउनको पहिरन



तस्बिर : महेश प्रधान

केही वर्ष यतादेखि साउने सोमबारका दिन हरियो पहिरन लगाउने चलन बढ्दो छ। प्रकृतिसँग जोडिएर होस् वा भगवान शिवलाई मनपर्ने रंग भएकाले होस्, महिलाहरू बजार, अफिस तथा मठ मन्दिरमा हरियो सारी, कुर्ता, टप्स, वान पिस आदिमा देखिन्छन्। गर्मी मौसम भए पनि वर्षाका कारण केही शीतल नै हुने साउनमा सकभर पानीमा भिज्दा रंग नजाने, छिट्टै सुक्ने पहिरन छान्नुपर्छ। कतिपयले आफ्नो पहिरनमा युनिक बनाउने धुनमा विभिन्न रंग तथा फेब्रिकको पाइपिंङ, बोर्डर आदि राख्न लगाएका हुन्छन्। रंग जाने, सुक्ने जस्ता समस्याले महंगो पहिरन बिग्रने सम्भावना पनि उत्तिकै हुन्छ। मन्दिर जाने बेला सिफन वा नेटको प्लेन वा किनारामा गोल्डेन, पिंक, एल्लो बोर्डर भएको साडी लगाउन सकिन्छ। यस्ता साडीसँग रंगिचंगी सेल्फ वर्क भएको नेटको ब्लाउज आकर्षक देखिन्छ, जसले फरक लुक्स दिनुका साथै लगाउन सहज पनि हुन्छ अनि गर्मी पनि हुन दिँदैन। गृहिणीहरूले साडी लगाएर मन्दिर गए पनि कामकाजीहरूका लागि टु इन वान डिजाइनको पहिरन आवश्यक हुन्छ। बिहान मन्दिर दर्शन गरेर सीधा काममा जानेहरूका लागि लंग ग्रिन कुर्तीमा निलेन्थ पाइन्ट, प्लाजो वा जिन्स उपयुक्त हुन्छ।



# साउनमा भीड लाग्ने शिवालयहरू

साउन महिनालाई भगवान् शिवको महिनाका रूपमा लिइन्छ। यो महिना भगवान् शिवलाई खुसी पार्न सके अविवाहित महिलाहरूले भने जस्तै श्रीमान् पाउने जनविश्वास छ। पछिल्लो समय महिला मात्र नभएर पुरुषहरूले पनि यो महिना शिवको आरधना गर्ने चलन बढ्दै गएको छ। साउनको सोमबारलाई विशेष दिनका रूपमा हेरिन्छ। यो दिन नदी किनाराबाट जल लिएर शिवलिंगमा चढाउने चलनसमेत छ।

**माइधाम**

झापास्थित माइधाम पूर्वको चर्चित शिवालय हो। साउन महिनामा माइ नदीको तीरमा अवस्थित यो धाममा माइ नदीको जल चढाइन्छ।

**पिण्डेश्वर**

साउने सोमबारका दिन जल चढाउने महत्वपूर्ण तीर्थका रूपमा धरानस्थित पिण्डेश्वर धाम पनि हो। यहाँ पूर्वी नेपालका मात्र नभएर भारतको पश्चिम बंगाल, सिक्किमदेखि दार्जीलिङसम्मका भक्तजनको भीड लाग्छ। चतराबाट कोसीको जल बोकेर पिण्डेश्वरमा ल्याई चढाउने चलन छ।

**विश्रान्ति**

धनकुटाको विश्रान्ती मन्दिर परिसरमा अवस्थित शिवालयमा नजिकैको तमोर नदीको जल चढाउन भक्तहरूको घुइँचो लाग्छ।

**देवघाट**

चितवन, नवलपरासी तथा तनहुँको संगमस्थल देवघाट नेपालको ठूलो धार्मिक केन्द्रका रूपमा स्थापित हुँदैछ। नारायणी नदीको किनारमा अवस्थित यो धार्मिक क्षेत्रमा साउनको सोमबार जल चढाउने भक्तजनको ठूलो भीड लाग्छ। यहाँ नारायणी नदीबाट ल्याइएको जल शिवालयमा चढाइन्छ।

**पशुपतिनाथ**

साउन महिनामा सबैभन्दा बढी भक्तजन ओइरिने मन्दिर काठमाडौंको पशुपतिनाथ नै हो। पशुपतिनाथमा नेपालका मात्र नभएर भारतलगायत अन्य देशका श्रद्धालु भक्तजनको समेत भीड लाग्छ। सुन्दरीजलबाट ल्याइएको जल पशुपतिनाथमा चढाए पुण्य कमाइने विश्वास रहँदै आएको छ।

**डोलेश्वर महादेव**

भक्तपुरस्थित डोलेश्वर महादेवको मन्दिरमा पनि साउने सोमबारका दिन ठूलो भीड लाग्छ। यो मन्दिरलाई भारतको प्रसिद्ध केदारनाथ मन्दिरको शिर मानिन्छ। यहाँ जल चढाउन भारतबाट समेत भक्तजन आउँछन्।

**गोदावरी**

कैलालीको गोदावरीमा साउनका सोमबार विशेष घुइँचो लाग्छ। पश्चिम नेपाललगायत भारतका विभिन्न स्थानबाट आएका भक्तालुले शिवालय नजिकको गोदावारी नदीबाट ल्याएको जल चढाउने चलन छ।

## @ साउन

सरकारलाई केही गरे नि सुख छैन साउनमा बाटो पिच गर्‍यो भनेर ट्रोल बन्छ, नगरुम त बाटैमा धान रोपेर जात्रा।

**दीपक गिरी**

ब्राजिलको भेस्ट जतनले राखम् है, त्यही लगाएर बोलबम जानुपर्छ।

**सम्झना प्रसाई**

पशुपतिनाथ वरिपरि बोलबम भन्दै खालिखुट्टा हिँड्ने प्रायः भारतीय नागरीक मात्र देखिए, खैर केही छैन, आफू त अलि पर बसेर रमिता हेरिन्छ। जय भोलेनाथ शम्भो।

**ज्ञानु लामा**

हाम्रो देशका नारीहरू कोही मेहन्दी लगाउँदै छन् भने कोही गोबर सोहोर्दै छन्। रंग त उस्तै हो तर भाग्य फरक, केही रहरले केही बाध्यताले।

**भीम ओझा**

आफ्नो विश्वास नभए पनि भगवानको विश्वास छ भन्नेहरूलाई– बोलबम।

**प्रदेशी कान्छा**

यो चप्पल-जुत्ता र बोलबमबीच के दुश्मनी रै'छ बुझ्नै गाह्रो, तैपनि श्रद्धालुहरूको भावनालाई सलाम-बोलबम।

**पराजुलीजी**

आज लुतो फाल्ने दिन, लुतो फाल्दा यतै ट्विटरतिर फालेर दुई चार जनालाई नसारी भएको छैन।

**बेगारी**

संसारकै भाग्यमानी त ती हुन्, जसले साउन महिनाभरि हरेक दिन २/४ सय केटीको हात समाउँदै मेहन्दी लगाइदिने मौका पाउँछन्।

**आजित**

साहित्य

# मदन पुरस्कार छनौटमा परेका पुस्तकहरू

मदन पुरस्कार गुठीले २०७४ सालमा प्रकाशित पुस्तकहरू मध्येबाट आफ्नो छनौट समितिले छानेका आठ श्रेष्ठ पुस्तकको सूची सार्वजनिक गरेको छ । गुठीलाई प्राप्त भएका जम्मा २ सय ५३ पुस्तकमध्ये आठवटा पुस्तक मदन पुरस्कारका लागि सिफारिसमा परेका हुन् । यी पुस्तक मध्येबाट एउटा पुस्तकलाई २०७४ सालको मदन पुरस्कार प्रदान गरिनेछ ।




**कैरन**

लेखक तथा पत्रकार ध्रुवसत्य परियारको कथा संग्रह कैरनले मिथक कथाहरूलाई नयाँ शैलीमा प्रस्तुत गरेको छ । लेखकले नेपाली समाजमा चल्दै आएको छुवाछूत जस्तो विकृतिलाई मिथक कथामार्फत तोड्ने प्रयास गरेका छन् । संग्रहका सबै कथा राजा-महाराजासम्बन्धी छन् र लेखकले ती पुराना कथालाई पुनर्लेखन गरेर नयाँ रूप दिएका छन् । सदियौंदेखि हामीले सुन्दै आएका कथालाई समय सान्दर्भिक रूपमा पुनर्लेखन गरिएका यी कथाहरू पठनीय पनि छन् । एक दर्जन कथा समावेश कैरन साङ्ग्रिला बुक्सले बजारमा ल्याएको हो ।

**नथिया**

वादी समुदायमा एउटा अनौठो चलन छ- पहिलो पटक महिनावारी भएपछि नाकमा नथिया लगाउने र पहिलो ग्राहकसँगको यौन सम्बन्धपछि उक्त नथिया उतारेर विधिवत रूपमा यौन व्यवसायमा लाग्ने । त्यसपछि उनकै परिवारका सदस्यहरू उनका ग्राहकको खोजीमा हुन्छन् । वादी समुदायको यस्तै पृष्ठभूमि बोकेको कथालाई उपन्यासमा उतारेकी छिन्, सरस्वती प्रतीक्षाले । यो पुस्तक बुकहिल प्रकाशनले बजारमा ल्याएको हो ।

**पाठशाला**

तीर्थ गुरुङको उपन्यास पाठशालामा किशोर मनोविज्ञान तथा विद्यालयलाई पृष्ठभूमि बनाएर जातीय विभेद, वर्गीय विभेद एवं जनयुद्ध जस्ता विषयहरू उठाइएको छ । उपन्यासकारले म्याजिकल रियलिज्म, पात्रको नामाकरण र पात्रको भाषाको नयाँ प्रयोग गरेका छन् । किशोर-किशोरीका बारेमा उनीहरूकै लवज एवं शैलीमा लेखिएको यो उपन्यास रोचक छ । यो उपन्यास बुक हिलले प्रकाशन गरेको हो ।

**भुइयाँ**

थारु भाषामा भुइयाँको अर्थ हुन्छ, भूमि, धर्ती र पृथ्वी । भूमिको रक्षा गर्ने देवता भूयाँरलाई भुइयाँ भनिन्छ ।

पत्रकार यज्ञशद्वारा लिखित गैरआख्यान भुइयाँ किसान, सुकुम्बासी तथा कमैयाहरूको दर्दनाक कथाहरूमाथि केन्द्रित छ । २ लाख २ हजार २ रुपैयाँको पहिचान पुरस्कार प्राप्त भुइयाँमा नारी पात्रलाई सशक्त ढंगमा प्रस्तुत गरिएको छ । यो पुस्तक फाइन प्रिन्टले बजारमा ल्याएको हो ।

**यार**

नयनराज पाण्डेको यार २५ थान संस्मरण संग्रह हो । यो पुस्तकमा लेखकले आफ्नो बाल्यकालदेखिका संस्मरण संगालेका छन् । पाठकहरूलाई यी संस्मरण पढ्दा कथा पढिरहे जस्तो लाग्न सक्छ । पाण्डेले पुस्तकमा आफूले देखे-भोगेका कुरा उतारेका छन् । यारलाई फाइनप्रिन्टले बजारमा ल्याएको हो ।

**योगमाया**

१९३० को दशकमा भोजपुरको नेपालेडाँडा, सिम्ले गाउँमा जन्मिएकी योगमाया त्यतिबेलाको अशिक्षित नेपाली समाजलाई संगठित गरेर मर्न, मार्न तयार आँटिली महिला हुन् । उनकै जीवनमाथि साहित्यकार निलम कार्की निहारिकाले लेखेको कृति हो- योगमाया । इतिहासकी पात्र योगमायालाई निलमले आख्यानका रूपमा ढालेकी छिन् । यो पुस्तकले योगमायाको भूमिका तथा उनको संघर्षलाई नजिकबाट चिन्न सघाउँछ ।

**लिम्बुनी गाउँ**

पाँचथरका राज माइलाक कविता लेखन तथा शिक्षण पेशामा सक्रिय छन् । उनको कविता संग्रह लिम्बुनी गाउँले लिम्बुवानलाई हेर्ने दृष्टिकोण फराकिलो बनाउँछ । माइलाकका कविता फरक शैलीका छन् । कवितामा बिम्बहरूको पर्याप्त प्रयोग गरिएको छ । उनका कविताले समग्र लिम्बुवान सभ्यताको प्रतिनिधित्व गरेका छन् । यो कविता संग्रह साँवा खोलाको गीत, अक्षरहरूको मैलो र समय सन्नाटामा : मध्यदिनको सडक समाधि गरी तीन खण्डमा बाँडिएको छ । यो कृतिलाई शिखा बुक्सले बजारमा ल्याएको हो ।

**हिमाली दर्शन**

नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरण सौन्दर्य चिन्तकका रूपमा समेत परिचित छन् । वैद्यको पुस्तक हिमाली दर्शन पूर्वीय दर्शनमा आधारित छ । पूर्वीय दर्शनलाई भारतीय दर्शन भन्नुभन्दा हिमाली दर्शन भन्नु उचित भएको लेखक बताउँछन् । हिमाली दर्शनलाई साझा प्रकाशनले बजारमा ल्याएको हो ।



**साहित्यकार राजेन्द्र थापाले मदन पुरस्कार छनौटमा परेका पुस्तक सूची सार्वजनिक भएपछि फेसबुकमा एउटा स्टाटस लेखे भने त्यसमा विभिन्न टिप्पणीसमेत गरिए ।**

मदन पुरस्कार गुठीले आफ्नो पुरस्कार प्रदान हेतु अन्तिम चरणमा छानिएका आठ पुस्तक भन्नुपर्छ । उत्कृष्ठ आठ भन्नु उचित होइन । देशभरका अन्य पुस्तक निकृष्ट भन्ने अर्थ लाग्न सक्छ ।

**राजेन्द्र थापा**

सिर्जनात्मक लेखनमा यो पनि एक प्रकारको सिन्डिकेट नै हो ।

**एमपी खरेल**

सही कुरा ।

**सुमन श्रापित, पहल असिम, एकेन्द्र अछामी खड्का, आर्यन कौडिन्यान**

सहमत छौं ।

**दीपक विश्वास अंशु, लेख कार्की, पहल असिम**

त्यहाँ पेस गरिएकाहरूबाट छानिएका उत्कृष्ट हुन्छन् । पेस नगरिएका तीभन्दा उत्कृष्ट कृतिहरू पनि छन् ।

**डाक्टर घनश्याम परिश्रमी**

मदन पुरस्कार गुठीको नजरमा उत्कृष्ट भनिएको हुन सक्छ ।

**सागर बस्नेत**

क्या बात ।

**राम अविरल विष्ट**

सत्य वचन ।

**एक अपरिचित**

मेरो पनि सहमति छ ।

**बुद्धि तेम्बे माइला**

मलाई त खासै राम्रा खाले छानिए जस्तो लागेन ।

**प्रकाश श्रेष्ठ**

यो देशमा पुरस्कारको पसल थाप्नेहरूले उत्कृष्टको सूची निकाल्छन् । एउटाको सूची अर्कोसँग मिल्दैन । सबैको सूची भिडाएर हेर्ने हो भने वर्षभरिका सबै पुस्तक तथा एल्बम उत्कृष्टको सूचीमा परेका देखिन्छन् । अब पुरस्कार थाप्ने कि नथाप्ने निर्णय कलाकार एवं लेखक स्वयंकै हो । पुरस्कारका दोकानले यसको गरिमा घटाएको लाजमर्दो अवस्था ।

**राजाराम फुयाँल**

मदन पुरस्कार पनि खासै लाग्न छाड्यो । धेरै बुझेर होला सायद ।

**प्रेम राइ**

यो गतिलो यो अगतिलो भनेर छुट्याइनु आफैंमा राम्रो हुँदै होइन ।

ऐलानी परेन, विप्लवी परेन भनेपछि कुरा बुझियो ।

**आवाज शर्मा**

साहित्य होस् वा चलचित्र उत्कृष्ट छनौट गर्ने पाठक वा दर्शकले मात्र हो छनौट समिति वा जुरीले छानेकालाइ पुरस्कृत भनौं, उत्कृष्ट होइन ।

**दीपकराज गिरी**

लास्टैं पाउने क.किरणले होला केरे...।

**यम तिमिल्सीना**

नेपालमा पुरस्कार र एवार्ड पाउनेभन्दा पनि लिने चलन छ अर्थात् किन्ने । मलाई त विश्वास नै लाग्दैन यहाँको निष्पक्षतामा ।

**दिप्त प्रकाश**

मदन पुरस्कार नै नेपाली साहित्यको सिन्डिकेट भयो । हामी त टुलुटुलु हेर्या हेर्यै ।

**दीप**

यो बहुत सन्तुलित प्रतिक्रिया हो । पुरस्कार हेतु छानिएका आठ पुस्तक अथवा गुठीका नजरमा पुरस्कारका लागि योग्य मानिएका कृतिहरू ।

**विकास सिलापुत्र**

कतिपय स्रष्टालाई त्यो पुरस्कारप्रति मोह नभएर पेस पनि गरिएन होला । मदन पुरस्कार मात्र उत्कृष्टताको कसि होइन ।

**एमके राउत**

तपाईंको दृष्टिमा उत्कृष्ट अरूको दृष्टिमा निकृष्ट पनि त हुन सक्छ नि महोदय ।

**विश्वम्भर चन्चल घिमिरे**

पूर्वबाट घाम झुल्किन्छ भन्नुको अर्थ पश्चिमबाट घाम झुल्किन्छ भन्नुको विरोध हो ।

**युवराज काफ्ले**

मदन पुरस्कार गुठीले पुरस्कारका लागि छानेका पुस्तक भन्नु राम्रो होला ।

**दिव्य गिरी**

कसले पाउँछ भन्ने मैले अनुमान गरेको छ । मिल्छ मिल्दैन पछि भन्छु ।

**लोकराज अधिकारी**

लघुकथा

# बाहिरी रूप

**रामप्रसाद घिताल**

'नमस्कार सर !' कुर्सीबाट जीउ आधा घुमाएर हेरें, औंलाका टुप्पाले निधार छोएर जोडिएका हात, झुकेको नजर, मन्द मुस्कान । हाँस्दा देखिएका हिमालझैं उज्याला दन्तपंक्ति । लाग्यो, मरुभूमिमा घण्टौंसम्म आकुलव्याकुल भएर बसेको मलाई कसैले शीतल जल ल्याइदिएको छ । त्यही जलले म आफ्नो आँत भिजाउँदैछु ।

'म मञ्जरी ! बिदामा थिएँ । सर आउनुभएँछ, यहाँलाई स्वागत छ...!' यस्तो सद्भाव यहाँ कसैले देखाएकै थिएन । आफू नयाँ, आफ्ना लागि सबै नयाँ । सबै अनौठो दृष्टिले हेर्थे । झुन्ड-झुन्ड भएर कुरा गर्थे । कसैले केही सोध्दैनथे । नजानिँदो पाराले छेड हानिरहेका हुन्थे । मानौं म उनीहरूको भाग खोस्न आएको हुँ । काम गर्न असहज भैरहेको थियो । कम्प्युटरमा घोत्लिरहँदा ऊ आएकी थिई ।

श्रद्धापूर्वक नमस्कार र मधुर मुस्कान मात्र छोडिन, उसले मेराबारेमा खोजीनीति समेत गरी । कार्यालयको वस्तुस्थिति जानकारी गराई । कर्मचारीहरूका बारेमा बताई । बचेर बस्नुपर्ने मानिसहरूका बारेमा सचेत गराई । भेट भएको दोस्रो दिन झोलाबाट झिकेर स्याउ काटेर खाई । सानो टुक्रा स्याउमा कति प्रेम मिसिएको थियो ? वर्णने गर्न सक्दिनँ । त्यति मीठो स्वाद अहिलेसम्म पाएकै छैन । तेस्रो दिन चिया खान जाने प्रस्ताव राखी । कार्यालयमा एक साता भैसक्दा पुरुष मित्रले समेत चियाको 'अफर' गरेका थिएनन् । मनले स्वीकार गरे पनि अप्ठ्यारो मान्दै समर्थन जनाएँ ।

निकटता झ्याङिगने क्रम बढ्यो । सोच्थें ऊ किन नजिकिरहेकी छ अनि म पनि । ऊ विवाहित नारी । म विवाहित पुरुष । यस्तो सोच्नु मूर्खताबाहेक केही हुँदैनथ्यो । के नारी-पुरुषबीच अरू सम्बन्ध हुन सक्दैन ? सँगै हिँडेको, नजिकै बसेको र कुरा गरेको देख्नेबित्तिकै नकारात्मक नै सोच्नुपर्ने किन ?

दिनहरू बित्दै थिए । हरेक दिन उसको नमस्कारको प्रतीक्षा हुन थाल्यो । हाम्रो अलग-अलग दिन बिदा हुँदा सातामा पाँच दिन भेट हुने भएकाले बिदा एकै दिन बनाइयो । उसले मेरो 'आन्द्राभुँडी' थाहा पाई । मैले उसको । आफ्नो कमाइ राम्रो नभए पनि पतिले दिएको पैसामा रवाफ देखाउनुपर्ने उसलाई । स्नातकोत्तर तह पढिरहेकी उसलाई भ्रम थियो, 'संसारको सबै ज्ञान ममा छ । ' म सम्झाउँथें, ऊ तर्किन्थी ।

उसले मसँग 'धुतेका' कुरा विस्तारै अन्य मित्रबाट सुनिन थाले । बल्ल पो बुझें, नमस्कारको अर्थ, हातमा लगाइएका जोर बेरुवा औंठी प्रदर्शन गर्नु पो रहेछ । म लोभिएको मुस्कान त व्याधाले मृगको वध गर्न गाएको गीत रहेछ । नजिकिनुको अर्थ आफूलाई संसारमै सबैभन्दा जान्नेछु भन्ने देखाउनु रहेछ । म त बाहिरी रूपमै झुक्किएको पो रहेछु ।



# खुसी, आँसु र दुःख



फुटबलका सर्वकालीन महान् खेलाडी पेलेको भाषामा फुटबल 'ब्युटिफुल गेम' हो, अर्थात् सुन्दर खेल। यस्तो किनभन्दा फुटबलले खुसी दिन्छ। उक्त खुसीले उत्साह, समृद्धि आदि धेरै थोक दिन्छ। त्यसैले पनि फुटबल भनेपछि हुरुक्क हुनेहरू धेरै छन्, आम जनतादेखि लिएर सिंगो देशसम्म। एक महिनाअघि प्रारम्भ भएको विश्वकप-२०१८ अहिले अन्त्यतिर छ।

फुटबलले खुसीसँगै धेरै सकारात्मक सोच दिन्छ, यसको उदाहरण हो-फ्रान्स। फ्रान्स फेरि एकपटक विश्वकपको फाइनलमा पुगेको छ र उपाधिका लागि प्रबल दावेदार बनेको छ। डिडिएर डेसक्याम्पको फ्रान्स दुई वर्षअघि युरोपेली च्याम्पियनसिपको पनि फाइनलमा पुगेको थियो। दुई वर्षभित्र दुई ठूला प्रतियोगिताको फाइनल खेलेर फ्रान्सले प्रमाणित गरेको छ, उसको फुटबल अब्बल दर्जाको छ।

धेरै होइन, चार वर्षअघि मात्र फ्रान्सेली फुटबल धरापमा थियो। त्यतिबेला भन्न थालिएको थियो, फ्रान्स देश आफै समस्यामा छ। फ्रान्सेलीहरूबीच एकता हुन छाडेको छ, त्यहाँका जनताबीच फाटो छ। आप्रवासीहरूले गर्दा फ्रान्स असुरक्षित पनि हुन थालेको छ। यसको झझल्को फ्रान्सेली टिममै पनि देखिएको थियो। टिम एकपछि अर्को समस्याबाट गुज्रिरहेको थियो। त्यसलाई रोक्न सक्ने एउटै तत्व फुटबल थियो।

आखिर त्यस्तै भयो। फ्रान्स जत्तिको विविधता भएको देश अरू कुनै छैन पनि भनिन्छ। अचेल सबै एकै स्थानमा छन्, खुसी मनाइरहेका छन्, सबै उत्साहित छन्। अहिलेको फ्रान्सेली टिम युवा मात्र छैन, देशजस्तै यसमा पनि विविधता पाइन्छ। टिमका अधिकांश खेलाडी अफ्रिकी मूलका छन्, तिनका परिवारले कुनै समय फ्रान्समा आप्रवासीका रूपमा प्रवेश गरेका थिए, भोक, गरिबी तथा अशिक्षाबाट मुक्ति पाउन। अहिलेका ती सबै खेलाडीले फुटबलकै कारण समृद्धि अनुभव गरिरहेका छन्। फुटबल र अहिलेको विश्वकपले फ्रान्सलाई प्रशस्त खुसी दिएको छ।

यही फुटबल र विश्वकपले आयोजक रुसलाई पनि धेरै खुसी दियो। रूसीहरूले एउटै छानामुनि बसेर फुटबलको निहुँमा खुसीयाली मनाएको दृश्य पहिलो पटक देखियो। प्रतियोगिता सुरु हुनुअघि त कसैले पनि रुसी टिमलाई भाउ दिएका थिएनन्। हुन पनि रुसी टिम प्रतियोगितामा सहभागीमध्ये सबैभन्दा तल्लो वरियताको टिम थियो। आखिर यही टिमले क्वाटरफाइनलसम्मको यात्रा तय गऱ्यो। रुसले फुटबल र विश्वकपको निहुँमा वास्तविक रुस कस्तो छ भन्ने कुरा पनि देखाउन पायो। फुटबलमा सबै टिमले उपाधि जित्दैनन्, न त प्रतियोगिताको आयोजना नै गर्न पाउँछन्, तैपनि खुसी हुने निहुँ त हुन्छ नै।

एसियाली देशमध्ये जापान एउटा मात्र त्यस्तो देश रह्यो, जसले नकआउट चरणमा प्रवेश पायो। त्यसक्रममा जापानी फुटबल टिमले धेरै एसियाली फुटबल समर्थकको अनुहार खुसी ल्याउने काम गऱ्यो। खुसी त रुस पुगेको जापानी समर्थकले पनि देखाए। भलै टिम हारेको थियो, अन्तिम १६ मा, तर उनीहरूले खेलपछि रंगशाला सफा गर्न बिर्सिएनन्। जापानी समर्थकले यसरी रंगशाला सफा गरेर गज्जब नै गरे।

सेमिफाइनल पुगेपछि बेल्जियम, इंग्ल्यान्ड र क्रोएसियामा पनि उत्तिकै खुसी भए। इंग्ल्यान्ड लामो समयपछि विश्वकपमा यति लामो दूरी तय गर्न सफल भएको हो, त्यसैले पूरा बेलायत अहिले फुटबलमय भएको छ। अर्कातर्फ क्रोएसियाको छोटो इतिहासमा खालि युद्ध र त्यसले दिएको विभिषिका मात्र पाइन्छ, तर त्यसलाई भुल्ने र सकारात्मक हुने निहुँ क्रोएसिया तथा त्यहाँका जनताका लागि दिएको छ फुटबलले।

फुटबलको सुन्दर यो रूप मात्र उसको परिचय होइन, फुटबललाई निर्दयी पनि भनिन्छ, किनभने यसले दुःख पनि दिन्छ, दुःखले आँसु पनि दिन्छ। बेल्जियम सेमिफाइनलमै रोकिएपछि उसका लगभग सबै खेलाडी असिम पीडाका कारण मैदानमै ढले। नढलुन् पनि किन ? अहिलेको बेल्जियम फुटबल सबैभन्दा राम्रो समयबाट गुज्रिरहेको छ, टिमका खेलाडी स्वर्णिम पुस्ताका हुन्।

तैपनि बेल्जियम विश्वकप फाइनलको यति नजिक पुगेर निराश हुनुपऱ्यो। यस्तै-यस्तै अनुभव क्वाटरफाइनलमा पुगेर रोकिएका टिमले पनि गरेको हुनुपर्छ, विशेषतः ब्राजिलले। धेरैले मन पराउने टिम हो-ब्राजिल। ऊ उपाधिको सबैभन्दा बलियो दावेदार मानिएको थियो, तर टिम फेरि एकपटक क्वाटरफाइनलमै रोकियो।

यसपटकको विश्वकपमा दुई ठूला टिम अन्तिम १६ मा रोकिए, अर्जेन्टिना र पोर्चुगल। यो प्रदर्शनले पूरा देश, तिनका खेलाडी तथा समर्थकलाई पनि उत्तिकै दुःख भएको हुनुपर्छ। नहोस् पनि किन ? यी दुई टिममा थिए, अहिलेको विश्व फुटबलका दुई ठूला स्टार लियोनल मेसी र क्रिस्टियानो रोनाल्डो। सायद दुवैले अन्तिम पटक विश्वकप खेले, सम्भवतः अब फेरि उनीहरू विश्व फुटबलको यो सबैभन्दा ठूलो प्रतियोगितामा देखिने छैनन्। उनीहरू निकै राम्रा खेलाडी हुन्, तर उनीहरूको खेल जीवनमा विश्वकप जित्न नसकेको दाग भने सधैंका लागि लागेको छ।

जसले विश्वकप जित्न सक्दैन, त्यो महान खेलाडी हुन सक्दैन भने सोच पनि छ। त्यसैले होला, जतिबेला मेसी र रोनाल्डो घर फर्कने क्रममा थिए, त्यति बेला उनीहरूको अनुहारमा गहिरो चोट देखिन्थ्यो, उनीहरू लाचार देखिन्थे। साँच्चै फुटबलमा आफूले चाहे जस्तो र सोचे जस्तो मात्र कहाँ हुन्छ र ? जर्मनी त झन डिफेन्डिङ च्याम्पियनका रूपमा रुस आएको थियो। उसले नकआउट चरणमा सम्म प्रवेश पाएन। सिंगो अफ्रिकाका लागि पनि यो विश्वकप सुखद रहेन। धेरैले माने, यसपटकको विश्वकप अफ्रिकी फुटबल समर्थकका लागि सबैभन्दा दुःखदायी रह्यो, किनभने अफ्रिकामा कुनै पनि टिमले नकआउट चरणमा प्रवेश पाएनन्। केही टिम नकआउट चरणको निकै नजिक पुगेर पनि हिस्स हुनुपऱ्यो। यसले दुःख त दिन्छ नै। फुटबलले दिने दुःख कस्तो हुन्छ, स्पेनका आन्द्रे इनिस्टासँग सोधे हुन्छ।

केही समयअघि मात्र स्पेनले विश्वकप जितेसँगै दुई पल्ट युरोपेली च्याम्पिनसिप पनि जितेको थियो। यद्यपि अहिले स्पेनी फुटबल ओरालो लागेको छ। यसपटक पनि स्पेनले केही गर्न सकेन। टिम अन्तिम १६ मा रोकियो, रुससँग। त्यसपछि इनिस्टाले संन्यासकै घोषणा गरे। त्यस क्रममा उनको भनाइ थियो, 'हारले स्तब्ध छु। यो मेरो खेल जीवनकै सबैभन्दा दुःखदायी क्षण हो। फुटबलमा आफूले चाहेजस्तो कहाँ हुन्छ र ?'

## कस्तो हुनेछ समापन समारोह ?

आउने आइतबार विश्वकप-२०१८ मा पूर्ण विराम लाग्नेछ। विश्व फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता अहिले आफ्नो अन्तिम चरणमा छ। दुई युरोपेली देशबीचको खेलसँगै रुसमा यसपल्टको विश्वकप टुंगिनेछ। कस्तो हुनेछ त, यसपटकको समापन समारोह ? अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) तथा आयोजक देशले यस विषयमा कुनै जानकारी दिएका छैनन्, तर यति भनेका छन्, यो सम्झन लायक हुनेछ।

ओलम्पिकको जस्तो विश्वकप फुटबलको समापन समारोह हुँदैन। फाइनल खेल सुरु हुनुभन्दा एक घन्टाअघि समापन समारोह सुरु हुनेछ। रुसी राष्ट्रपति भ्यादिमिर पुटिन तथा फिफाका अध्यक्ष जियानी इन्फान्टिनो कार्यक्रमका प्रमुख अतिथि हुनेछन्। पुटिनले आफू विश्वकपका अन्तिम दिनको कार्यक्रममा उपस्थिति हुने औपचारिक जानकारी दिइसकेका छन्। उनी सफल विश्वकपको जस लिन पनि कार्यक्रममा पुग्नेछन्।

समापन समारोह खासमा संगीतमय हुनेछ र त्यस क्रममा रूसले आफ्नो संस्कृति तथा इतिहास देखाउने प्रयास गर्नेछ, जसका लागि अहिलेसम्म तय भैसकेका कलाकार हुन् साकिरा, वेक्लेफ जिन तथा सान्टाना कार्लोस। फिफाले पनि उनीहरूले सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने निश्चित भैसकेको बताइएको छ। फाइनल मस्कोको लुज्निकी स्टेडियममा हुनेछ र यो रुसको केन्द्रीय रंगशाला हो।

यो पूर्वी युरोपको सबैभन्दा ठूलो रंगशाला पनि हो। यसको खास दर्शक क्षमता ८१ हजार ६ रहेपनि विश्वकपलाई ध्यानमा राखेर त्यसलाई घटाएर ७८ हजार ११ कायम गरिएको छ। यो त्यही रंगशाला हो, जहाँ सन् १९८० को ओलम्पिक्स आयोजित गरिएको थियो। रुसमा जति पनि ठूला खेल महोत्सव भएका छन्, अधिकांश यहीं भएका छन्। त्यसैले यो रंगशालालाई तत्कालीन सोभियत संघ तथा अहिलेको रुसको प्रतिष्ठासँग जोडेर हेरिन्छ।

## रूसको टिमलाई हिरो जस्तै स्वागत

विश्वकपमा तल्लो र्‍याकिङमा रहेर पनि सानदार प्रदर्शन गर्न सफल आयोजक देश रूसको टिमले क्वाटरफाइनलमा हारे पनि भव्य स्वागत भएको छ। रूसको सडकमा घरेलु प्रशंसकले हातमा ब्यानर र झन्डा लिएर 'हामी तिमीहरू प्रति गौरवान्वित छौं' भन्ने नारा लगाएका थिए। रूसको फुटबल टिमले पनि आफूहरूको आँखामा आँसु भए पनि गर्वका साथ शिर उठाएर खेलबाट बाहिर भैरहेको ट्विट गरेको थियो।

### भाग्यमानी ब्राजिल

विश्वकप-२०१८ मा खराब खेल्दै चाँडै घर फर्किएका टिमले विरलै राम्रो स्वागत पाए। सफलतामा खुसी हुने फुटबल प्रशंसकसँग खराब प्रदर्शनमा रिसाउने अधिकार हुन्छ। यो मामिलामा ब्राजिल भने भाग्यमानी रह्यो। क्वाटरफाइनलबाट बाहिरिएको ब्राजिलीयन टिम जब आफ्नो देश फर्कियो, त्यहाँ टिमका समर्थकहरूले उनीहरूको भव्य स्वागत गरे। सम्भवतः खेलाडीहरूले पनि यस्तो होला भनेर अपेक्षा गरेका थिएनन्। त्यसैले उनीहरूको खुसी पनि हेरिनसक्नु थियो। त्यसमाथि प्रशिक्षक टिटेले विश्वकपपछि पनि ब्राजिलीयन टिम सम्हालिरहने अवसर प्राप्त गरेका छन्।

### एयरपोर्टमा एक्लो मेसी

लियोनल मेसी जस्ता खेलाडीलाई एयरपोर्टमा स्वागत गर्न फ्यानहरूको भीड लाग्नुपर्ने हो, तर यस पटक त्यस्तो भएन। विश्वकप-२०१८ मा अर्जेन्टिना राउन्ड अफ १६ बाटै बाहिरिए पछि मेसीसहितका अर्जेन्टिनी खेलाडीहरू स्वदेश फर्किए। एयरपोर्टमा उनीहरूको स्वागतका लागि कुनै भीड थिएन। मेसीलाई लिन उनकी श्रीमती एन्टोनेला रोकुजु एक्लै पुगेकी थिइन्। मेसी एक्लै एयरपोर्टबाट बाहिर निस्किए र त्यहाँ उपस्थित केही सञ्चारकर्मीको कुनै पनि प्रश्नको जवाफ दिएनन् अर्थात चुपचाप घर फर्किए।




# फुटबल विश्वकपको अर्थतन्त्र




### फुटबलको लोकप्रियता

सन् २००६ मा फिफाले विश्वव्यापी रूपमा एउटा सर्वेक्षण गरेको थियो, जसको नतिजाअनुसार नियमित रूपमा फुटबल खेल्नेहरूको संख्या २६ करोड ५० लाख छ। पुरानो सर्वेक्षणको नतिजाअनुसार (स-साना बालबालिकाहरू यो गणनामा सामेल छैनन्) अमेरिकामा फुटबल खेल्नेहरूको संख्या २ करोड ४० लाख, इन्डोनेसियामा १ करोड २० लाख, चीनमा ७२ लाख, मेक्सिकोमा ७४ लाख, ब्राजिलमा ७० लाख, जर्मनीमा १ करोड ६३ लाख तथा भारतमा ७० लाख भएको पाइन्छ।

दिवाकरलाल अमात्य

रूसमा सञ्चालन भैरहेको विश्वकप फुटबल सफलतापूर्वक सञ्चालन गर्न रूसी सरकारले ठूलो धनराशि खर्च गरिरहेको पाइन्छ। यो प्रतियोगिताका लागि रूस सरकारले १ खर्ब ३२ अर्ब अमेरिकी डलर खर्च गर्दैछ। रूसका विश्लेषकहरूले आर्थिक रूपमा केही अल्पकालीन फाइदा भए पनि सम्पूर्ण देशका लागि यो घाटाको व्यापार हुने प्रक्षेपण गरिरहेको पाइन्छ। रूसका आर्थिक विश्लेषक सेर्गेइ दोब्रीचेभ्कीका अनुसार होटल, रेस्टुराँ तथा सोभिनियर पसलहरूको व्यापार वृद्धिका कारण सम्पूर्ण रूसको जीडीपी शून्य दशमलव २ प्रतिशतले वृद्धि त हुन्छ (अप्रिलदेखि सेप्टेम्बरसम्म), तर दीर्घकालमा भने घाटा नै बेहोर्नुपर्ने हुन्छ। फुटबलका प्रशंसकहरूका कारण रसियन अर्थतन्त्रमा करिब ३ अर्ब डलर बराबरको कारोबार हुने अनुमान गरिएको छ, तर फाइनल म्याच सकिनेबित्तिकै आर्थिक क्षेत्रमा देखिएका पानीका फोकाहरू बिस्तारै सुक्दै जानेछन्। विश्वकप फुटबलका आर्थिक लिगासीलाई निरन्तरता दिन सकिँदैन।

सन् २०१३ देखि २०२३ सम्ममा रूसको अर्थतन्त्रमा २ खर्ब ६ अर्ब अमेरिकी डलर बराबरको कारोबार हुने प्रक्षेपण गरिएको छ। विश्वकपका कारण देशमा २ लाख २ हजार मानिसले रोजगारी प्राप्त गरे पनि, जति पर्यटक रूसमा आउने भनिए पनि अन्ततः त्यो सबै निराशामा परिणत हुने पक्का छ।

ग्रिसजस्तो सानो देशले ओलम्पिक आयोजना गर्न आफ्नो देशको कुल गार्हस्थ्य उत्पादनको ७ दशमलव ५ प्रतिशतसम्म लगानी गर्‍यो, तर अर्थतन्त्रमा त्यसको सकारात्मक प्रभाव परेन र ग्रिसले सन् २०१० मा ठूलै आर्थिक संकट बेहोर्नुपर्‍यो।

ओलम्पिक वा विश्वकप फुटबलजस्ता बृहत् खेलकुद प्रतियोगिता हुनुअघि र समाप्त भैसकेपछि पनि सञ्चार जगत्मा छाउने, समाचारहरू आइरहने भएकाले आयोजक देशका जनता तथा राजनैतिककर्मीहरूलाई रमाइलो हुन्छ। एथेन्स ओलम्पिकको आयोजना गर्ने ग्रिस तथा सन् २०१० मा दक्षिण अफ्रिकाले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताले ती देशको अर्थतन्त्रमा नकारात्मक असर पारेको पाइन्छ। अन्तर्राष्ट्रिय खेल जगत्मा दक्षिण अफ्रिकाको पुनः प्रवेश भएको प्रमाण विश्वजगत्लाई दिन सन् १९९५ मा रग्बी विश्वकप, १९९९ मा अफ्रिकन नेसन कप तथा २००३ मा क्रिकेट विश्वकप सञ्चालन गरिसकेपछि उसले सन् २०१० मा विश्वकप फुटबल प्रतियोगिताको आयोजना गरेको थियो। विश्वकप फुटबल प्रतियोगिता आयोजना गरेर देशले के पायो भन्ने विषयमा दक्षिण अफ्रिकी विशेषज्ञहरूले आलोचना गरेको पाइन्छ। विश्वकप फुटबल प्रतियोगिता आयोजना गरेर विविध प्रकारले देशलाई फाइदा हुन्छ भन्ने आधार लागत तथा अनुमान गलत भएको बताइन्छ। अर्थशास्त्री ग्रान्ट थ्रोनटनले विश्वकप हेर्न २ लाख ३० हजार पर्यटक १२ दिनसम्म दक्षिण अफ्रिकामा बिताएर ३ अर्ब डलर आम्दानी गर्ने अनुमान गरेका थिए। ठूला प्रतियोगिताहरू हुँदा सहरमा भीडभाड र कोचमकोचको स्थिति सिर्जना हुने, ट्राफिक समस्या, कार पार्किङको समस्या, होटलमा कोठा पाउन गाह्रो हुने हुन्छ, जसले गर्दा लोकल यात्रुहरूलाई पर्यटकहरूले विस्थापित गर्ने सम्भावना हुन्छ। उदाहरणका लागि सामान्य स्थितिमा होटलहरू ८० प्रतिशत ग्राहकले भरिभराउ हुन्थे, तर ठूला प्रतियोगिताहरू आयोजना हुँदा ती कोठा शतप्रतिशत भरिने तर कोठाको भाडा दोब्बर-तेब्बर वृद्धि भए पनि स्थानीय व्यक्तिहरू जसले रिसेप्सन सम्हाल्नेदेखि कोठा सफा गर्नेसम्मको काम गर्छन्, ज्याला/तलब त्यो अनुपातमा वृद्धि हुँदैन। कोठाको भाडा वृद्धि गरे पनि त्यसको फाइदा होटल मालिकलाई मात्र हुन्छ र ती मालिक अन्य देशका भएको खण्डमा उसले गर्ने आम्दानी स्थानीय आर्थिक कारोबारमा खर्च हुन पाउँदैन।

### क्लबलाई २३ अर्ब रुपैयाँ

फिफाले यस पटकको विश्वकपमा क्लब बेनिफिट प्रोग्राम अन्तर्गत करिब २३ अर्ब १० करोड रुपैयाँ खर्च गरेको छ। उक्त रकम फिफाले फुटबल क्लबहरूलाई दिएको हो। जुन क्लबका खेलाडीले विश्वकपमा सहभागिता जनाएका छन्, ती क्लबलाई फिफाले पैसा दिने गरेको छ। क्लबका प्रत्येक खेलाडीलाई प्रतिदिन ९ लाख ३२ हजार रुपैयाँ प्रदान गरिन्छ। फिफाले यस पटकको विश्वकपमा सबैभन्दा बढी रकम स्पेनिस फुटबल क्लब रियल म्याड्रिडलाई दिएको छ। रियल म्याड्रिडलाई फिफाले ४३ करोड ४० लाख रुपैयाँ जति दिएको छ। त्यसपछि दोस्रो नम्बरमा म्यानचेस्टर सिटी र तेस्रो नम्बरमा चेल्सी छन्। यी दुई क्लबले क्रमशः ४१ करोड ७९ लाख तथा ३८ करोड ५८ लाख रुपैयाँ प्राप्त गरेका छन्।

**(अमात्य खेलकुद अनुसन्धानविज्ञ हुन्।)**

## विश्वकप फुटबल २०१४- ब्राजिल

ब्राजिलको खेलकुद मन्त्रालयले विश्वकप फुटबल प्रतियोगिताका कारण देशको अर्थतन्त्रमा प्रत्यक्ष रूपमा २ खर्ब ६२ अर्ब डलरको आर्थिक कारोबार हुने प्रक्षेपण गरेको थियो। त्यसका अतिरिक्त अप्रत्यक्ष रूपमा सन् २०१० देखि २०१९ सम्ममा ब्राजिलको अर्थतन्त्रमा करिब १ खर्ब डलरको आर्थिक कारोबार हुने प्रक्षेपण गरिएको थियो।

**विश्वकप फुटबल सञ्चालनका निम्ति ब्राजिल सरकारले गरेको खर्च यस्तो थियो :**

| | |
|---|---|
| रंगशाला निर्माण | - ३ अर्ब डलर |
| सहरका बस्ती स्थानान्तरण गर्न | - ६३ अर्ब डलर |
| बन्दरगाह तथा विमानस्थल निर्माण | - ३२ अर्ब डलर |
| दूरसञ्चार तथा विद्युत् | - २ अर्ब डलर |
| सुरक्षामा | - १ अर्ब ९० करोड ६० लाख डलर |
| स्वास्थ्य | - ५४ करोड ६० लाख डलर |
| होटल निर्माण | - ७ अर्ब २० करोड डलर |
| पर्यटकहरूले गरेको खर्च | - ५ अर्ब १० करोड डलर |
| निजी क्षेत्रकाहरूले गर्ने उपभोग | - २ अर्ब ७० करोड डलर |

## साइकलबाटै विश्वकपमा




ब्राजिलका इलियास डिसुजा यस पटक पनि विश्वकप हेर्न आफैले बनाएको अनौठो साइकल चढेर रूस पुगे। सन् १९८६ मा मेक्सिकोमा सम्पन्न विश्वकप पश्चात उनी सबै स्थानमा यही साइकल चढेर पुगेका छन्। 'सामान्य साइकलमा चढेर त जो पनि पुग्न सक्छ, तर अनौठो साइकलमा यात्रा गर्नु आफैमा आनन्ददायक हुन्छ।' डिसुजाको भनाइ छ। उनी सामान्य समयमा पनि यही साइकल चढेर आफ्नो दैनिक जीवन चलाइरहेका छन्। यही साइकलबाट लड्दा अमेरिकामा उनले एउटा आँखासमेत गुमाएका थिए।



## स्टेडियमका सुरक्षा गार्ड

फुटबल स्टेडियमको एउटा विशेष स्थानमा दर्शकहरू पनि बस्न डराउँछन्। उनीहरू त्यो स्थानमा खुलेर रमाइलो गर्न, चिच्याउन र हूलदंगा गर्न पाउँदैनन्। सबै फुटबल स्टेडियमको बाहिर करिब ५० जना यस्ता सुरक्षा गार्ड हुन्छन्, जसको नजर फुटबल स्टेडियमतर्फ नभएर अर्कै तर्फ हुन्छ। उनीहरूले खेल हेर्न पाउँदैनन्। उनीहरूको नजर दर्शकतिर हुन्छ र कसैले हूलहुज्जत गर्ला कि भनेर सधैं सतर्क अवस्थामा हुन्छन्। खेलको रोमान्चक मोडमा समेत उनीहरू बोल्न र हास्न सक्दैनन्। उनीहरूलाई स्टुअर्ट भनिन्छ।

## १७ हजारभन्दा बढी स्वयंसेवक



विश्वकप फुटबल सम्पन्न गर्न स्वयंसेवकको पनि महत्वपूर्ण भूमिका हुन्छ। रूसमा जारी विश्वकपमा अहिले १७ हजार ४० स्वयंसेवक कार्यरत छन्। विश्वभरका करिब पौने २ लाख आवेदकले स्वयंसेवाका लागि आवेदन दिएकोमा त्यसैबाट ती स्वयंसेवक छानिएका हुन्। यसका लागि दुई वर्ष पहिले नै आवेदन लिन थालिएको थियो। ती स्वयंसेवक स्टेशनदेखि विमानस्थल र फिफाका सामान पाइने पसलदेखि स्टेडियमसम्म कार्यरत हुन्छन्। १ सय १२ देशका आवेदकलाई भिडियो अन्तर्वार्तामार्फत स्वयंसेवकका लागि छनौट गरिएको थियो। तीमध्ये ६४ प्रतिशत महिला स्वयंसेवक छन्। एक महिनादेखि रूसका विभिन्न सहरमा चलिरहेको विश्वकपका लागि ती स्वयंसेवकले प्रत्येक दिन कमसेकम आठ घण्टा ड्युटी गर्नुपर्छ, तर उनीहरूले खेल हेर्ने टिकट वा पास भने पाउँदैनन्।

# मन जित्ने टिमहरू

फुटबलको सर्वोच्च प्रतियोगिता विश्वकप जित्ने टिम एउटै हुन्छ, त्यसैले सबै टिम भाग्यमानी सावित हुँदैनन् । केही टिमले उपाधि नजिते पनि, उपाधि जित्ने आधारको छेउछाउ नपुगे पनि धेरैको मन भने जितेका हुन्छन् । विश्वकप-२०१८ मा केही टिम यस्ता रहे, जसले विश्वभरका फुटबलप्रेमीहरुको मन जिते । आफ्नो बहादुरीपूर्ण र मन लोभ्याउने खेलकै कारण यी टिम सबैको नजरमा परेका हुन् ।



**रुस**

रूस त आयोजक देश भैहाल्यो, तर प्रतियोगिता सुरु हुनुअघिसम्म कसैले पनि यो टिमले राम्रो प्रदर्शन गर्नेछ भन्ने अपेक्षा गरेका थिएनन् । हुन पनि रूस सहभागी ३२ देशमध्ये सबैभन्दा पुछारको वरीयतामा थियो, तर सबै खाले आलोचकको मुख बन्द गर्दै रूसले क्वाटरफाइनलसम्मको यात्रा मात्र तय गरेन, त्यसबीच सम्भनालायक खेलसमेत प्रदर्शन गर्‍यो ।

**जापान**

जापान यसपटकको विश्वकपको दोस्रो चरणमा पुग्ने एक मात्र एसियाली देश हो । यस हिसाबले पनि जापान नकआउट चरणमा एसियाको प्रतिनिधि रह्यो । अन्तिम १६ मा पनि उसले बेल्जियममाथि २-० को अग्रता लिएको थियो, तर अन्त्यमा खेल ३-२ ले गुमाउन पुग्यो । समूह चरणमा पनि जापानले कोलम्बियामाथि सानदार जित निकाल्यो र सबैको मन जित्यो । त्यो विश्वकपमा दक्षिण अमेरिकी टिमविरुद्ध एसियाको पहिलो जित थियो ।

**इरान**

स्पेन र पोर्चुगल सम्मिलित समूहमा इरानले अन्तिम क्षणसम्म आफ्नो चुनौती कायम राख्ने छ भनेर कसले अनुमान गरेको थियो र ? इरानले समूह 'बी' मा राम्रो खेल्यो । पहिलो खेलमै इरानले मोरक्कोलाई हरायो । त्यसपछि पोर्चुगलविरुद्धको अन्तिम खेलमा १-१ को शानदार बराबरी खेल्यो । इरानको प्रदर्शनकै कारण स्पेन र पोर्चुगल दुवै कठिन स्थितिको सामना गर्न बाध्य भए । इरानले समूह चरण त काट्न सकेन, तर सबैले उसको प्रशंसा गरे ।


**नाइजेरिया**

नाइजेरिया पनि यसपटकको विश्वकपमा दोस्रो चरणसम्म पुग्न सकेन, तर उसले समूह चरणमा जुन खेल प्रदर्शन गरेको थियो, त्यसले धेरैको मन जित्यो । नाइजेरियाले समूह चरणमा आइसल्यान्डलाई हराएपछि अर्जेन्टिनाविरुद्ध पनि दरिलो प्रदर्शन गरेको थियो । नाइजेरियाकै प्रदर्शनका कारण अर्जेन्टिना दोस्रो चरण पनि नपुग्ने डर उत्पन्न भएको थियो ।

**सेनेगल**

सेनेगल धेरै हदसम्म अभागि रह्यो, दोस्रो चरण पुग्न असफल भएको दृष्टिकोणले । जापानले भन्दा बढी पहेँलो कार्ड खाएकै कारण सेनेगल अन्तिम १६ मा पुग्न सकेनन्, तर उसले यसमा त्यति गुनासो पनि गरेन, किनभने प्रतियोगिताको नियमनै त्यस्तै थियो । पहिलो खेलमा सेनेगलले पोल्यान्डमाथि रचेको २-१ जित ऐतिहासिक रह्यो ।

# दक्षिण अमेरिकामाथि युरोप हाबी



विश्व फुटबलका दुई महाशक्ति महादेश हुन्, युरोप र दक्षिण अमेरिका । विश्वकपमा यिनै दुई क्षेत्रको वर्चश्व रहँदै आएको छ । विश्वकप उपाधिमाथि कहिले युरोपेली टिमले कब्जा जमाउँछ भने कहिले दक्षिण अमेरिकी टिमले । यो एक प्रकारले दुई फरक फुटवल शैली, संस्कृति तथा सोचको टक्कर पनि हो । यसपटकको विश्वकपले फेरि एकपटक सिद्ध गरेको छ, विश्व फुटबलमा दक्षिण अमेरिकामाथि युरोप हाबी हुन थालेको छ । यसपटकको विश्वकप-२०१८ को सेमिफाइनलमा कुनै पनि दक्षिण अमेरिकी टिम पुग्न सकेनन । अन्तिम चार खेल्ने चारवटै टिम युरोपका थिए । अन्तिम आठमा भने दुई दक्षिण अमेरिकी टिमले प्रवेश पाए, उरुग्वे र ब्राजिल तथा उनीहरू दुवै पूर्व विश्वकप विजेता हुन् । यद्यपि दुवै टिम क्वाटरफाइनलमै रोकिए । यो चरणमा फ्रान्सले उरुग्वे तथा बेल्जियमले ब्राजिललाई हराएको थियो । अन्तिम १६ मा भने दक्षिण अमेरिकाबाट चार टिमले प्रवेश पाएका थिए, त्यसमध्ये उरुग्वे र ब्राजिल मात्र अघि बढ्न सके । यो चरणमा रोकिनेमा अर्जेन्टिना र कोलम्बिया रहे । अर्जेन्टिनालाई फ्रान्सले हराएका थिए भने कोलम्बिया इंग्ल्यान्डबाट पराजित भयो ।

चार वर्षअघि दक्षिण अमेरिकी भूमिमै जर्मनीले विश्वपकप जितेको थियो । सन् २००२ यता कुनै पनि दक्षिण अमेरिकी टिमले विश्वकप जितेको छैन, त्यसयता इटाली, स्पेन र जर्मनी विजेता भएका छन् । यसपटकको विश्वकप जित्ने युरोपेली टिम नै हुनेछ । अब प्रश्न उठ्छ, किन यसरी दक्षिण अमेरिकी टिम पछाडि पर्न थालेको छ त युरोपको तुलनामा ? यसका दुई प्रमुख कारण हुन सक्छन् ।

पहिलो, जसरी युरोपमा फुटबल संघ व्यवस्थित रुपले चल्छ, त्यसरी दक्षिण अमेरिकामा चल्दैन । उदाहरणका लागि पछिल्लो समय सबैभन्दा खराब र विवादास्पद ढंगले चलिरहेको फुटबल संघ अर्जेन्टिनाको हो । त्यहाँ फुटबल भन्दा राजनीति हाबी हुन्छ । त्यसैले पनि अर्जेन्टिनी टिमले राम्रो गर्न नसकेको आरोप छ ।

दोस्रो, अचेल दक्षिण अमेरिकाका जति पनि ठूला खेलाडी छन्, ती सबै युरोपमा खेल्छन् । ब्राजिल, अर्जेन्टिना र उरुग्वेजस्ता पूर्व विश्वकप विजेता टिमका लगभग सबै प्रमुख खेलाडी युरोपका कुनै न कुनै क्लबका लागि खेल्छन् । अब भनिरहनु पर्दैन, ती खेलाडीको खेल्ने शैली पनि युरोपेली जस्तै भएको छ अथवा भनौं, न त त्यो दक्षिण अमेरिकी रह्यो, न त युरोपेली नै ।

सन् ८० को दशकसम्म ब्राजिलका प्रमुख खेलाडी युरोपेली होइन, आफ्नै देशको लिग खेल्थे । आजभोलि युरोपेली क्लब यति धनी र शक्तिशाली भएका छन् कि तिनका अगाडि दक्षिण अमेरिकी क्लबको केही चल्दैन । त्यसैले प्रत्येक दक्षिण अमेरिकी खेलाडीको पहिलो लक्ष्य नै युरोपमा खेल्ने हुन्छ । त्यसैले युरोपेली टिम प्रस्ट रूपमा दक्षिण अमेरिकी टिममाथि हाबी हुन थालेका छन्, कम्तीमा विश्वकप-२०१८ ले त यही प्रमाणित गरेको छ ।



# प्रभुत्व जमाएका क्लब र लिग

इंग्ल्यान्ड र स्वीडेनबीचको अन्तिम आठको खेल एउटा तथ्यांकका दृष्टिले निकै रोमाञ्चक र उल्लेखनीय रह्यो । प्रतियोगिता खेलिरहेको इंग्ल्यान्डका सबै २३ खेलाडी आफ्नै देशको घरेलु लिग खेल्थे, अर्थात् इंग्लिस प्रिमियर लिग । स्वीडेनका भने सबै २३ खेलाडीमध्ये केहीले मात्र आफ्नो घरेलु लिग खेलिरहेका थिए भने अधिकांश खेलाडी विदेशी लिग खेल्थे । प्रत्येक विश्वकपलाई यसरी खेलाडी र क्लबका दृष्टिले पनि विश्लेषण गरिन्छ ।

विश्वकपको अन्तिम चारमा पुग्ने टिमलाई आधार मान्दा सबैभन्दा बढी सफल इंग्लिस प्रिमियर लिग क्लब टोटनहम देखियो । किन भन्दा उसका ८ जना खेलाडीले विश्वकप-२०१८ को सेमिफाइनल खेले । टोटनहमका ८ जना खेलाडीले अर्थात् इंग्लिस टिमका लागि ४, बेल्जियमका लागि ३ तथा फ्रान्सका लागि १ खेलाडीले सेमिफाइनल खेले । टोटनहमका समर्थकका लागि यो खुसीको उपलब्धि हुनेछ । समग्रमा भन्दा टोटनहम भन्दा धेरै अगाडि छ, म्यानचेस्टर सिटी ।

इंग्लिस प्रिमियर लिगको डिफेन्डिङ च्याम्पियन सिटीका १६ जना खेलाडी यसपटकको विश्वकपमा थिए भने युरोपेली च्याम्पियन्स लिग विजेता १५ जना खेलाडीले रूसको भ्रमण गरे । रियलको पुरानो प्रतिद्वन्द्वी बार्सिलोना पनि यो मामिलाका धेरै पछाडि रहेन, उसका १४ जना खेलाडी विश्वकप खेल्ने टिममा थिए । टोटनहमसँगै पेरिस सेन्ट जर्मन (पीएसजी) तथा चेल्सीका १२/१२ जना खेलाडी विश्वकप टिममा थिए ।

यसमध्ये ८ जना खेलाडीको टिम सेमिफाइनल पुग्नुले देखाउँछ, टोटनहम टिममा केही त उत्कृष्टता छ । यसपटकको विश्वकपमा बायर्न म्युनिख, युभेन्ट्स तथा म्यानचेस्टर युनाइटडका ११ जना खेलाडीको पनि प्रतिनिधित्व रह्यो । भलै यसपटकको विश्वकपमा इटाली छनोट हुन सकेन, तर क्लबको आधारमा सिरी 'ए' टिम युभेन्ट्सको राम्रै प्रतिनिधित्व रह्यो । जर्मनी पहिलो चरणबाटै बाहिरिए पनि उक्त टिममा बुंडेसलिगा क्लब बायर्नको राम्रो सहभागिता थियो ।

एउटा सिंगो टिममा दुई टिमको मात्र उल्लेखनीय सहभागितालाई आधार मान्ने हो भने यसमा अगाडि रहनेछ, साउदी अरेबिया र त्यहाँका दुई परस्पर विरोधी क्लब अल हिलाल तथा अल अल्ही । दुवै क्लबका नौ-नौ खेलाडी साउदी अरेबियाको टिममा थिए । अरू बाँकी साउदी अरेबियन खेलाडीमध्ये अधिकांश स्पेनमा व्यावसायिक फुटबल खेल्नेहरू थिए ।

विश्वकपमा सहभागी खेलाडीले खेल्ने लिगका आधारमा विश्लेषण गर्ने हो भने इंग्ल्यान्ड सबैभन्दा अगाडि छ । इंग्ल्यान्ड आफै अन्तिम ४ मा पुगेका आधारमा त्यहाँको फुटबल अब्बल दर्जाको रहेको मान्न सकिन्छ । यसपटकको विश्वकपमा इंग्लिस प्रिमियर लिग खेल्ने १ सय २४ जना खेलाडी रूस पुगे । त्यसपछि स्पेनको नाम आउँछ । स्पेनी ला लिगका ८१ जना खेलाडीले विश्वकपमा आ-आफ्नो देशको प्रतिनिधित्व गरे । तेस्रोमा जर्मनीको बुंडेसलिगा छ, जसबाट ६७ जना खेलाडीले विश्वकप-२०१८ को यात्रा तय गरे ।

## बढी तौल भएका खेलाडी




रोमान टोरेस (पनामा)
९९ किलोग्राम

अलमुआइफ अब्दुल्ला (साउदी अरेबिया)
हेरी केन (इंग्ल्यान्ड)
ह्यारी म्याग्युरी (इंग्ल्यान्ड)
९८ किलोग्राम

## कम तौल भएका खेलाडी




ताकाशी नुई (जापान)
५९ किलोग्राम

जेसी लिंगार्ड (इंग्ल्यान्ड)
६० किलोग्राम
जाओ मोटिन्हो (पोर्चुगल)
लुकास टोरेरिआ (उरुग्वे)
६१ किलोग्राम

## अग्ला खेलाडी






लोभ्रे कालिनिक (क्रोएसिया)
६ फिट ५ दशमलव ९४ इन्च

ज्यानिक भेस्टेगार्ड (डेनमार्क)
६ फिट ५ दशमलव ६१ इन्च
फेडिरिको फाजियो (अर्जेन्टिना)
थिबाउट कोर्टिओस (बेल्जियम)
६ फिट ५ दशमलव २८ इन्च

## होचो खेलाडी







हेर्डन सकिरी (स्विट्जरल्यान्ड)
५ फिट ४ दशमलव १३ इन्च

अल्बर्टो क्विन्टेरो (पनामा)
अल सेहिर याहया (साउदी अरेबिया)
जाभियर अक्विनो (मेक्सिको)
५ फिट ४ दशमलव ४६ इन्च

## सर्वाधिक उमेरका खेलाडी


राफेल मार्क्वेज (मेक्सिको)
३९ वर्ष ३ महिना
सर्गी इग्नासहाभिक (रसिया)
३८ वर्ष १० महिना

इसाम अल-हदेरी (इजिप्ट)
४५ वर्ष ४ महिना

## कम उमेरका खेलाडी





क्यालिन एमबाप्पे (फ्रान्स)
१९ वर्ष ५ महिना

इयानियल अर्जानी (अस्ट्रेलिया)
१९ वर्ष ५ महिना
फ्रान्सिस उजोहो (नाइजेरिया)
१९ वर्ष ७ महिना



## होर्डिङ बोर्डमा श्रीमती मोडल

रूसका व्यापारी इभान पेन्टेलिभलाई विश्वकप फुटबलको व्यवसायिक प्रवर्द्धनको जिम्मेवारी दिइएको थियो । नोभाटेक आर्ट एड्भर्टाइजिङ एजेन्सीका डाइरेक्टर इभानले त्यसका लागि करिब १ सय २० फुट अग्लो होर्डिङ बोर्ड बनाए, तर उक्त होर्डिङ बोर्डलाई लिएर विवाद भयो । होर्डिङ बोर्डमा फुटबल समातिरहेकी मोडल इभानकी श्रीमती डारिया थिइन् । त्यसपछि इभानको आलोचना भयो । यही कामका लागि थाइल्यान्डबाट ग्राफिटी कलाकार बोलाइएको थियो । इभानले यो प्रकरणमा इर्ष्याका कारण अरुले अनावश्यक विवाद सिर्जना गरेको बताएका छन् ।

## खेलाडीका श्रीमती र गर्लफ्रेन्ड समरा रंगशालामा



विश्वकपको प्रिक्वार्टरफाइनलसम्म इंग्लिस खेलाडीका श्रीमती तथा प्रेमिका रंगशालामा खासै देखिएका थिएनन्, तर क्वार्टरफाइनलमा स्वीडेनसँगको प्रतिस्पर्धामा मैदानमा आफ्ना श्रीमान् वा प्रेमीको हौसला बढाउन उपस्थित थिए । जेमी भार्डीकी श्रीमती रेबेका भार्डी ४ घण्टाको यात्रा पछि समरा रंगशाला पुगिन् । रेबेकाले आफूसँग आफ्ना सन्तानलाई पनि ल्याएकी थिइन् । यसैगरी ह्यारी मागुएरकी प्रेमिका पनि निजी जेट विमान चढेर रसिया पुगेको ब्रिटिस मिडियाले जनाएका थिए । समरा रंगशाला पुगेपछि भार्डीकी श्रीमती तथा उनका साथीहरूले वाइन पिइरहेको देखिन्थ्यो । यसैगरी, गोलरक्षक जोर्डान पिकफोर्डकी गर्लफ्रेन्ड मेगनले पनि छुट्टै बक्समा बसेर क्वार्टरफाइनलको मजा लिएकी थिइन् ।

## अब बेबी बुम

इंग्ल्यान्ड र समग्रमा इंग्लिस फुटबलका लागि यसपटकको विश्वकप निकै सुखद रह्यो । इंग्ल्यान्डको विश्वकप यात्रा यति लामो हुनेछ भनेर कमैले सोचेका थिए । यस्तोमा इंग्लिस फुटबल समर्थक खुसी हुने नै भए । त्यहाँको मिडियालाई मान्ने हो भने अबको नौ महिनामा त्यहाँ बेबी बुम हुनेछ अर्थात् धेरै बच्चा एकै समय जन्मनेछन् । कारण ? आफ्नो टिमको सफलतामा खुसी मनाउँदै धेरै इंग्लिस दम्पतीले खुलेर यौनसम्पर्क राखे भने त्यसक्रममा गर्भनिरोधक साधन प्रयोग गर्न पनि रुचाएनन् ।

## पेनाल्टीको भुत हटाउन लेडी साइकोलोजिस्ट

इंग्ल्यान्डले प्रि-क्वाटरफाइनलमा कोलम्बियालाई पेनाल्टी सुटआउटको सहयोगले जित्यो, तर त्यसभन्दा पहिले युरो-९६ मा जर्मनीबाट यस्तै पेनाल्टीमा इंग्ल्यान्डले हारेको थियो । त्यसैले इंग्लिस टिमलाई पेनाल्टीको भुतले सताउन छोडेको थिएन । यस पटक इंग्ल्यान्डलाई पेनाल्टीको भुतबाट मुक्त गराउन एक जना लेडी साइक्लोजिस्टको भूमिका महत्वपूर्ण रहेको बताइएको छ । साइक्लोजिस्ट डा. पिपा ग्रान्जले यसमा महत्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । उनलाई टिममार्फत एक विनिङ कम्बिनेसन बनाउने र टिममा नयाँ उर्जा भर्ने जिम्मेवारी दिइएको थियो । रूसमा इंग्लिस फुटबल टिमका साथ उनी पनि थिइन् । उनको जिम्मेवारीको असर इंग्ल्यान्ड टिममा देखिएको छ

## नेयमार च्यालेन्ज

ट्विटरमा चलिरहेको ट्रेड हो, नेयमार च्यालेन्ज । यसमा कसैले पनि नेयमारले जस्तै चोट लागेको नक्कल गरेर त्यसको भिडियो राख्न सक्छन् । ब्राजिलीयन खेलाडी नेयमार विश्व फुटबलका उत्कृष्ट खेलाडीमध्ये एक हुन्, तर उनी यसपटक चोट लागेको नक्कली अभिनय गरेर बदनाम भए । यसै कारण सामाजिक सञ्जालमा उनका धेरै ट्रोल पनि आए । अहिले त्यसै क्रममा नेयमार च्यालेन्ज आएको हो । नेयमारले आफूमाथि फल गरेको सिद्ध गर्न मैदानमा लडेर जुन अभिनय गरे, त्यसलाई धेरैले रुचाएनन् । धेरैको दाबी के रह्यो भने नेयमार राम्रा खेलाडी हुन् भने उनले यो खराब बानी छोड्नुपर्छ ।




## सामान्य दर्शक भइन् क्रोएसियाकी राष्ट्रपति

क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्रेबर कितारोभिक क्वाटरफाइनलमा क्रोएसियाको खेल हेर्न जाग्रेभदेखि सोचीसम्म इकोनोमी क्लासको प्लेन चढेर पुगिन् । रूससँग भएको क्वाटरफाइनलमा उनले सामान्य दर्शकसरह क्रोएसियाको जर्सी लगाएर खेलाडीको जोश बढाइन् । क्रोएसियाले जिते पछि उनी खेलाडीको ड्रेसिङ रुममा पुगिन् र खेलाडीहरूलाई अँगालो हालेर बधाई दिइन् । ग्रेबरले खेलाडीहरूलाई क्रोएसियाको आगामी खेलमा पनि उपस्थित जनाउने प्रयास गर्ने कुरा समेत बताएकी थिइन् ।

## दुई मिसले गरे रिपोर्टरलाई किस




यस पटकको विश्वकपमा टिभी रिपोर्टरमाथि भैरहेको 'सिरियल किस एट्याक' ले कीर्तिमान नै बनाएको छ । पहिले महिला रिपोर्टरमाथि अनायास किस अर्थात चुम्बन हुने गरेकोमा पछिल्लो समय पुरुष रिपोर्टरहरू पनि त्यस्तो आक्रमणमा पर्ने गरेका छन् । दक्षिण कोरियाली टीभी रिपोर्टर क्वान क्वाल एलले लाइभ रिपोर्टिङका बेला एक पटक होइन, दुई पटक महिला दर्शकको चुम्बनको सामना गर्नुपर्‍यो । पहिलो पटक एक महिलाले चुम्बन गर्दा उनी सम्हालिए, तर दोस्रो पटक अर्की महिलाले चुम्बन गर्दा भने उनले आफूलाई रोक्न सकेनन् र हाँसे ।

## कहाँ थिइन् रूसकी लक्की चार्म ?

क्वाटर फाइनल खेलमा क्रोएसियासँगको पेनाल्टी सुट आउटमा हारे पछि रूसी मिडिया उक्त हारको कारण खोजिरहेको छ । यसै सन्दर्भमा रूसी फ्यानहरूले एउटा कुरा पत्ता लगाए । खेलको समयमा रूसकी लक्की चार्म भनिने नताल्या नेमचिनोभा भने स्टेडियममै थिइनन् । मिस मस्को-२००७ नताल्यालाई 'संसारकै सर्बाधिक हट फ्यान' पनि भनिन्छ । उनी रूसले खेल्ने प्रत्येक खेलमा स्टेडियममा हुन्थिन् र नताल्याका शुभचिन्तकहरूले उनलाई रूसी फुटबल टिमको भाग्यसँग जोडेर हेर्थे । नताल्याले रूसले विश्वकप जिते फुटबल टिमका साथ न्युड फोटोसुट गर्ने घोषणा समेत गरेकी थिइन् । रूसी टिमको अफिसियल एकाउन्टबाट 'हामीले राम्रो खेल्यौं, तर भाग्य हाम्रो साथमा थिएन ।' भन्ने ट्विट भए पछि भने रसियनहरू आफ्नो फुटबल टिमको भाग्यलाई नताल्यासँग जोडेर हेर्न थालेका हुन् ।



# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार २९ गते
नेपाली भाषा दिवस
भानुजयन्ती

असार ३१ गते
विश्व युवा दक्षता दिवस

साउन १ गते
कर्कट संक्रान्ति
सूर्य दक्षिणायन हुने
लुतो फाल्ने दिन

### मेष

झन्झटिला काम आइलाग्दा मनमा निराशाले डेरा जमाउन सक्छ । योग, ध्यान एवं शारीरिक कसरतले आलस्यताबाट मुक्त गर्न सहयोग पुऱ्याउनेछ । कुरा कम काम बढी गरे सार्थक उपलब्धि हात पार्न सकिनेछ । प्रेमिकाको झूटो आश्वासनमा पर्दा क्षति बेहोर्नुपर्ने हुन सक्छ ।

### वृष

व्यवसायमा प्रबल नेतृत्व गर्ने अवसरसहित जिम्मेवारी प्राप्त हुनेछ । कार्य सञ्चालनमा यदाकदा अवरोध तथा कठिनाइ महसुस होला । कार्यव्यस्तताका बाबजुद घरपरिवारका लागि पनि समय दिनुपर्ला । विपक्षीको छलकपट तथा जालझेलबाट भने सावधान रहनुपर्नेछ ।

### मिथुन

सामान्य मनमुटावमै टाढि...एका प्रेमी-प्रेमिकाबीच विश्वासिलो वातावरण सिर्जना हुनेछ । आकस्मिक यात्रा हुन सक्छ । तपाईंको मेहनत, कर्मठता एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । प्रतिस्पर्धीहरूलाई उछिन्न सकिनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् ।

### कर्कट

आफ्नो प्रतिभाका कारण पुरस्कृत हुने योग छ । उथलपुथलपूर्ण पारिवारिक वातावरणबाट मुक्ति पाउन केही समय कुर्नुपर्नेछ । मन मिल्नेहरूको विश्वासमा परी कार्य सम्पन्न गर्दा कतिपय काममा धोका हुन सक्छ । तथ्य कुरा पत्ता लगाउन सके विपरीत परिस्थितिको सामना गर्न सकिनेछ ।

### सिंह

नम्रतापूर्वक व्यवहार गरे तपाईंको विचारले समर्थन पाउनेछ । विदेश अध्ययनका लागि कदम चालिनेछ । नजिकका नातेदारले आफ्ना भनाइ नसच्याउँदा तिक्तता बढ्न सक्छ । मोबाइल, नगद वा गरगहना गुमाउन सक्ने सम्भावना भएकाले चनाखो रहनुहोला ।

### कन्या

लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । प्रतिस्पर्धीहरूलाई पछि पार्दै पुरस्कार प्राप्त गर्न सकिनेछ । मित्रहरूले महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नेछन् । धैर्यताका साथ काम सम्पन्न गर्न सकिएला । टाढा भ...एका मित्रहरूले विश्वास गर्ने वातावरण बन्नेछ ।

### तुला

आम्दानीको दिगो स्रोत पहिल्याउन सकिएला । सवारी साधन खरिदगर्ने प्रक्रिया अघि बढ्नेछ । नाम र धनले चुनौती निम्त्याउन सक्छ । समय बलवान् भए पनि प्रतिष्ठा जोगाउने प्रयत्न गर्नुपर्ने होला । मनोरञ्जनका क्रममा भेटिएमा मित्रहरूले तपाईंबाट फाइदा उठाउन सक्छन् ।

### वृश्चिक

पैतृक धन उपयोग गरी थप फाइदा उठाउन सकिनेछ । विदेश जाने प्रक्रियामा बढी खर्च भए पनि सफलता हात लाग्नेछ । प्रेमसम्बन्धमा सावधानी अपनाउन सक्नुपर्छ । पारिवारिक खिचातानीले आफ्नो काम ओझेलमा पर्न सक्छ । साताको अन्त्यमा स्वास्थ्यमा ध्यान दिनुहोला ।

### धनु

सरकारी सेवामा अवसर पाइनेछ । भूमि तथा सवारी साधन प्राप्त हुने सम्भावना टरेको छैन । स्थान परिवर्तनको संयोग जुट्न सक्छ । पारिवारिक सम्बन्धमा मिश्रित फल प्राप्त हुनेछ । सोमबारपछिका दिनमा पूर्वमित्रहरूसँग भलाकुसारी हुनेछ । विशेष कामको जग बसाउन केही समय कुर्नुपर्नेछ ।

### मकर

भविष्यको चिन्ताले सताउनेछ । मित्रहरूले समयको मूल्यलाई उपेक्षा गर्नेछन् । आशालाग्दा काम सम्पन्न गर्न सकिनेछ । विभिन्न यात्राको योग भए पनि त्यो लाभदायक नहुन सक्छ । मनोरञ्जनका क्रममा अपजसको सामना गर्नुपर्ला । समाजसेवातर्फ लागिनेछ ।

### कुम्भ

साता खर्चिलो रहनेछ । प्रेमी वा प्रेमिकाका लागि पनि खर्च गर्नुपर्ने हुन सक्छ । कार्य क्षेत्रमा जिम्मेवारी प्राप्त गर्न अझै केही समय कुर्नुपर्नेछ । भ्रमणका क्रममा अत्यावश्यक खर्चको जोहो गरी राख्नु उचित हुन्छ । नीलो रंगले शुभ फल दिलाउन सक्छ ।

### मीन

व्यवसायले विदेशयात्राको अवसर जुटाउन सक्छ । मन ठूलो लगानीतर्फ आकर्षित होला । हितैषीहरूसँग पहिलेका कमजोरीहरू सच्याउँदै पुनः सुमधुर सम्बन्ध बनाउन सकिनेछ । अध्ययन-अध्यापनमा ध्यान केन्द्रित हुनेछ । धेरैको प्रशंसा बटुल्दै अरूको मन जित्न सकिएला । समाजसेवातर्फ लागिनेछ ।

**अब हाम्रो पालो**

# यसपालिको विश्वकप फुटबल कसले जित्छ र किन ?

इंग्ल्यान्डले ।

**सुरेन चौधरी**

फ्रान्सले जित्छ ।

**सञ्जितसिंह चौधरी**

फाइनलमा पुगेका दुई देशमध्ये एउटाले जित्छ । पक्का हो, मैले भनेको मिल्छ ।

**दिनेश सुवेदी**

जसले राम्रो खेलेर धेरै गोल गर्छ उसैले जित्छ ।

**राहुल गुरुङ**

फ्रान्सले जित्छ, केलियन माबाप्पेजस्ता खेलाडी भएकाले गर्दा ।

**हाक्कु काले**

फाइनलमा जसले हार्छ, उसको प्रतिस्पर्धामा भएको देशले जित्छ ।

**पासाङ तामाङ**

क्रोएसियाले जित्छ । क्रोएसियासँग राम्रो किपर भएकाले उसले जित्छ भन्ने विश्वास हो । राम्रो डिफेन्स अनि सबै कुरा मिलेको छ ।

**अनुप तिवारी**

फ्रान्सले जित्छ । माबाप्पेजस्ता खेलाडी छन् ।

**देब राइ**

जो भाग्यमानी छ उसले जित्छ । जसले मेहनत गर्छ, उसले जित्छ ।




जसले कमजोर खेल्छ उसले हार्छ ।

**साइको बिन्दास**

जुन दिन नेपाल पनि विश्वकपमा सहभागी हुन्छ, त्यतिबेला नेपालले जित्नुपर्छ । अहिले जसले जिते पनि फरक पर्दैन ।

**उमेश लामिछाने**

फ्रान्सले जित्छ ।

**लीलाराज भट्टराई, नरेन्द्र माझी, आकाश भण्डारी, विकास मानन्धर, रमेश खतिवडा, सहयात्री दिनेश, प्रबिन राज पाण्डे तथा जेबी श्रेष्ठ**

क्रोएसियाले जित्छ किनभने रियलका लुका मोर्डच अनि बार्साका इभान छन् । दुवै मिडफिल्डबाटै पोस्टमा गोल हान्ने क्षमता राख्छन् ।

**मिम बम्जन**

जसले धेरै गोल गरेर जित्दै जान्छ उसकै जित सुनिश्चित छ ।

**युद्ध खत्री**

फाइनलमा धेरै गोल गर्ने टिमले जित्छ, किनभने फिफाको नियम नै यस्तै छ ।

**प्रशान्त श्रेष्ठ**

फुटबलमा टिम बलियो बनाउने र महत्वपूर्ण भूमिका निर्वाह गर्ने भनेकै डिफेन्सले हो । साथमा विपक्षीको पोष्टमा ओजनदार प्रहार गर्नु पनि जित हासिल गर्नु हो, जसले यी कुरामा ध्यान पुऱ्याउँछ उसैले जित्छ ।

**चासुमहाङ कोयु राई**

जसले गोल हान्छ उसैले जित्छ ।

**दीप कार्की**

नेपालले जित्ने दिन कहिले आउला ? हामी त्यो दिनको प्रतीक्षामा छौं ।

**रेसिका गुरुङ**

फाइनलमा पुग्नेमध्ये एउटा देशले जित्छ ।

**प्रोगेस श्रेष्ठ**

शंकै छैन, फ्रान्सले जित्छ ।

**सविन**

जुलुस निकालेर जितिने भए त नेपालले जित्थ्यो नि !

**फ्रेन्जी सम्बोधन**

इंग्ल्यान्डले ।

**मानिस के. भट्टराई**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. तपाईंको राशिफल कतिको मिल्छ ?

बेल्जियमले किनभने उसले राम्रो खेल प्रदर्शन गर्छ ।

**डल्ली कान्छी**

फ्रान्सको टिम राम्रो भएकाले उसैले जित्छ ।

**मनोज गुभाजु**

बेल्जियमले जित्छ, किनभने उसमा बेग छ ।

**बिजय लामा**

बेल्जियमबाहेक अरू अप्सन छैन ।

**राजु केसी**

फाइनल सकिएपछि भन्छु नि है ।

**सानु मस्की मगर**

बेल्जियम । किन भन्नै मिल्दैन । जित्न नसक्ने भए सेमिफाइनलसम्म पुग्थ्यो र ?

**अनिर्वचनीय आत्मा**

फ्रान्सले जित्छ । किनभने फ्रान्सका खेलाडीहरू सक्षम छन् । हाम्रो त शुभकामना पनि छ ।

**नन्द राई, दीपक थापा, झक्किन्द्र खतिवडा**

जसले बढी गोल हान्छ, उसैले जित्छ ।

**मीन राई**

क्रोएसियाले जित्छ ।

**प्रशान्त**

बेल्जियमले जित्छ ।

**भवानी न्यौपाने, सुनिल पोखरेल तथा देवी कार्की**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भट्ट



म २५ वर्षको भएँ । मेरो विवाह भएको छैन । मेरो समस्या मेरो लिंगका सम्बन्धमा छ । जन्म हुँदा मेरा दुईवटै अण्डकोष माथि थिए । म ८ वर्षको हुँदा मेरो लिंगको दुइटै अण्डाको अपरेसन गरेर तल राखियो । समय बित्दै गयो र मलाई लाग्यो कि अब बदलिएला । त्यतिबेला मलाई लाग्थ्यो, अपरेशनका कारणले यस्तो भएको होला । अहिले मेरो लिंग र अण्डकोष सामान्य अवस्थामा तीन-चार वर्षको बच्चाको जस्तो सानो छ । सामान्य हुँदा लिंग कतिसम्म सानो हुन्छ ? अहिले मेरो लिंग उत्तेजित हुँदा ३ दशमलव ५ इन्चको मात्र हुन्छ । मैले अहिलेसम्म यौनसम्पर्क गरेको छैन । मेरो लिंगको आकार किन यस्तो भएको होला र यसको कुनै उपचार छ कि ? मैले अहिलेसम्म कुनै चिकित्सकलाई देखाएको छैन, किनभने मलाई थाहा छैन कि कुन चिकित्सकलाई देखाउँदा सही हुन्छ ? मैले पछि यौनसम्पर्क गर्दा कुनै समस्या त आउँदैन ? के कारणले मेरो लिंग तथा अण्डकोष बढ्न नसकेको हो र अब मैले के गर्नुपर्छ ?

बी.

### अण्डकोष के हो ?

अण्डकोष (अण्डाशय) पुरुषमा भएको एउटा प्रमुख प्रजनन अंग हो । पुरुषमा बन्ने मानव प्रजननकोष जसलाई हामी शुक्रकीट भन्छौं त्यसको उत्पादन यही अंगमा हुन्छ । त्यसका साथै पुरुषत्व प्रदान गर्ने हार्मोन निकाल्ने अंग पनि यही नै हो । यो लिंगको फेदनेर झुन्डिएको छालाको पातलो थैली (अण्डकोष थैली) भित्र हुन्छ । मानिसमा यो दायाँ र बायाँतिर गरी दुईवटा हुन्छन् । अण्डकोषमा शुक्रकीट निरन्तर रूपमा उत्पादन हुन्छन् । सामान्य अवस्थामा पुरुषहरूमा किशोरावस्थामा एकपल्ट वीर्य बन्ने तथा शुक्रकीटको उत्पादन हुने प्रक्रिया सुरु भएपछि सामान्य अवस्थामा जीवन पर्यन्त निरन्तर रूपमा चलिरहन्छ, तर यहाँ बनेका शुक्रकीट परिपक्व भैसकेका हुँदैनन् । अण्डकोषसँगै रहेको अंग epididymis को यात्रा गर्ने क्रममा शुक्रकीटले परिपक्वता हासिल गर्छ, अर्थात् महिलाको डिम्बलाई निषेचित गर्न सक्ने तथा गति लिन सक्ने क्षमता हासिल गर्छ । चरमसुख प्राप्त हुने हाराहारीमा मूत्रद्वारबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ, जसलाई वीर्य भनिन्छ । यही वीर्यमै शुक्रकीट हुन्छन् ।

### उपचार

सामान्यतया शिशु जन्मदा उसको अण्डकोष पनि अण्डकोष थैलीमा आइपुगेको हुन्छ र नपुगेको भए केही समयमा आउँछ । केही व्यक्तिमा पछिसम्म पनि अण्डकोष थैलीमा झरेको हुँदैन, यसलाई undescended testicle भनिन्छ । कतिपयमा एउटा अण्डकोष मात्र नझरेको हुन्छ । केहीमा भने अण्डकोष झरेको भए पनि माथि जाँघ (तिघ्रा र पेट जोडिएको भाग) तिर जान्छ । यस्तो स्थितिलाई retractile



testicle भनिन्छ । अण्डकोष नझरेको स्थितिमा अण्डकोषको ट्युमर, अण्डकोष बेह्रिने अनि हर्निया हुने अनि प्रजनन क्षमतामा ह्रास आउने जस्ता समस्या सिर्जना हुने सम्भावना हुन्छ । तपाईंले बताउनु भएजस्तै उपचारका लागि आफ्नो स्थानमा नझरेका अण्डकोषका लागि orchioplexy भनिने शल्यक्रिया गरिन्छ । तपाईंले उक्त शल्यक्रिया गराइसक्नुभएको कुरा पनि उल्लेख गर्नुभएको छ । बाल्यकालमै यसको शल्यक्रिया गरेर अण्डकोष थैलीमा राख्न सकिएको स्थितिमा भने प्रजनन क्षमता कायम हुन्छ । शुक्रकीट उत्पादनका लागि हाम्रो शरीरको भन्दा केही कम तापक्रमको आवश्यकता पर्ने भएकाले शरीर वा जाँघमै भएको स्थितिमा अण्डकोषले शुक्रकीट उत्पादन गर्न सक्दैन । यो शल्यक्रिया गर्न जति ढिलो हुन्छ त्यति नै प्रजनन क्षमता कम हुँदै जान्छ । यो शल्यक्रिया विशेष गरी एक वर्षको उमेरभित्र गरिसक्नुपर्छ भनेर सिफारिस गरिएको छ । उमेर दुई वर्षको हुनु भन्दा पहिले गरिएको शल्यक्रियाको नतिजा राम्रो देखिएको छ । दुवै अण्डकोष नझरेको हकमा उपचारपछि ५० देखि ६५ प्रतिशत व्यक्तिमा प्रजनन क्षमता हुने देखिएको छ भने एकमात्र अण्डकोष नझरेको हकमा ८५ प्रतिशत प्रजनन क्षमता हुने देखिएको छ । अण्डकोषलाई तल झार्ने शल्यक्रियापछि एक-दुई हप्तामा घाउ निको भएको पक्का गर्न र तल अड्याइन राखेको टाँका हटाउन चिकित्सकलाई भेट्नुपर्ने हुन्छ । त्यसपछि यस्तै तीन महिनामा अण्डकोषको अवस्थिति तथा आकार परीक्षण गर्नुपर्छ । उक्त शल्यक्रियापछि अहिले २५ वर्षको हुँदासम्म पनि पक्कै चिकित्सकवाट नियमित परिक्षण गराउनुभयो नै होला, तर तपाईंले त्यसका बारेमा खासै जानकारी दिनुभएको छैन । विरलै भए पनि यस्तो शल्यक्रियाको जटिलता अण्डकोष सुक्नु हो, त्यसबाहेक फेरि पुरानै अवस्थितिमा फर्कने, संक्रमण एवं रक्तश्राव हुनेजस्ता जटिलता हुन सक्छन् । यी कुरा उल्लेख नगर्नु भएकाले यस्ता जटिलता भएनन् भनेर नै बुझेको छु ।

तपाईंले अण्डकोष तथा लिंग सानो भएको कुरा गर्नुभए पनि तपाईंमा सहायक यौन चिह्नहरू जस्तै कि दाह्री-जुँगा, चौडा छाती, स्वर धोद्रो हुने लक्षण के-कस्तो छ भन्ने कुरा लेख्नुभएको छैन । त्यसबाहेक तपाईंको यौनेच्छा कस्तो छ ? हस्तमैथुन वा यौन सम्पर्क गर्दा चरमसुख प्राप्ति अनि सामान्य रूपमा नै वीर्य स्खलन हुने गरेको छ कि छैन ? तपाईंको यौन विकास कसरी भैरहेको छ भन्ने संकेत यी कुराले पनि गर्छन् । केही अध्ययनले सामान्य अवस्थाको तुलनामा नझरेको अण्डकोष भएको स्थितिमा अण्डकोष तथा लिंगको आकार सानो भएको देखाएको छ । सामान्यतः अण्डकोषको तौल १० देखि १४ ग्राम तथा आयतन ४x३x२ दशमलव ५ सेन्टिमिटर हुन्छ । दक्षिण एसियालीहरूको लिंग औसत ४ इन्चको भएको मनिन्छ । यस अर्थमा तपाईंको लिंग साह्रै सानो होइन ।

### अब के गर्ने ?

केही ढिलै भए पनि तपाईंको सन्दर्भमा उपचारको प्रयास गरिएका छन् । अहिले तपाईंको यौनेच्छा तथा यौन सक्षमताका बारेमा त एक हदसम्म तपाईंलाई पनि जानकारी भएकै हुनुपर्छ । प्रजनन क्षमता के कस्तो छ भन्ने निर्क्योल गर्नु एउटा महत्वपूर्ण पक्ष हो । यसका लागि चिकित्सकीय परीक्षण आवश्यक हुन्छ । प्रजनन अंगमा अन्य केही समस्या छ कि भनेर हेर्नुपर्छ । यसको एउटा महत्वपूर्ण पक्ष वीर्य परीक्षण पनि हो । वीर्य परीक्षणमा तपाईंको शुक्रकीटको संख्या, गतिशीलता, स्वरूपजस्ता कुरा हेरिन्छ, जसले तपाईंमा प्रजनन क्षमता भए-नभएको देखाउँछ । परीक्षणका दौरान तपाईंले आफ्ना चासो खुलेर चिकित्सकलाई भन्न सक्नुपर्छ ।

> अण्डकोषलाई तल झार्ने शल्यक्रियापछि एक-दुई हप्तामा घाउ निको भएको पक्का गर्न र तल अड्याइन राखेको टाँका हटाउन चिकित्सकलाई भेट्नुपर्ने हुन्छ । त्यसपछि यस्तै तीन महिनामा अण्डकोषको अवस्थिति तथा आकार परीक्षण गर्नुपर्छ । उक्त शल्यक्रियापछि अहिले २५ वर्षको हुँदासम्म पनि पक्कै चिकित्सकवाट नियमित परिक्षण गराउनुभयो नै होला । विरलै भए पनि यस्तो शल्यक्रियाको जटिलता अण्डकोष सुक्नु हो ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## महिला स्वास्थ्य



म २२ वर्षीया गर्भवती हुँ । यो मेरो पहिलो गर्भ हो । मेरो गर्भ ५ महिनाको भयो । अहिले मलाई कब्जियतको समस्या छ । दुई-तीन दिनमा मात्र दिसा हुन्छ र दिसा साह्रै कडा छ । मैले कुनै औषधि खान मिल्दैन ?

सी.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

दुई-तीन दिनमा दिसा हुनु र दिसा कडा हुने समस्यालाई कब्जियत भनिन्छ । गर्भावस्थामा कब्जियत हुनु सामान्य हो । यस्तो अवस्थामा कब्जियत गराउने अनेकन् कारण छन् । नियमित रूपमा सागपात, ताजा फलफूल, तरकारी आदि सेवन नगर्नु तथा पानी कम मात्रामा पिउनु कब्जियतको प्रमुख कारण हो । यसबाहेक नियमित सेवन गर्नुपर्ने आइरनका साथै प्रोजेस्ट्रोन हार्मोनको उत्पादन बढ्दा पनि कब्जियतको समस्या सिर्जना हुन सक्छ । यो हार्मोनले आन्द्राको चालमा कमी ल्याएर कब्जियत गराउँछ । यो अवस्थामा भएको कब्जियतले चाँडै पाइल्सको समस्या थप्न सक्ने भएकाले सजग हुनुपर्छ । कब्जियतका लागि औषधी नै सेवन गर्नुपर्छ भन्ने छैन । नियमित रूपमा २० देखि ३५ ग्राम फाइबर युक्त खानेकुरा खानुपर्छ । सागपात, तरकारी, फलफूल, दाल, गहुँ आदिमा प्रशस्त मात्रामा फाइबर पाइन्छ । यस्ता खानेकुरासँगै प्रत्येक दिन कम्तीमा दुई लिटर पानी पिउनुपर्छ । नियमित व्यायामले आन्द्राको चाल (वोबेल मुभमेन्ट) लाई दुरुस्त राख्छ । त्यसैले गर्भावस्थामा मिल्ने वा गर्न सकिने व्यायाम गर्नु लाभदायक सावित हुन सक्छ । यस्तै शौचालय जानुभन्दा एक घण्टा अघि तातो पानी पिउनु पनि फाइदाजनक हुन सक्छ । कब्जियतका लागि औषधि खान नमिल्ने होइन, तर धेरै अवस्थामा औषधिको आवश्यकता नपर्न सक्छ ।




समय सन्दर्भ



अधिकारी रवीन्द्र

# विश्वकप संस्मरण

विश्वकप फुटबल-२०१८ को अन्त्यतिर आइपुग्ने क्रममा टिनएजको सुरुवाती क्षणहरू झलझल्ती सम्झना आँउछ जतिबेला विश्वकप फ्रान्समा भएको थियो र फ्रान्सले नै जितेको थियो । १९९८ साल थियो त्यो विश्वकप । किशोर अवस्थामा जस्तो केज सायद अरू बेला हुँदैन, कुनै खेल हेर्न छुट्दैनथ्यो । प्रायः सबै खेलाडीका नाम कन्ठस्थ थिए । डेभिड बेक्याम, रोनाल्डो, रिभाल्डो, रोबर्टो कार्लोस, जिनेदिन जिदान, गाब्रिएल बाटिस्टुटा त्यतिबेलाका चर्चित नाम थिए । सेमी फाइनल खेल ब्राजिल र नेदरल्यान्ड अनि फ्रान्स र क्रोएसियाबीच भएको थियो । गाउँ-गाउँसम्म विश्वकपको बेग्लै रौनक थियो । ठाउँ-ठाउँबाट फुटबलका बालटोलीहरू मैदानमा उत्रन्थे । फुटबल हेर्न टिभी हुनेहरूको घरमा मानिसहरूको लाभालस्कर नै हुन्थ्यो । प्रायः चार गाउँभरिमा एउटा घरमा टिभी हुन्थ्यो । रङ्गीन टिभी हेर्नुपरे त कलाँतीस्थित बासुको घर नै पुग्नुपर्थ्यो । फेरि त्यही घरमा भोटे कुकुर पनि पालेका थिए । वर्ल्ड कप लागेपछि अरू बेलाजस्तो मोजा, बिमिरा वा भोगटेको बलले साथीहरूलाई पुग्दैनथ्यो । रोइ-कराइ गरेर गाउँका ठूलाठालुसँग पैसो मागमुग पारी फुट्बल किनिथ्यो । ३८ केजी हुनुपर्ने उमेरमा म २८ केजीको थिएँ होला । हो, त्यही बेला कक्षा सातमा पढ्दा साउने झरीमा भुराहरूको गाउँव्यापी फुट्बल प्रतियोगिता हुने भयो । ४ नम्बर वडामा खेलाडी नपुग्ने, फुटबल भनेपछि हानिएर आएको बलले ठाउँ-कुठाउँमा लागेर 'स्पट डेथ' नै भइन्छ भन्ने लाग्थ्यो आफूलाई । म कुनै पनि हालतमा खेल्नेवाला थिइनँ, तर केटाहरू वरिपरि आइलाग्छन्, पाँच मिनेटजति मलाई ओलिभर कान, ओलोभर कान भनेर गफैगफमा मख्ख बनाउँछन् । हुन त उचाल्या कुकुरले कसरी मृग मार्थ्यो र ? यद्यपि म गोल किपर पदमा जान पाँच मिनेटमै तयार भैहाल्यें । केटाहरूले मेरो खासै भर त गर्दैनथे, त्यही भएर मेरा अगाडि दुई-दुई जना हाफ ब्याक तेर्स्याउँथे । बडा बडा लबटा भएका देख्दै ज्यान लेलान् जस्ता दुई हाफ ब्याकी भएपछि के चाहियो ? बल बिर्सेर नि मेरो पोस्टमा आउँदैनथ्यो । एक घन्टे खेलमा झन्डै ५८ मिनेट म र दर्शकमा केही फरक हुन्थ्यो । आँखा मात्र दुख्ने, हेर्दा हेर्दा पट्ट्यार लागेर । बाँकी दुई मिनेटचाहिँ दुई गोल खान छुट्याएको । हाफ ब्याकी बसेको केसे अन्टेटारको त्यो आलो चिप्लो माटोमा लडिगो, पारीको जीवनले छलाँउदै भकुन्डो पोस्ट नजिकै ल्याएको थियो । छेकेँ तर पहिल्यै पोस्टभित्र पो रहेछ । हातले समाउनुअघि गोल भैसकेको थियो अनि म के-को ओलिभर कान ? दुई-चार दिनमा सिरान घरदेखि पुछार घरसम्म हल्ला चलाएछन्- जीवनको फ्रिकिकमा लिखुरे बाहुन बल सहित् पोस्टभित्र छिरेछ, हन सद्दे त छ त्यो ? राम-राम दुब्लो भएपछि जस्तो हल्ला पनि पत्याउने रहेछन् गाउँलेले । त्यो अन्टेटारको कुरा त पुरापुर हल्लैमात्र थियो, तर पछि भञ्जिङमा भएको मिनी फुट्बलमा रत्नेको पेनाल्टीमा म डङ्रङ्गै भित्तातिर ढलेको चाहिँ पक्कै हो, तर त्यसमा पनि इम्ब्रोइडरी गरी भ्याए, 'बाहुन रत्नेको पेनाल्टीमा हुत्तिएर कान्लैमा टाँसियो रे ।' ए बाबा भन्नँ पनि कति सक्ने ? कान्लो तीन हात पर थियो, म कसरी कान्लाँमा टाँसिएँ ? यद्यपि कथित खाइलाग्दाहरूको अगाडि मेरो बोली बिक्दैनथ्यो, जिब्रो सद्दे भएर पनि मलाई लाटो बनाइदिन्थे । त्यसपछि मैले करिब-करिब फुटबल खेलबाट संन्यास लिएँ । नलिऊँ पनि कसरी ? बल जति पटक पोस्टमा चार्ज हुन्थ्यो त्यो किटानीका साथ गोलमा परिणत भएरै छाड्थ्यो । अझ आफू किपर भएका बेला त लाग्थ्यो, बाङगो सुट पनि बीच तिरबाट सोजिएर पोस्ट नै ताकेर आउँछ । सबका सब बनाना किकमा पारङ्गत जस्ता । भनिन्छ किपरहरू भनेका चुम्बक हुनुपर्छ, तिनीहरूलाई थाहै होला, चुम्बकले आकर्षण मात्र होइन विकर्षण पनि गर्छ । हो, म बल देखेपछि विकर्षित हुने खालको चुम्बक परेँ । साथीहरू पनि कमका थिएनन् । झरी बादल नभनी जुनसुकै बेला चिप्लो चौरमा दौडन उद्यत रहन्थे । सर्वाधिक गोल गरेर सुनौलो जुत्ता जितेका फ्रान्सेली फर्वार्ड डेभोर सुकरजस्तै बन्ने लालसामा धेरै पटक धेरैले हात खुट्टा मर्काएका थिए । वास्तवमै त्यो बेलाको जस्तो फुटबलको नशा कहिल्यै लागेन । जति-जति पटक विश्वकप दोहोरिएर आँउछ, त्यतिबेलाको सम्झना अझ ताजा भएर आँउछ ।

facebook.com/AdhiQarie/
ravinems@iom.edu.np

# हिलोमा फुटबल



खेतमा हलगोरु र असारे गीत गाउँने रोपारहरू छैनन् । आलिकान्ला मिलाउने बाउसे पनि छैनन् । हातमा कोदालोको सट्टा फुटबल छ । रोपाइँ जात्राका अवसरमा हिलोमा फुटबल खेल्नेहरू मात्र छन् । काठमाडौं पोष्टद्वारा गोदावरीमा आयोजित रोपाइँ जात्रामा असनकी इकिता डंगोल पहिलो पटक सहभागी भएकी थिइन् । हिलोमा फुटबल खेल्न डंगोललाई साथ दिइरहेकी थिइन् स्वयम्भूकी सञ्जु तिमिल्सेनाले । उनी पनि रोपाइँ जात्रामा पहिलो पटक सहभागी भएकी थिइन् । जात्रामा फुटबलसँगै एक अर्कालाई तान्ने, धकेल्ने, एक सय मिटर दौड तथा डोरी तानातान आदि खेल खेलिएको थियो । त्यहाँ सेल्फी तथा भिडियो खिच्नेहरू बढी देखिन्थे । कार्यक्रममा कर्मचारी, स्थानीय राजनीतिक दलका कार्यकर्ता तथा संघसंस्थाका प्रतिनिधिहरूसमेत हिलाम्मे भएका थिए । जात्राको अन्त्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

रोपाइँ जात्राका संयोजक अंकित जोशीले कृषि पेशालाई पर्यटनसँग जोड्न सकिन्छ भन्ने सन्देश दिन यो कार्यक्रम आयोजित गरिएको बताए । 'धार्मिक सांस्कृतिक परम्परा जोगिने गरी समाज समायनुकुल परिमार्जन हुँदै जानुपर्छ,' जोशीले भने ।

प्रशान्त माली

तस्बिर : कविन अधिकारी

# गोमाको उपलब्धि



मलेसियामा सम्पन्न मिसेज एसिया प्यासिफिक-२०१८ मा नेपालकी प्रतिनिधि गोमा अधिकारीले मिसेज सोसल मिडिया क्विनको उपाधि जितेकी छिन् । उक्त प्रतियोगितामा विश्वका विभिन्न देशबाट छनोट भएका विवाहित महिलाहरूले प्रतिस्पर्धा गरेका थिए । भानु नगरपालिका-१३ की स्थायी बासिन्दा अधिकारी नेपाली सेनामा १६ वर्ष काम गरेर अवकाश लिएकी महिला हुन् । केही महिनाअघि काठमाडौंमा सम्पन्न मिसेज हिमालयन नेपाल-२०१८ मा मुख्य उपाधि जित्दै अधिकारीले मलेसियामा नेपालको प्रतिनिधित्व गर्ने मौका पाएकी हुन् । विवाह पश्चात महिलाहरूको जीवन समाप्त हुँदैन, बरु नयाँ जीवनको थालनी हुन्छ, मिसेज एसिया प्यासिफिक प्रतियोगिताको परिचयात्मक चरणमा यही धारणा राखेकी अधिकारीले त्यस क्रममा भनेकी थिइन्- हरेक महिलालाई विवाहले पूर्ण आत्मविश्वासी, लगनशील तथा मेहनती बनाउँछ ।

# गर्मीका पहिरनहरूको प्रदर्शनी



दरबारमार्गस्थित शेर्पा मलमा सम्पन्न एउटा फेसन शोमा गर्मीका पहिरनहरू प्रदर्शन गरियो । डिएस समर फेसन शो-२०१८ शीर्षकको उक्त शो १० वटा सिक्वेन्समा विभाजित थियो । फेसन शोको पहिलो सिक्वेन्स स्ट्राइप्समा क्याजुअलदेखि फर्मलसम्मका स्ट्रिप्सहरू प्रदर्शन गरिए । बोल्ड शीर्षकको दोस्रो सिक्वेन्समा रातो, पहेंलो, हरियो तथा नीलो रंगका पहिरन प्रदर्शन भए । प्लस फ्लोरल्स शीर्षकको तेस्रो सिक्वेन्समा प्लस साइज फिगर भएका मानिसहरूले लगाउन मिल्ने पहिरन प्रस्तुत गरिए भने समर ब्लुज शीर्षकको चौथो सिक्वेन्समा हल्का नीलो रंगका पहिरन प्रदर्शन भए । डेनिम शीर्षकको पाँचौं सिक्वेन्समा इम्ब्रोइडरी रोम्पर, जम्पसूट, ज्याकेट, पाइन्ट आदि पहिरन प्रदर्शन गरियो । प्लस क्याजुअल स्मार्ट शीर्षकको छैटौं सिक्वेन्समा पनि प्लस साइजकै पहिरनहरू प्रदर्शन गरियो, जसमा पाइन्ट, टप्स, ब्लेजर, पेन्सिल स्कर्ट आदिले प्राथमिकता पाए । प्रिन्ट शीर्षकको सातौं सिक्वेन्समा विभिन्न आकर्षक डिजाइनमा प्रिन्ट गरिएका पहिरनहरू प्रदर्शन गरियो । त्यसपछि फ्लोरल्स, प्लस लङ ड्रेस तथा सेक्विनेड शीर्षकका सिक्वेन्सहरूमा पनि विभिन्न शैली, डिजाइन तथा स्टाइलका पहिरनहरू प्रदर्शन भए ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।